साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २४ ✪ २३ असार २०८३, मङ्गलबार ✪ 7 July 2026, Tuesday ✪ मूल्य रू. १०।-

# असार १९ को भ्रष्टाचारविरोधी आन्दोलन चालू राख्नु जरुरी

भक्तपुर। नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा २०२६ असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा किसानहरूबिच प्रशिक्षण कार्यक्रम असार १९ गते सम्पन्न भयो।

कार्यक्रममा पार्टी सचिव प्रेम सुवालले भन्नुभयो, "राजनीति देश र जनताको नि:स्वार्थ सेवाको लागि हो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले यही उद्देश्य पूरा गर्न राजनीति सुरु गर्नुभएको हो। हामी सबै कार्यकर्ताहरूमा यही भावना हुनु जरुरी छ।"

सरकारमा गएका दल र तिनका नेताहरूले सहिदको प्रतिमामा फूलको माला लगाएर कर्तव्य पूरा नहुने स्पष्ट पार्दै सचिव सुवालले प्रधानमन्त्री र मन्त्री बनेका तथा शासक दलका कार्यकर्ताहरू देश र जनताप्रति समर्पित भएर लाग्नु आवश्यक भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "आफ्ना पुर्ख्यौली जग्गा जमिन कानुनबमोजिम परिवारबिच भागबन्डा गर्नसमेत किन्नुजस्तै सरकारी दस्तुर तिर्नुपर्ने बन्दोबस्तले निम्न वर्गलाई थप पीडा दिएको छ।"

"सरकार परिवर्तन भएर पुग्दैन; भ्रष्टाचार रोकिनुपर्छ", सचिव सुवालले जोड दिनुभयो। उहाँले भन्नुभयो, "भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कारबाही हुनु आवश्यक छ।"

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले विगतको इतिहासबाट सिकेर नयाँ पुस्ता अघि बढ्नुपर्ने र गलत कामको विरोध गर्नु सचेत नागरिकको कर्तव्य भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "पार्टीका अग्रजहरूले देश र जनताको नि:स्वार्थपूर्वक सेवा गर्नुभएको थियो। गरिब जनताले दु:ख गरी सहकारीमा बचत गरेको रकम संस्थाका पदाधिकारीहरूले संस्थाको उद्देश्यविपरीत व्यक्तिगत स्वार्थमा लगानी गरेको, समयमा मल नल्याई जनतालाई धोखा दिएको र सहकारीको रकम भ्रष्टाचार गर्नेहरूलाई भक्तपुरका क्रान्तिकारी जनताले उल्टो टोपीका साथ नगर परिक्रमा गरी सजाय गरेको दिनलाई भ्रष्टाचारीविरोधी दिवसको रूपमा स्मरण गर्दै आएको हो। यसबारे नयाँ पुस्तालाई प्रशिक्षित गर्नु जरूरी छ।"

कानुन अध्ययन समाज नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष राजु कैतीको मोहियानी हक र जग्गा दर्ताबारे जानकारी दिनुभएको थियो।

आयोजक समितिका अध्यक्ष गङ्गाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा आर. प्रजापति, पूर्णगोपाल राजचललगायतले बोल्नुभएको थियो।

# समावेशी, समानतामूलक र मानवतामा आधारित समाज निर्माणमा नयाँ पुस्ताको भूमिका महत्त्वपूर्ण रहने




भक्तपुर। राष्ट्रिय परीक्षा बोर्डबाट २०८३ सालको वैशाख महिनामा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा ख्वप माध्यमिक विद्यालयबाट नियमित परीक्षार्थीका रूपमा सहभागी भएका विद्यार्थीहरूको बिदाइ तथा मार्गनिर्देशन कार्यक्रम असार १९ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले समाजमा जात, भाषा, धर्म वा अन्य कुनै आधारमा विभेद नगरी योग्यतालाई नै प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

उहाँले व्यक्तिको पहिचान जन्म वा जातले होइन, उसको योग्यता, क्षमता, इमानदारी र कर्मले निर्धारण गर्ने उल्लेख गर्दै विद्यार्थीहरू जहाँसुकै पुगे पनि आफ्नो ज्ञान, सीप र योग्यताका आधारमा सफल बन्नुपर्ने धारणा राख्नुभयो।

जात, भाषा र धर्मका नाममा हुने विभेदले विश्वका शक्तिशाली राष्ट्रहरूसमेत समस्यामा परेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले समावेशी, समानतामूलक र मानवतामा आधारित समाज निर्माणमा नयाँ पुस्ताको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो।

बिजुक्छेँले व्यक्तिगत स्वार्थ र तत्कालको फाइदाभन्दा माथि उठेर सबैलाई समान सम्मान गर्ने संस्कार विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै समाज र राष्ट्रको हितलाई केन्द्रमा राखेर अघि बढ्न विद्यार्थीलाई आग्रह गर्नुभयो।

उहाँले नयाँ पुस्ताप्रति विश्वास व्यक्त गर्दै अघिल्लो पुस्ताले गर्न नसकेका धेरै महत्त्वपूर्ण कामहरू अब नयाँ पुस्ताले पूरा गर्ने अपेक्षा रहेको बताउनुभयो।

उहाँले भक्तपुरलाई शिक्षा र ज्ञानको केन्द्रका रूपमा स्थापित गर्ने अभियानमा ख्वप कलेज तथा ख्वप शैक्षिक संस्थाहरूको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै भविष्यमा भक्तपुरलाई विश्वविद्यालयको सहरको रूपमा विकास गर्ने लक्ष्य प्राप्तिमा विद्यार्थीहरूको सक्रिय सहभागिता आवश्यक रहने धारणा व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालन समितिका अध्यक्ष सुनील प्रजापतिले ख्वप कलेजले भक्तपुरलाई उदाहरणीय नगर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो। उहाँले यो कार्यक्रम बिदाइ मात्र नभई स्वागतको कार्यक्रमसमेत भएको उल्लेख गर्दै विद्यार्थीका लागि उच्च शिक्षाको अवसर ख्वपमै उपलब्ध रहेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले विद्यार्थीलाई इन्टर्नसिपमार्फत दक्ष र सक्षम बनाउने कार्य कलेजले निरन्तर गर्दै आएको जानकारी दिँदै मेडिकल कलेज सञ्चालनका लागि प्रयास भइरहेको तर जग्गा अभावका कारण हालसम्म सम्भव हुन नसकेको बताउनुभयो।

उच्च शिक्षाका लागि ठुलो सङ्ख्यामा विद्यार्थी बिदेसिनु चिन्ताको विषय भएको उल्लेख गर्दै उहाँले निजी कलेजका आकर्षक विज्ञापनको पछि नलागी आफ्नो रुचि, क्षमता र गुणस्तरीय शिक्षालाई आधार बनाएर अध्ययन संस्थाको छनोट गर्न विद्यार्थीलाई आग्रह गर्नुभयो।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले प्लस-टुपछि विदेश अध्ययनका लागि जाने विद्यार्थीले पनि आफ्नो देशप्रति सेवा गर्ने भावना कायम राख्नुपर्नेमा जोड दिनुभयो।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वपमै आगामी उच्च शिक्षाका पर्याप्त अवसर रहेको उल्लेख गर्दै प्रतिस्पर्धी, सक्षम र अनुसन्धानमुखी विद्यार्थी उत्पादन गर्न कलेज प्रतिबद्ध रहेको बताउनुभयो।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप

बाँकी पृष्ठ १२ मा

# एसईई २०८२ का सर्वोत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान तथा 'सञ्चार माध्यममा भक्तपुर नपा'- भाग २ पुस्तक सार्वजनिक

भक्तपुर। भक्तपुर नगरपालिकाको आयोजनामा शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी तथा विद्यालयलाई सम्मान तथा 'सञ्चार माध्यममा भक्तपुर नपा' - भाग २ पुस्तक सार्वजनिक कार्यक्रम असार २० गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले एसईई २०८२ मा ४ जीपीए हासिल गर्न सफल सर्वोत्कृष्ट विद्यार्थीहरूलाई नगद पुरस्कारसहित प्रमाणपत्र तथा शतप्रतिशत उत्तीर्ण गराउन सफल विद्यालयलाई प्रमाणपत्र र मायाको चिनो प्रदान गरी सम्मान गर्नुका साथै भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'सञ्चार माध्यममा भक्तपुर नपा'- भाग २ पुस्तक सार्वजनिक गर्नुभयो।

कार्यक्रममा सचिव सुवालले कुनै पनि संस्थाको महत्त्वपूर्ण कामहरू अभिलेखीकरणको ऐतिहासिक महत्त्व रहने बताउनुभयो।

उहाँले आत्म प्रशंसाभन्दा रचनात्मक आलोचना भए सुधारको अवसर प्राप्त हुने उल्लेख गर्दै पुस्तकमा पत्रकारको दृष्टिकोणबाट भक्तपुरका विविध विषय समेटिनु भक्तपुरको लागि सकारात्मक पक्ष भएको बताउनुभयो।

भक्तपुरको ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदाको संरक्षण तथा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले युरोपको भेटिकन सिटीजस्तै भक्तपुरको संरक्षण जरुरी भएको उल्लेख गर्नुभयो।

विद्यार्थीलाई पाठ्यक्रममा मात्र सीमित नराखी देश-विदेशका सान्दर्भिक विषयबारे पनि अध्ययन गराउनुपर्ने, उमेर, जात वा भाषाभन्दा विषयवस्तुप्रतिको अनुभव र योग्यता महत्त्वपूर्ण हुने बताउनुभयो।

व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाज र देशको हितमा काम गर्न नयाँ पुस्तालाई उत्सहित गर्नुपर्ने बताउँदै उहाँले विद्यार्थीहरूमा ऐस-आरामको जीवनभन्दा परिश्रम गर्ने देशभक्त हुनुपर्नेमा जोड दिनुभयो।

नगरपालिकाले घोषणापत्रमा उल्लेख बाँकी प्रतिबद्धताहरू कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै सचिव सुवालले भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेलाई कारबाही हुनुपर्नेमा जोड दिनु भयो।

उहाँले देको-मिवा-इतापाके आवास योजना जनताको उपयुक्त गुनासो सम्बोधन गरी पूरा गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले यस वर्षको एसईई नतिजाले भक्तपुरको शैक्षिक गुणस्तरलाई थप पुष्टि गरेको बताउँदै यस वर्ष भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयबाट १३ जना विद्यार्थीले ४.० जीपीए प्राप्त गरेको र ७ वटा विद्यालयले शतप्रतिशत नतिजा हासिल गरेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र तथा 'एक घर, एक स्नातक' बनाउने अवधारणाले जनप्रतिनिधिहरूलाई काम गर्न थप उत्साहित बनाएको उल्लेख गर्नुभयो।

बाँकी पृष्ठ १२ मा

# वाग्मती प्रदेशसभामा विनियोजन विधेयकमाथि छलफल जारी




हेटौँडा। वाग्मती प्रदेशसभाको बैठक असार १९ गते पनि चालू रह्यो। आर्थिक मामिला मन्त्रीद्वारा प्रस्तुत विनियोजन विधेयकमाथि प्रदेश सांसदहरूले आ-आफ्नो धारणा राख्ने क्रम जारी रह्यो।

बैठकमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वाग्मती प्रदेश सरकारले आम्दानीको स्रोत बढाउने तथा उत्पादकत्व वृद्धिमा ध्यान पुऱ्याउनेतर्फ जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो।

सर्वसाधारण जनतामाथि करमाथि कर लाद्ने केन्द्र सरकारको नीति गलत भएको चर्चा गर्दै तीन प्रतिशत शिक्षा र स्वास्थ्य कर तथा पाँच प्रतिशत विद्युत् करका कारण जनता मारमा परेको हुनाले सो कर नीति फिर्ता लिनुपर्ने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "सर्वसाधारणलाई करको बोझ बोकाएर देशमा सुशासन सम्भव हुँदैन। प्रदेश सरकारले मितव्ययितालाई व्यवहारमा लागू गरेर सुशासनको प्रत्याभूति दिलाओस्।"

भदौमा गाडी, कार्यालय, फर्निचरलगायत सारा चिज खरानी बनाएर आज खरीद तथा पुन: निर्माणको शीर्षकमा ठुलो बजेट विनियोजन गरिएको चर्चा गर्दै उहाँले प्रदेशमा राजनीतिक संस्कार तथा अनुशासनसहित प्रस्तुत भइरहेको प्रस्ट पार्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा प्रदेश सांसद सृजना सैँजूले प्रदेशलाई हस्तान्तरण केन्द्रमा सीमित राख्नु दुर्भाग्यपूर्ण रहेको चर्चा गर्नुभयो। प्रदेश सरकारको प्राथमिकतामा शिक्षा, स्वास्थ्य, कृषि, संस्कृति हुनुपर्ने धारणा राख्दै उहाँले स-साना उद्योग एवम् घरेलु उद्योगको विकासमा ध्यान पुऱ्याउन ढिलो भइसकेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "रैथाने तथा स्थानीय उत्पादनको संरक्षण तथा प्रवर्द्धन आवश्यक छ। प्राकृतिक स्रोत-साधनको दोहन होइन सदुपयोग गर्न सके आर्थिक विकासमा टेवा पुग्नेछ।"

नेमकिपाका प्रदेश सभा सदस्य गीता काफ्लेले कृषि क्षेत्रमा न्यून लगानी वाग्मती प्रदेश सरकारको सबैभन्दा कमजोर पक्ष रहेको स्पष्ट पार्नुभयो। उहाँले स-साना किसानको हितमा योजना तथा कार्यक्रम आवश्यक भएको बताउँदै किसानका समस्या, रोग, प्रकोप आदिमा सरकारले आफ्नो कर्तव्य पूरा गर्न माग गर्नुभयो।

विनियोजन विधेयकमाथि असार १९ गते भएको छलफलमा विनियोजन विधेकमाथि उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीले जवाफ दिनुभयो। काङ्ग्रेस पार्टीभित्रको आन्तरिक कलह तथा मन्त्री हेरफेरको चर्चा चलेसँगै बजेट पारित प्रक्रिया प्रभावित भएको बताइन्छ।

बाँकी पृष्ठ १२ मा

गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

श्रमिक
२३ असार, २०८३ (7 July, 2026)





मेरो देउता भनेका जनताबाहेक अरू होइनन् । सचेत जनसमुदाय मात्र यस धर्तीमा सबैभन्दा सक्षम, सम्भावनायुक्त र शक्तिशाली हुने गर्छ ।

**किम इल सुङ**

## सम्पादकीय

# शासक दल, नेता र विश्व दक्षिणपन्थी शक्ति

हरेक भौतिक वस्तु वा प्राणीहरूको आ-आफ्नै कमजोरीहरू हुन्छन् र ती कमजोरीहरू कै कारण तुलनात्मक रूपले कमजोर वस्तु बिग्रने वा काम नलाग्ने हुन्छ भने प्राणीहरूमध्ये पनि ठुला ठुला प्राणीहरू पृथ्वीबाट लोप भए, अहिले भएका हात्ती, गैंडा, उँट, सिंह, जेब्रा वा अन्य प्राणी र उड्ने चराहरू पनि आफ्नै शारीरिक कमजोरीको कारण छिट्टै मर्दै छन् वा लोप हुँदै जानेछन् । विश्व वातावरणमा बढ्दै गएको तापमानले थप क्षति हुनेबारे संसारलाई खबरदारी वैज्ञानिकहरूले गरिरहेकै छन् । तर, संयुक्त राज्य अमेरिकाजस्तो सम्पन्न र शक्तिशाली राष्ट्रले पेरिस सम्झौताबाट हात झिकेर संयुक्त राष्ट्र सङ्घको निर्णयअनुसार दिनुपर्ने अर्बौं डलर नदिने घोषणा गरेर संसारलाई दुःखमाथि दुःख थप्ने काम गर्दै छ ।

तर हरेक समाज र राष्ट्रहरूका नेताहरूकै कमी-कमजोरीले गर्दा समाज र देशलाई क्षति हुने कामहरू भएका धेरै उदाहरणहरू सुन्ने र भन्ने गर्दै आएका छन् । आफ्नै देश नेपालकै कुरा गर्दा पनि सबैले अनुभव गरेकै हुन् - एकजना प्रधानमन्त्रीले आफ्नी छोरीलाई सांसद र मन्त्री बनाउँदा वर्षौंदेखिको राहदानी काण्डको कारण देशको इज्जतमा धब्बा लाग्यो भने आर्थिक रूपले देशले ठुलो क्षति भोग्यो । लाउडा काण्डदेखि अनेक काण्ड देशले भोग्यो ।

अहिले फेरि अर्को प्रधानमन्त्रीकी श्रीमतीको कारण देशले ठुलो क्षति भएको हल्ला व्यापक रूपले चल्दै छ ।

देशकै एक प्रधानमन्त्रीले अर्को देशका प्रधानमन्त्रीलाई आफ्नो पदको मर्यादा भुलेर 'काका' सम्बोधन गर्दा प्रधानमन्त्री पदबाटै राजीनामा दिन बाध्य भइन् ।

भारतमा इन्दिरा गान्धीले धेरै वर्ष शासन गरिन्, दुई छोरा राजिव गान्धी र सञ्जय गान्धी थिए तर छोरी थिएनन् । तर, मातृत्व र वात्सल्यता जोडिएकै विषय भयो - मानवीय भावनाअनुसार । एउटी पत्रकार छोरी प्रवेश गर्छिन् गान्धी परिवारमा ! 'आमा' शब्दले नै प्रभावित हुँदै इन्दिरा गान्धीले कान्छो छोरो ३३ वर्षका पाइलटलाई आँधीबेहरीकै सम्भावना हुँदा हुँदै दिल्ली आउन बाध्य पारिन् र हवाई दुर्घटनामा सञ्जय बिते । उनकी जहान मेनका गान्धी विपक्षको खेमामा पुगिन् ।

एक शिख नेता भिण्डरावालेले पन्जाबको स्वतन्त्रताको निम्ति पन्जाबको राजधानी अमृतसरको स्वर्ण मन्दिरलाई केन्द्र बनाएका थिए । भिण्डरावालेले सम्झौता गर्न अस्वीकार गरेको हुँदा 'अपरेसन ब्ल्युस्टार' को कारबाही गर्न प्रधानमन्त्री इन्दिरा गान्धीले आदेश दिइन् र भारतीय सेनाले ११ जून १९८४ मा भिण्डरावाले माथि गोलीको वर्षा गरी हत्या गर्यो ।

प्रधानमन्त्री इन्दिरा गान्धीको आवासमा शिख सेना नै सुरक्षामा थियो । जातीय भावना भड्केर सुरक्षा गार्डहरूले नै इन्दिरा गान्धीको हत्या गरे । त्यसबेला उनी ६६ वर्षकी मात्र थिइन् । त्यस घटनामा भारतका पन्जाबी जातिमाथि ठुलो विरोधी लहर फैलियो र धेरै शिखहरू मारिए ।

उनको ठाउँमा जेठो छोरा राजीव गान्धीलाई सन् १९८४ देखि १९८९ सम्म प्रधानमन्त्री बनाइए र २ डिसेम्बर १९८९ को दिन दक्षिण भारतमा उनी पनि एक षड्यन्त्रमूलक काण्डमा मारिए । उनी त्यसबेला ४६ वर्षका थिए । उनकी श्रीमती सोनिया एक इटालियाली छोरी हुन् ।

भारतको स्वतन्त्रता आन्दोलनको बेला शिखहरूको जनसङ्ख्या २ प्रतिशत थियो भने भगत सिंहजस्तै अन्य धेरै सहिदहरूले ज्यान सजाय, जन्मकैद र लामा लामा सजाय पाउनेको प्रतिशत १२ मानिन्थ्यो । लामो अवधिसम्म भारतमा भारतीय काङ्ग्रेसको सरकारलाई सायद संसारकै दक्षिणपन्थीहरू मन पराउँदैनथे । यसकारण, अनेक अनेक षड्यन्त्र गर्दै काङ्ग्रेस सरकार र त्यस राजनीतिक दललाई कमजोर बनाउँदै 'जनसङ्घ' बाट भाजपाको मोदी सरकारको प्रभाव दक्षिण एसियामा फैलाउन विश्व साम्राज्यवाद सक्रिय देखिन्छ भन्ने विश्लेषण गरिन्छ ।

यसकारण कुनै पनि देशका सरकारको नेतृत्व दिने परिवार र नेताहरूका छोराछोरीहरूको कमजोरीले संसारलाई नै नकारात्मक असर पार्ने सम्भावना छ । यसकारण केन्द्रमा होस् वा प्रदेशमा वा स्थानीय निकायका नेतृत्वदायी परिवारहरूले जात-भाषा, नाता-गोता, विवाह वा अन्य स-साना कमजोरीहरूबाट समेत नेपाली जनताले पनि दरबारदेखि गाउँ र सहरको राजनीतिमा प्रभाव पार्नेबारे गम्भीर हुनु आवश्यक छ ।

# भदौ २३ मा निहत्था जनताको हत्या र भदौ २४ मा देशभरि आगजनीबारे

✍ प्रज्ज्वल

'उकेरा' अनलाइनमा भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीबारे पत्रकार केपी ढुङ्गानाको एउटा आलेख प्रकाशित भयो । सो आलेखअनुसार भदौ २४ गते देशभरि आगजनीपछि राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानसेनापति अशोकराज सिग्देल, नेपाल प्रहरीका प्रमुख चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरी बल नेपालका प्रमुख राजु अर्याल नेपाली सेनाको महाराजगञ्जस्थित भैरवनाथ गणमा प्रदर्शनकारीको नाममा प्रहरी मारिएका, सरकारी कार्यालय लुटिएका खबर सुन्दै थिए । सरकारका मुख्य अङ्गहरूको यो एक ठाउँमा भेला नेपाली जनतालाई थाहा थिएन ।

त्यहाँ राष्ट्रपति पौडेलले भने- "अब उपाय के त ?" प्रधानसेनापति सिग्देलको जवाफ थियो- "राजनीतिक रूपमा यो समस्या समाधान सम्भव छ जस्तो लागेन ।"

राष्ट्रपति पौडेलले रिसाउँदै भने - "के भन्न खोज्नुभएको तपाईंले ?" यी वार्ताका विषय पनि नेपाली जनतालाई थाहा थिएन ।

भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न अन्तरिम सरकारले गठन गरेको गौरीबहादुर कार्की नेतृत्वको आयोगमा सेनापति सिग्देलले दिएको बयानमा 'राजनीतिक समाधानको लागि तत्कालीन प्रम ओलीले राजीनामा दिनुपर्ने' सुझाव दिएको उल्लेख छ । राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किशोर नेपालका अनुसार भदौ २४ गते देशभरि आगजनीपछि सेनाले राष्ट्रपति पौडेलसमेतलाई राजीनामा दिन दबाब दिएको थियो । यसकारण सेनाले राष्ट्रपतिसँग 'राजनीतिक रूपमा समाधान सम्भव छैन' भन्नु पनि शङ्कास्पद थियो ।

काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन साहले भदौ २४ गते आगजनीपछि अपराह्न सामाजिक सञ्जालमा 'सेना प्रमुखसँग वार्ता गर्नू, प्रतिनिधिसभा विघटन गराउनू' भनेका थिए । तर कार्की आयोगसँगको बयानमा बालेनले फरक बताए - "राष्ट्रपति र सेनापतिको आग्रहमा मेरो भूमिका आन्दोलन शान्त पार्ने रहेको थियो ।" आन्दोलन शान्त पार्न सडकमा ओर्लनु जरुरी थिएन ?

घाइते कृष्ण थापाले कार्की आयोगमा 'बालेन साहको आह्वानमा भदौ २३ गते बानेश्वर संसद् भवन अगाडि र भदौ २४ गते धोबीघाट र कालिमाटीतिर सहभागी भएको' बताएका थिए ।

यी विषय थाहा पाएका राष्ट्रपति पौडेलले उपाय खोज्दै गणमा भने, "बालेनलाई खोजौं, अनि छत खुला भएको गाडीमा राखेर सडकमा घुमाऔं ।" यसरी आगजनी रोक्ने अपेक्षा गरिएको थियो ।

त्यतिबेला सेना, प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग समेतले सामाजिक सञ्जाल फेसबुकमा सक्रिय बालेनलाई पत्ता लगाउन सकेनन् ।

गणमा राष्ट्रपति पौडेलबाट देशवासीको नाममा सम्बोधनको विषय पनि उठ्यो । त्यतिबेला रेकर्ड गर्न नेपाल टेलिभिजनको टिमलाई व्यारेकमा ल्याउँदा प्रदर्शनकारीहरू व्यारेकतिर आक्रमणमा आउन सक्ने भय देखाइयो ।

राष्ट्रपति पौडेलले जेनजीका प्रतिनिधिहरूसँग राजनीतिक छलफल गर्ने जिम्मेवारी प्रधानसेनापति सिग्देललाई दिए । राष्ट्रपति भैरवनाथ गणमा भूमिगत रहे । यो विषय पनि नेपाली जनतालाई थाहा थिएन । राजीनामा दिइसकेका तत्कालीन प्रधानमन्त्री केपी ओली कहाँ थिए ? यो प्रश्न पनि अनुत्तरित थियो ।

सेनाको मन्त्रालय जङ्गी अड्डा, राजनीतिक वार्ताको थलो बन्यो । यसबारे सुधन गुरुङले कार्की आयोगको बयानमा भने- "भदौ २४ गते साँझ प्रधानसेनापतिले बोलाएपछि जङ्गी अड्डा गएँ, भेटैं । त्यसपछि नेपाली सेनाका भोला थापासँग मोवाइल नम्बर आदानप्रदान गरी रातभरि सहकार्यमा खटैं ।" यसरी सुधनलाई जेनजीका अगुवा बनाउन सेनाकै प्रथम भूमिका रहेको खुल्दै छ ।

एक विश्लेषक मुमाराम खनालले हिमालयन टिभीमा भने- "भदौ २४ यता अन्तरिम सरकार बनाउन सेना माइकिङ गर्दै थियो । बालेनहरूलाई ल्याउन सेनाको भूमिका छ । यो सरकार बन्नुमा मुख्य कारण सेनाको छ । सेनाले अहिले छोडिदिएजस्तो देखिए पनि सेना कतै न कतै छ ।"

विश्लेषक खनालले अगाडि थपे, "राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गर्न नमानेको भए विघटन हुने थिएन ।" राष्ट्रपतिले राजनीतिक दलहरूसँग बैठक राख्नुपर्थ्यो र सेनाले साथ दिनु पर्थ्यो ।

भदौ २३ र २४ गतेको उपद्रवपछि राष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्षको राजनीतिक उपस्थिति र अस्तित्व नै देखिएन । भदौ २६ गते राष्ट्रपति पौडेल भैरवनाथ गणबाट आफ्नो सरकारी निवासमा फिर्ता भए । राष्ट्रपति पौडेल र सेनापति सिग्देल कुनै सैन्य व्यारेकमा बसी कामचलाउ प्रधानमन्त्री ओलीलाई भेट्न पुगे । ओलीले राष्ट्रपतिलाई नयाँ प्रधानमन्त्री चयन गर्न लिखित सहमति दिए । सोही सहमतिका आधारमा राष्ट्रपति पौडेलले संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाए र कार्की सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन गरी २०८२ फागुन २१ गतेको लागि निर्वाचन मिति निर्धारण गरे । फागुन २१ गतेको निर्वाचनबारे वरिष्ठ पत्रकार अनिल गिरीले माउन्टेन टिभीमा प्रश्न गरे, "एकलाख सेनामध्ये ८० हजार सेना परिचालन गरी बालेनलाई प्रधानमन्त्री बनाउने सेनापति भदौ २४ गते सिंहदरवार जलिरहँदा निभाउन किन गएनन् ?"

यतिखेर रास्वपा सरकारका प्रम बालेनले राष्ट्रपति पौडेललाई राजीनामा गर्न दबाब दिइरहेको पनि सार्वजनिक भयो । वास्तवमा राष्ट्रपति पौडेलको 'प्रतिष्ठा' गिरेको अवस्थामा रहेको नेपाली जनता अनुभव गर्दै छन् । राष्ट्रपति पौडेलले आफू निर्वाचित भएलगत्तै अघिल्लो राष्ट्रपति विद्या भण्डारीको नाममुनि आफ्नो नाम लेखेर देशघाती नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए । यसको लागि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले राष्ट्रपतिलाई सिफारिस गरेका थिए ।

रास्वपाको झन्डै दुईतिहाइ पुगेको प्रतिनिधिसभामा पूर्वप्रधानमन्त्रीको हैसियतमा दाहाल अहिले एक्लै बबुरो र अप्ठेरो अवस्थाका सांसद छन् । दाहालले रास्वपा सरकारको एकसय दिनको कार्यकालपछि यो सरकार सुशासन र विकासको निम्ति नभएको, संविधान मास्नतिर लागेको बताए । नेका र एमालेसँग सम्झौता गरी तीन तीन पटक सरकारको नेतृत्वमा पुगेका दाहाल रास्वपा विभाजित भए पुनः प्रधानमन्त्री छोड्ने छैनन् । किनभने दाहालले ओली, माधव, झलनाथलेजस्तै वर्गसङ्घर्ष त्यागेर कम्युनिस्ट आवरणमा बसेका हुन् । नेका, एमाले, माओवादीको ३५ वर्ष लामो पालैपालो सरकार 'बेवकुफ सरकार' भएको हुँदा निर्दलीयउन्मुख रास्वपाको दक्षिणपन्थी सरकार गठन हुन पुगेको हो । ३५ वर्षयता प्रधानमन्त्री भएकाहरू शहीद गेट पुगेर शहीदको प्रतिमामा माल्र्यापण गरेको झुटा सावित भयो । शासक दलहरूका नेता, प्रम, मन्त्री र तिनका कार्यकर्ताहरूमा राजनीतिक समर्पण नदेखिएको पुष्टि हुँदै छ ।

भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कार बाही नभएसम्म शान्तिको अपेक्षा गर्न सकिँदैन ।

# नेपाल आयल निगमका कर्मचारीका अनेक सुविधा किन आर्थिक अनियमितता होइन ?




शुक्र

जुनसुकै दलको सरकार होस् नेपाल आयल निगम घाटा भए पनि त्यहाँका कर्मचारीलाई नाफा नै हुन्छ । निगमको २०६३ सालको कर्मचारी प्रशासन विनियमावली अनुसार चालु आवमा पनि विभिन्न १४ शीर्षकमा ४० करोड ७२ लाख ८७ हजार पाँच सय रुपियाँ थप भत्ता लेखिएको सार्वजनिक भयो ।

ओभरटाइम भत्ताबापत विनियोजन भएको १३ करोड रुपैयाँ सबै खर्च लेखियो । कार्यालय समयभन्दा साढे चार घण्टा बढी काम गरे आधा दिनको तलब र ६ घण्टा बढी काम गरेमा एक दिनको तलब बराबर ओभरटाइम भत्ता पाउने व्यवस्थाअनुसार हाजिर जनाएर कर्मचारीहरूले ओभरटाइम भत्ता लिने गरेको सार्वजनिक भयो । यसरी नै गत वर्ष पनि १३ करोड रुपैयाँ खर्च गरिएको थियो । कर्मचारीले कार्य प्रोत्साहन भत्तासमेत मासिक चार हजार पाँच सय रुपैयाँका दरले चालू आवमा तीन करोड पाँच लाख खर्च लेखिएको सार्वजनिक भयो । दैनिक भ्रमण खर्चबापत चार करोड ५७ लाख ८७ हजार पाँच सय रुपैयाँ पनि खर्च लेखिएको छ ।

बिरामी भएमात्र पाउनुपर्ने औषधि-उपचार खर्च अधिकृतस्तरका कर्मचारीलाई एक महिनाको तलब, सहायकस्तरका कर्मचारीलाई डेढ महिनाको तलब र तहविहीन कर्मचारीलाई दुई महिनाको तलब बराबर नगद दिने गरिएको छ । चालू आवमा सो शीर्षकमा चार करोड ८० लाख रुपैयाँ खर्च लेखिएको छ । गत वर्ष तीन करोड ५२ लाख ६३ हजार रुपैयाँ वितरण गरिएको थियो ।

निगमका कर्मचारीले मासिक पाँच हजार रुपैयाँका दरले महँगी भत्ता बुझ्ने गरेका छन् । चालू आवमा सो शीर्षकमा तीन करोड ८७ लाख खर्च गरिएको छ । गत वर्ष एक करोड ३१ लाख ९२ हजार रुपैयाँ वितरण गरिएको थियो ।

कर्मचारीले दैनिक एक सय ७५ रुपैयाँका दरले यातायात खर्च बुझेका छन् । चालू आवमा सो शीर्षकमा तीन करोड ३६ लाख रुपैयाँ खर्च लेखिएको छ । हवाई इन्धन डिपोमा कार्यरत कर्मचारी २४ सै घण्टा काम गरेबापत तलब, ओभरटाइमका अलावा तीन करोड रुपैयाँ थप भत्तावापत खर्च लेखिएको छ । असोज र चैतमा गरी वर्षमा दुईपटक प्रतिकर्मचारी २५ हजार रुपैयाँका दरले पोसाक भत्तावापत चालू आवमा दुई करोड १४ लाख ५० हजार रुपैयाँ खर्च लेखिएको छ ।

कर्मचारीले उपसमितिको बैठक एकपटकमा एक हजार पाँच सय रुपैयाँदेखि चार हजार पाँच सय रुपैयाँसम्म भत्ता बुझेका छन् । चालू आवमा सो शिर्षकमाएक करोड २५ लाख रुपैयाँ खर्च लेखिएको छ । गत वर्ष ८२ लाख ९९ हजार रुपियाँ वितरण गरिएको थियो । सञ्चालक समितिको बैठक भत्तावापत ५२ लाख रुपैयाँ, अनुगमन भत्ताबापत ३८ लाख ४० हजार रुपैयाँ, फिल्ड भत्ताबापत ६ लाख ६० हजार रुपैयाँ र दुर्गम भत्ताबापत ५५ हजार रुपैयाँ विनियोजन गरेर सबै रकम खर्च लेखिएको छ ।

घर हुने वा भाडामा बस्ने कर्मचारीले वार्षिक चार हजार दुई सय रुपैयाँदेखि ६ हजार रुपैयाँका दरले घर रङ्गरोगन खर्च बुझेका छन् । चालू आवमा सो शीर्षकमा ६९ लाख ९५ हजार रुपैयाँ खर्च लेखिएको छ । गत वर्ष ५९ लाख ३६ हजार ४३६ रुपैयाँ वितरण गरिएको थियो ।

निगममा कार्यरत सात सय ८८ कर्मचारीले विनियमावलीअनुसार दैनिक भ्रमण भत्ता, औषधि-उपचार खर्च, महँगी भत्ता, यातायात खर्च, कार्य प्रोत्साहन, पोसाक सुविधा, उपसमिति बैठक भत्ता, घर रङ्गरोगन खर्च, ओभरटाइम, हवाई डिपोमा कार्यरतलगायत शीर्षकमा सुविधा लिनु आर्थिक अनियमितता किन होइन ? यी विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई थाहा छैन र ?

# 'कम्युनिस्ट' एकता किन र केका लागि ?

✍ विवेक

नेपालको राजनीतिमा फेरि एकपटक 'कम्युनिस्ट पार्टीहरूबिचको एकताको विषयले चर्चा पाएको छ । विशेषगरी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा एमाले र नेकपाका उम्मेदवारहरू नराम्ररी पराजित भएपछि राजनीतिक वृत्तमा कम्युनिस्ट एकताको प्रसङ्ग उठेको हो । नेताहरू सत्ता र शक्तिमा हुँदा एकले अर्कोलाई होच्याउने, घृणा गर्ने र सके अर्कोको अस्तित्व नै समाप्त पार्ने सोचले काम गर्थे । पार्टीको विचार र सिद्धान्तबारे एक शब्द बोल्दैनन् । घमण्ड र अहङ्कारले बेलुनझैँ फुलेका हुन्थे । एक पटक होइन नेपाली जनताले एमाले, माओवादी र एकीकृत समाजवादी पार्टीका नेताहरूमा यस्ता दृश्यहरू पटक पटकदेखि सकेका छन् ।

असार १४ गते काठमाडौँमा भएको एउटा कार्यक्रममा एमालेका अध्यक्ष केपी ओली, नेकपाका अध्यक्ष प्रचण्ड नेताहरू माधव नेपाल र झलनाथ खनाल एउटै मञ्चमा देखिएपछि कम्युनिस्ट एकताको कुरा पुन: चर्चा भएको हो । प्रचण्डले एमालेसँग कार्यगत एकतामात्र होइन, पार्टी एकतासम्मको लागि अगाडि बढेको बताए भने केपी ओलीले पार्टी एकता सम्भव नभएको जवाफ फर्काएका थिए ।

राजनीतिमा विचार मिलेकाहरूबिच पार्टी एकता र विचार नमिलेपछि फुट हुनुलाई स्वाभाविक रूपमा लिइन्छ । तर, नेपालको राजनीतिमा विचार र सिद्धान्तले कहिल्यै प्राथमिकता पाएनन् । हरेक पटकको पार्टी एकता र विभाजन विचार र सिद्धान्तको आधारमा नभई पद, पैसा र मन्त्री र प्रधानमन्त्री बन्ने विषयमा हुने गरेको पाइन्छ । पुँजीवादी पार्टीहरूमा पद र पैसाको आधारमा एकता र विभाजन भइरहने प्रक्रिया भए पनि आफूलाई कम्युनिस्ट पार्टी दाबी गर्ने एमाले र माओवादी पार्टीहरूमा पनि त्यस्तो अवस्था देखिनुमा भने आश्चर्यको विषय बनेको छ । पार्टी एकताको नाउँमा पद हसुर्न पाएसम्म चुप लाग्ने पार्टी विभाजनपछि एकले अर्काको निम्न स्तरमा गाली गलौज गर्न पछि नपर्ने कम्युनिस्ट नाउँधारी एमाले र माओवादीहरू चरित्र हो । एक पटक केपी ओलीले मञ्चमा बोल्दै माधव नेपालको नाउँ के लिएका थिए उनले 'अब मुख कुल्ला गर्नुपर्ने भयो ।' भनेका थिए ।

**पार्टीहरूबिच एकता किन र केका लागि ?**

कम्युनिस्ट एकताको हुनका लागि कम्युनिस्ट पार्टीहरूबिचको एकता हुनुपर्छ । के एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कम्युनिस्ट पार्टीहरू हुन् ? यसबारे नेपालका पत्रकार, लेखकहरू प्रस्ट हुनैपर्छ । कम्युनिस्ट पार्टीको मुख्य उद्देश्य वैज्ञानिक समाजवाद स्थापना गर्ने हो । समाजवादको अर्थ कामदारवर्गको नेतृत्वमा सरकार गठन, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरूको राष्ट्रियकरण वा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार जस्ता जनताका आधारभूत आवश्यकताहरू नि:शुल्क, रोजगारीको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर, आर्थिक समानता हुने समाज निर्माण गर्नु हो । के एमाले र नेकपाको उद्देश्य समाजवादी व्यवस्था स्थापना गर्ने रहेको छ ? पार्टी दस्तावेजहरूमा भए पनि ती पार्टीका नेता कार्यकर्ताहरूले समेत विश्वास गर्दैनन् । जब नेता र कार्यकर्ताहरूको पार्टीप्रति विश्वास घट्छ तब पार्टी कमजोर हुन्छ । नेताहरूको स्वार्थ प्ररित कामले ती पार्टी नेता र कार्यकताहरू असन्तुष्ट छन् । उनीहरू विचार र सिद्धान्त रक्षाका लागि होइन पार्टीबाट केही फाइदा लिनका लागि झण्डा गरिरहेका छन् ।

अबको दिनमा एमाले र नेकपा नेतृत्वबाट समाजवादी आन्दोलन अगाडि बढ्छ भनेर सोच्नु आकासको फलझैँ असम्भव छ । ती पार्टीहरूले कम्युनिस्ट सिद्धान्त र विचारलाई त्यागेर पुँजीवादी बाटोमा हिँडेको दशकौँ भइसकेको छ । अहिले पनि ती पार्टीहरूलाई कम्युनिस्ट पार्टी भनेर प्रचार प्रसार गर्नु जनताबिच भ्रम फैलाउनुहो । नेपाली पत्रकार र लेखकहरू अझै त्यस भ्रमबाट मुक्त भइसकेका छैनन् ।

कम्युनिस्ट पार्टी भनेको कामदारवर्गको पार्टी हो । उनीहरू सरकारमा पुगेपछि कामदारवर्गका हितमा कामहरू गर्छन् । नेपालमा एमाले र माओवादी नेतृत्वमा धेरै पटक सरकारहरू गठन भए तर जनताले आफ्नो सरकारको अनुभूति गर्न पाएनन् । जब सरकारको नेतृत्वमा पुग्छन् तब उनीहरूको घमण्ड र अहङ्कारले खुट्टाले भुइँ छुँदैनन् । त्यति मात्र होइन, अन्य सच्चा कम्युनिस्ट पार्टीहरूको अस्तित्व स्वीकार्न पनि तयार हुँदैनन् । एक पटक निर्वाचन जित्नु नै सबठोक होइन भने बिर्सन्छन् र कामदारवर्गलाई नै हेलाहोचो र घृणा गर्ने गर्छन् । वर्ग दुश्मनसित मिलेरै भए पनि सरकारमा टिकिरहने दुस्प्रयास गर्छन् । एमाले र माओवादीले अहिलेसम्म देखाउँदै आएको व्यवहार यही हो । मान्छेलाई उसको बोलीले होइन, व्यवहारले चिन्नुपर्छ भनेझैँ एमाले र नेकपा सैद्धान्तिक रूपमा मात्र होइन, व्यावहारिक रूपमा पनि कम्युनिस्ट भन्न लायक पार्टीहरू होइनन् ।

माओवादीहरू चलाएको १० वर्षे सशस्त्र सङ्घर्षको दौरानमा १७ हजारको ज्यान गएको, हजारौँ अपाङ्ग भएको र सयौँ बेपत्ता भएको तथा खरबौँको भौतिक सम्पत्ति क्षति भएको विवरण सार्वजनिक भएको थियो । माओवादी शान्ति प्रक्रियामा आएपछि २०६४ सालमा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ १२० र समानुपातिकतर्फ १०० सिटभन्दा बढी जितेर देशकै ठुलो पार्टी बन्न सफल भयो । जनताले माओवादीलाई परिवर्तनको आशामा भोट दिएका थिए । उनीहरू सरकारमा गएर आफ्नो सिद्धान्तअनुसार काम गरेनन् । मित्रपार्टीहरूलाई चिन्न सकेनन्, आलोचनालाई विरोध सम्झे र पुजीवादको अबिरल यात्रामा लगामविनाको घोडाझैँ अगाडि बढे । आजको अवस्था त्यसैको परिणाम हो ।

२०७४ को निर्वाचनमा एमाले र माओवादीबिच कार्यगत एकता गरेर चुनाव लडेको कारण झण्डै दुईतिहाइ १७४ सिट जिते । पार्टी एकताले जनताको विश्वास जितेर शक्तिशाली सरकार बन्यो । त्यसबिच गुटगत राजनीति मौलाउन थाल्यो । त्यही बेला सर्वोच्च अदालतले एकता हुन नसक्ने फैसला गरेपछि फेरि ती पार्टीहरू पुरानै अस्तित्वमा फर्के । एमालेबाट माधव नेपालको नेतृत्वमा एकीकृत समाजवादीको जन्म भयो र पछि माओवादीसँग एकता गरेर नेकपा बन्यो ।

२०७४ सालमा एमाले माओवादी एक हुँदा खसेको सदर मतमा ४७ प्रतिशत मतसहित १७४ सिटसहित नेकपा ठुलो दलको रूपमा स्थापित भयो । २०८१ सालसम्म आइपुग्दा एमाले २५ र नेकपा १७ गरी ४३ सिट र मत २१ प्रतिशत मात्रै देखिन्छ भने २०७९ सालमा ४२ प्रतिशत मत ती पार्टीहरूमा परेको देखिन्छ । चुनाव आउँछ जान्छ तर पार्टीहरूले आफ्नो सैद्धान्तिक अडान छोड्नु हुन्न । पटक पटकको निर्वाचनले जनता कसैका पनि होइनन् । उनीहरूलाई चित्त बुझेन भने जस्तोसुकै मै हुँ भने पार्टीलाई पनि धुलो चटाउन सक्छन् भने साबित गरी दिएका छन् । प्रजातन्त्रको एउटा राम्रो पक्ष यही हो ।

पार्टी भनेको विचार र सिद्धान्तको आधारमा सङ्गठित मानिसहरूको जमात हुने गर्छ । जब विचार र सिद्धान्त त्याग्छ, तब त्यो मानिसका भिडमा सीमित हुनपुग्छ । अहिले एमाले र नेकपा विचारविनाको लासहरूको पार्टीमा परिणत भएको छ । त्यो चुनावको हार जितले मूल्याङ्कन होइन, उनीहरूको व्यवहारको मूल्याङ्कनको आधारमा भन्न सकिन्छ ।

कम्युनिस्टहरूको उद्देश्य चुनावमा जित्नमात्र होइन, चुनावलाई उपयोग गर्ने हो । पुँजीवादी विकृतिहरूबारे जनतालाई सचेत र सङ्गठित पार्ने, शत्रुलाई सजिलै जित्न नदिने, समाजवाद र पुँजीवादको भिन्नताबारे जनतालाई बुझाउने काम कम्युनिस्टहरूले चुनावको बेला गर्छन् । एमाले र नेकपा नेतृत्वले चुनावलाई नै अन्तिम गन्तव्य मानेर काम गर्दै छन् । चुनाव जित्नका लागि उनीहरू जे गर्न पनि तयार हुने गरेका छन् । २०७९ सालको संसदीय निर्वाचनमा माओवादी र नेका मिलेर चुनाव लड्यो । पछि सरकारको नेतृत्वबारे नमिलेपछि एमालेसँग मिलेर सरकार गठन गर्यो । सभामुखबारे मतभेदपछि माओवादी फेरि नेकासँगै मिलेर सरकारको पुनर्गठन गर्यो । जनताले दिएको मतको कदर भएन । यसले जनतामा शासक दलहरूप्रति घृणा उत्पन्न गरायो ।

जनताले नयाँ सरकारबाट नयाँ नयाँ आशा गरेका हुन्थे । महँगी नियन्त्रण, शिक्षा र स्वास्थ्य उपचारमा सहज बन्दोबस्त, भ्रष्टाचार नियन्त्रण, रोजगारीको बन्दोबस्त अपेक्षा गरेका हुन्छन् । तर ती काम सरकारमा जाने ठुला दलहरूबाट कहिल्यै केही भएन । हरेक समय सरकारमा जानकै लागि कुकुर झगडा गरिरहने, मन्त्रीको लागि पार्टी त्याग्ने, पार्टी फुट्ने र जुट्ने जस्ता अराजक गतिविधिहरू भइरहे । जनता विकल्पको खोजीमा थिए । दलहरू सिद्धान्त र विचारले पुरै खोक्रो भइसकेका थिए । तर जस्तोसुकै खोक्रो रुख पनि हावा हुरी नआई ढल्दैन भनेझैँ ढल्न सकेका थिएनन् । भदौ २३ र २४ गतेको ती दुई दिनको अराजक गतिविधिसँगै मै हुँ भन्ने प्रधानमन्त्री, नेताहरू, मन्त्रीहरू हेलिकप्टरमा भाग्नुपर्यो, घरैमा कुटिए, घरहरू जलाइए । आश्चर्यको कुरा के हो भने लाखौँ कार्यकर्ता भएको दाबी गर्ने ती पार्टीका नेता कार्यकर्ताहरू आफ्ना नेताहरूको घर जलाइँदा नेताहरू घरमै कुटिँदा बचाउन सम्म पुगेनन् ।

त्यो घटना अमेरिकी पैसाबाट सञ्चालित अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेशन, समता फाउन्डेशन, हामी नेपालजस्ता गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूले विदेशीको स्वार्थपूर्ति गर्नका लागि गरेका हुन् । यसर्थ भदौ २३ र २४ गतेको परिस्थिति निर्माण हुनुमा दलगत स्वार्थ, भ्रष्टाचारमा लिप्त राजनीतिक नेता कार्यकर्ताहरू, सिद्धान्त बेचेर व्यक्तिगत स्वार्थपूर्ति गर्ने नेका, एमाले, माओवादीलगायतका शासक दलहरू मुख्य रूपमा जिम्मेवार छन् । पार्टी नराम्ररी चुनावमा पराजित भएपछि अहिले कम्युनिस्ट एकताको नाउँमा फेरि जनतालाई धोका दिने प्रयास मात्रै त होइन ? सच्चा कम्युनिस्टहरू विचार र सिद्धान्तको आधारमा देशमा समाजवादी क्रान्तिको बाटोमा अघि बढ्नु आजको आवश्यकता हो ।

## सन्दर्भ : युगोस्लाभिया स्थापना र विभाजन

# साम्राज्यवादीहरूको 'छद्‌म युद्ध' अध्ययन – ३०

✍ रामरतन चौधरी

**युगोस्लाभियाको स्थापना**

एड्रियाटिक सागर (Adriatic Sea) को किनारमा अवस्थित बाल्कन प्रायद्वीपको पश्चिम तथा मध्ययुरोपका युगोस्लाभिया, स्लोभेनिया, क्रोयसिया, बोस्निया, मोन्टेनिग्रो, मेसेडोनिया र सर्विया मिलेर सन् १९१७ मा एउटा सङ्घ बनेको थियो । सुरुमा यसलाई 'भर्साइल राज्य' (Versailles State) भनिन्थ्यो । यो राज्यले सन् १९२२ जुलाई १३ मा पेरिसमा भएको राजदूतहरूको सम्मेलनबाट अन्तर्राष्ट्रिय मान्यता पाएको थियो । यो क्षेत्रका राज्यहरू पहिले अटोमन साम्राज्य (Ottoman Empire) अन्तर्गत रहेका थिए । सन् १९२९ अक्टोबर ३ मा राजा अलेक्जेन्डरले यो देशलाई 'युगोस्लाभिया' नामकरण गरे । युगोस्लाभिया Yog र Slavia शब्द मिलेर बनेको हो । जसको अर्थ हुन्छ 'स्लाभहरूको भूमि' (Land of Slavs) । यो देश भाषाको आधारमा एक हुन पुगेको थियो ।

दोस्रो विश्व युद्धपछि सन् १९४१ मा जर्मन, इटली र हङ्गेरी मिलेर पुरै युगोस्लाभिया कब्जा गरेका थिए । तर, कम्युनिस्ट पार्टीको नेतृत्वमा युगोस्लाभियाका विभिन्न क्षेत्रमा प्रतिरोध समूहहरू गठन भए । सोभियत रुसको सहयोग र युगोस्लाभियाली कम्युनिस्ट पार्टीको अगुवाइमा यो देश स्वतन्त्र भयो । तत्पश्चात् सन् १९४३ को अन्त्यतिर तेहरान सम्मेलनमा 'लोकतान्त्रिक सङ्घीय युगोस्लाभिया' घोषणा भयो ।

सन् १९४५ नोभेम्बर ११ मा युगोस्लाभियामा संसदीय चुनाव भयो । उक्त चुनावमा कम्युनिस्ट पार्टीले ३५४ सिट जित्यो भने जोसिप ब्रोज टिटो (Josip Broz Tito) युगोस्लाभियाका प्रधानमन्त्री बने । सन् १९४५ मा जर्मनीको हारपछि युगोस्लाभियामा संविधानसभा स्थापना भयो । उक्त संविधानसभाले सन् १९४५ नोभेम्बर २९ मा युगोस्लाभियालाई विधिवत् सङ्घीय गणतन्त्र घोषणा गर्‍यो भने राजतन्त्र समाप्त भएर 'समाजवादी सङ्घीय गणतन्त्र युगोस्लाभिया' बन्न पुगेको थियो । त्यसपछि युगोस्लाभियामा सन् १९९२ सम्म कम्युनिस्ट शासन रह्यो ।

**युगोस्लाभियाको विभाजन**

युगोस्लाभियाका ६ वटा राज्य स्लोभेनिया, क्रोयसिया, बोस्निया, मोन्टेनिग्रो, मेसेडोनिया र सर्वियालाई आत्मनिर्णयको अधिकारसमेत दिइएको थियो । उनीहरूले प्रत्येक राज्यमा छुट्टै सेनासमेत बनाउन पाउँथे । तर, सोभियत रुसमा कम्युनिस्ट पार्टीको सरकार विघटनपछि त्यसको प्रभाव युगोस्लाभियामा पनि पर्‍यो । सोभियत रुस १५ टुक्रामा विभाजित भएजस्तै युगोस्लाभिया पनि टुक्रा टुक्रा भयो । संरा अमेरिकाले युगोस्लाभियालाई पनि टुक्रा पार्न 'छद्‌म युद्ध' सञ्चालन गर्‍यो । युगोस्लाभियामा भाषा एउटै भए पनि अलग अलग जाति र धर्मका मान्छे बसोबास गर्थे । अमेरिकाले यसैलाई उक्साएर युगोस्लाभियामा साम्प्रदायिक द्वन्द्व भड्‌काउने गतिविधि गर्न थाल्यो । अमेरिकाको १८ वटा गुप्तचर एजेन्सीहरूको समूह राष्ट्रिय गुप्तचर निर्देशक (DNI) को National Intelligence Estimate ले सन् १९९० अक्टोबर १८ मा जारी गरेको एउटा प्रतिवेदनमा 'एक वर्षभित्र साम्प्रदायिक द्वन्द्वसँगै युगोस्लाभियामा सङ्घीय राज्यको स्वरूप समाप्त हुने र दुई वर्षभित्र विघटन हुने' उल्लेख गरेको थियो ।

सन् १९९० को दशकमा जातीय सङ्घर्षको कारण युगोस्लाभियामा राजनीतिक अस्थिरता सुरु भयो । सन् १९९१ मा १० दिनको युद्धपछि स्लोभेनियाले स्वतन्त्रताको घोषणा गर्‍यो । सन् १९९१ मा क्रोयसिया अलग भयो । सन् १९९२ मा बोस्निया र हर्जगोभिनाले जनमत सङ्ग्रहमार्फत स्वतन्त्रताको घोषणा त गरे तर ती राज्य भयङ्कर गृहयुद्धको चपेटामा पनि परे । सन् १९९१ मा नर्थ मेसेडोनिया पनि स्वतन्त्र भयो । बाँकी रहेका सर्विया र मोन्टेनेग्रोले पनि ४ फेब्रअरी २००३ मा 'युगोस्लाभियाको सङ्घीय गणराज्य' बनाए तर लामो समय टिक्न सकेन । सन् २००६ मा मोन्टेनेग्रो पनि जनमत सङ्ग्रहमार्फत अलग भएर दुई देश सर्विया र मोन्टेनेग्रो बने । सन् २००८ मा कोसोभोले एकतर्फी स्वतन्त्रताको घोषणा गर्‍यो । यसरी एउटा बलियो देश युगोस्लाभिया विभिन्न देशमा विभाजित हुन पुग्यो ।

**संरा अमेरिकाको भूमिका**

संरा अमेरिकाले सन् १९८९ देखि २००१ सम्म त्यसक्षेत्रमा उपद्रव गराउन ६० करोड डलर खर्च गर्‍यो । सन् १९९४ मा सिआईएले Radio Free Europe र Radio Liberty सञ्चालन गरेर युगोस्लाभियाको कम्युनिस्ट शासनविरुद्ध प्रचार अभियान सुरु गर्‍यो । सन् १९९७ मा अमेरिकी राज्यमन्त्रालयले स्वतन्त्र सञ्चारको निम्ति रू. ५० लाख डलर सहयोग गर्ने घोषणा गर्‍यो । युरोपेली आयोग, बीबीसी र Voice of America ले स्थापना गरेको Open Society Institution ले पनि युगोस्लाभियामा क्रियाशील सञ्चारमाध्यमहरूलाई कम्युनिस्ट सरकारविरुद्ध प्रचार गर्नको लागि आर्थिक सहयोग गरेको थियो ।

सन् १९९६ मा बेल्ग्रेडस्थित अमेरिकी दूतावासले पूर्वीयुरोपेली प्रजातन्त्रको समर्थन (Support for Eastern European Democracy) गर्ने भन्दै १०० वटा सञ्चारमाध्यमलाई २४ हजार डलरका दरले रकम उपलब्ध गराएको थियो ।

युगोस्लाभियामा क्रियाशील गैरसरकारी संस्था, विपक्षी राजनीतिक पार्टी, स्वतन्त्र सञ्चारमाध्यम, युवा प्रदर्शनकारी र स्वतन्त्र मजदुर सङ्घलाई विभिन्न बहानामा United States Information Agency, National Endowment for Democracy, International Republican Institute, National Democratic Institute, U.S. Agency for International Developement लगायतका अमेरिकी गैरसरकारी संस्थाहरूले आर्थिक सहयोग वितरण गरे ।

अमेरिकी संस्था IRI को सहयोगमा सन् १९९८ अक्टोबरमा बेल्ग्रेड विश्वविद्यालयमा स्थापना भएको युगोस्लाभियाको विद्यार्थीलाई प्रदर्शन गराउने समूह OTPOR लाई 'प्रदर्शन तथा प्रतिरोध कसरी गर्ने' भन्ने विषयमा प्रशिक्षण सञ्चालन गरिएको थियो । त्यसपछि OTPOR का विद्यार्थीहरूले मिलोसेभिचलाई हटाएर लोकतन्त्र स्थापना गर्न जनतामाझ आह्वान गरेका थिए ।

स्लोबोदन मिलोसेभिच १९८९ देखि १९९७ सम्म दुई कार्यकाल सङ्घीय गणराज्य युगोस्लाभियाका राष्ट्रपति निर्वाचित भएका थिए । सन् १९९१ देखि अमेरिकी सहयोगमा उनको प्रशासनविरुद्ध नागरिक प्रतिरोधका अभियानहरू चलाइए । मिलोसेभिचविरुद्ध विपक्षीलाई एकजुट बनाउन अमेरिकी संस्था NDI ले युगोस्लाभियामा क्रियाशील राजनीतिक दल र युवा सङ्गठनहरूलाई आर्थिक सहयोग उपलब्ध गराउनुका साथै 'परिवर्तनको लागि गठबन्धन' (The Alliance For Change) को नाममा प्रशिक्षण सञ्चालन गरेको थियो । मिलोसेभिच (Slobodan Milosevic) को शासनलाई अधिनायकवादी वा निरङ्कुश भनेर प्रचार गर्न लगाइयो । उनलाई युद्ध अपराधको समेत आरोप लगाएर सिध्याउने प्रपञ्च गरियो ।

*क्रमश:*

**सन्दर्भ सामग्री**


- The Breakup of Yugoslavia, 1990-1992, National Intelligence Estimate, Office of the Historian, Bureau of Administration, United States Department Of State-1990 oct 18
- अमेरिकी साम्राज्यवादले कसरी युगोस्लाभियालाई ध्वस्त गर्‍यो ?, नेपाल क्रान्तिकारी युवा सङ्घ केन्द्रीय समिति ।


पुनश्च: (क) अटोमन साम्राज्य - १४ र २० औँ शताब्दीसम्म दक्षिणपूर्वी युरोप, पश्चिम एसिया र उत्तरी अफ्रिकाको अधिकांश भागमा अधिकार जमाएको साम्राज्य । यसलाई उस्मानी साम्राज्य पनि भनिन्छ ।

# अड्डा अदालतका गल्ती वा त्रुटिका कारण पक्षले दु:ख, हैरानी, झन्झट भोग्न बाध्य हुनु अन्यायपूर्ण !



रामप्रसाद प्रजापति

**अड्डाको गल्तीले झन्झट !**

के तपाईंले अड्डा वा अदालतको गल्ती वा त्रुटिका कारण झन्झट वा अन्याय भोग्नुपरेको छ ? प्राय: अड्डा अदालत पुगेका सेवाग्राहीलाई यो प्रश्न गर्दा अधिकांशको जवाफ छ, निकै झन्झट, हैरानी र अन्याय भोग्न बाध्य भएको दृष्टान्त सुन्न पाइन्छ ।

छलफल, भनसुन, वार्ता सहमतिमा समस्या समाधान नभएपछि अन्यायमा परेका मानिसहरू बाध्य भई अदालत धाउने गर्दछन् । अदालतले प्रथम दृष्टिमै अन्याय नपरी त्यत्तिकै अदालतमा मुद्दा लिएर आएको होइन होला भन्ने सकारात्मक र सहयोगी मनका साथ सेवाग्राहीको अन्यायको घाउमा मल्हम लगाउनुपर्ने हो ।

तर विडम्बना तपाईं नेपालका जुनसुकै अड्डा अदालतमा जानु होला, पहिलो प्रश्न 'किन मुद्दा गर्न आउनु भो ? यस्तो मुद्दा दर्ता हुन्न, मिलाएर ल्याउनु, वकिल लिएर आउनु, विचार गर्नुपर्छ, माथिल्लो अधिकृत वा हाकिमलाई सोध्नुपर्छ, भोलि आउनु' आदि इत्यादि कुराले हच्किनुपर्ने बाध्यता छ ।

मुद्दा दर्ता भो, म्याद तारेख, प्रमाण सङ्कलन, मुद्दा पेशी, वकिल, कर्मचारी, थरीथरीका न्यायाधीशका फरक फरक व्यहोराले हायल कायल हुनुपर्ने बाध्यता सहँदै वर्षौंपछि मुद्दा फैसला हुन्छ । फैसलाको पूर्णपाठ तयार हुन अझै महिनौं लाग्छ । विपक्षीले दु:ख दिन चाहेमा फैसला चित्त बुझेन भनी माथिल्ला अदालतमा पुनरावेदन गर्छ । अरू थप समय हैरानी भोग्नपर्छ ।

अब अन्तिम फैसला भएर आएपछि फैसला कार्यान्वयनका लागि पुन: सम्बन्धित जिल्ला अदालतमा निवेदन गर्नुपर्ने हुन्छ । फैसला हुँदासम्मको अड्डा अदालतलाई अदालती शुल्क करिब १ प्रतिशत बुझाइसक्नुपर्छ भने वकिल र खाओवादी कर्मचारीहरूको चर्को फिस र फर्मायसीका कुरा छँदै छ ।

अब फैसला कार्यान्वयनका लागि पनि साढे दुईदेखि तीन प्रतिशत शुल्क अदालतलाई बुझाउनुपर्ने कानुनी व्यवस्था नेपालको प्रचलित कानुन मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४१, २४२ मा गरेको पाइन्छ ।

यसरी लाखौं रुपैयाँ खर्च गरी वर्षौं दु:ख, हैरानी, झन्झट भोग्न बाध्य भई फैसला कार्यान्वयनबाट कागजी कार्यान्वयनसम्मका लागि अड्डा अदालत धाउँदा धाउँदै अन्तिममा फैसला कार्यान्वयनको निर्णयसमेत भई सम्बन्धित अदालतको फैसला कार्यान्वयनको अन्तिम निर्णयपछि सम्बन्धित कार्यालयलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा बनाई दिन पत्राचार समेत गरी सकेपछि पुन: अदालतले "ए, पख्नुस्, अदालतले गर्नुपर्ने एउटा प्रक्रिया भुलबस पूरा नभएको रहेछ, अब तपाईंको काम तत्काल हुँदैन, प्रतिवेदन बनाई न्यायाधीशसमक्ष पेश गर्नुपर्छ, पेशीका दिन तपाईंको वकिल लिएर आउनुस्" भन्ने प्रतिक्रिया दिन्छ र प्रतिवेदन उठाई पेशी तोकी दिए पनि पेशीमा पनि आफ्नो काम हुँदैन भने तपाईं एक सेवाग्राही, न्यायका भोका अथवा पीडितको हैसियतले कस्तो महसुस गर्नुपर्ने अवस्था होला ? जब कानुनी प्रक्रियागत त्रुटीका कारण सृजना हुने झन्झटका कारण अन्यायपूर्ण व्यवहार भएको महसुस गर्न बाध्य हुनुपर्ने हुन्छ ।

कहिलेकाहीं त आफ्नो कानुनी हक अधिकार प्रचलनका लागि सकी नसकी न्यायालयको ढोका ढकढक्याउन आएका सेवाग्राहीले अदालतबाट फैसला कार्यान्वयन गर्न बाँकी हुँदै संसारबाट बिदा लिई सकेका हुन्छन् भने कयौं सेवाग्राहीहरूका लागि फैसला तथा फैसला कार्यान्वयनको औचित्य नै समाप्त भइसकेका हुन्छन् अर्थात् जे जुन कामको लागि मुद्दा भएको हो, त्यो काम नै समाप्त भइसकेको अवस्था हुने गरेको पाइन्छ । त्यसैले कानुनमा सिद्धान्त त छ कि "ढिला न्याय गर्नु पनि अन्याय सरह हुने" भन्ने । तर, व्यवहारमा कहिले लागु हुने होला ?

यसको कानुनी उपचार के हो ? के कानुनी उपचार मात्रै छ कि कतै क्षतिपूर्ति समेत पाउने व्यवस्था छ ? यस सम्बन्धमा आज हामी यहाँ चर्चा गर्न खोज्दै छौं ।

**मोलाहिजा, मोलमोलाई पो मिलेन कि ?**

उदाहरणका लागि मैले नै हेर्दै गरेको एउटा लेनदेन मुद्दाका सम्बन्धमा यस्तै अड्डाको गल्तीका कारण पक्षले हैरानी भोग्न बाध्य भइरहनुभएको अवस्था विद्यमान छ ।

मेरो पक्षले अर्को पक्षलाई २०६९ सालमा दिएको दुई वटा लिखत गरी दिएको ऋण सापटी फिर्ता पाउने २०७८ सालमा लेनदेन मुद्दा गर्नुभएको हो । लेनदेन मुद्दामा वादी दाबी पुग्ने गरी फैसला भएपछि अर्को पक्ष पुनरावेदन गएकोमा उच्च अदालत, पाटनबाट पनि सुरु सदर हुन्छ ।

अन्तिम फैसलाबमोजिम बिगो ( साँवा ब्याज) भराई पाउन जिल्ला अदालतमा दुवै फैसलाको आधारमा दुई वटा निवेदन पेश गरी बिगो भराउन जेथा अर्थात् घरजग्गा पनि देखाउँछ ।

अर्को पक्षका परिवार तथा छोरा छोरीहरूले अंश मुद्दा सँगसँगै मेरो पक्षले रकम भराई पाउने मुद्दाका फैसला बदरलगायतका मुद्दा गरी हैरानी दिन्छ । लिलाम गर्न लागेको जग्गा लिलाम रोक्का गर्न अर्को पक्षले ४ पटक जिल्ला अदालतमा, ४ पटक उच्च अदालतमा उजुरी निवेदन पेश गरी दु:ख हैरानी दिएको हुन्छ । अन्तिममा जिल्ला अदालतको तहसिल शाखाबाट दुवै मुद्दा लगाउमा राखी दुवै मुद्दाको बिगो नं. एउटै मुचुल्कामा कायम गरी रोक्का रहेको जग्गा लिलाम गर्छ । लिलाम गरे उपर उजुरी गर्ने म्याद सकिएपछि जिल्ला अदालतबाट लिलाम मुचुल्का लिई मालपोत कार्यालयमा गई दाखिल खारेज गरी जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) लिनुपर्नेमा मेरो पक्षसँग अदालतलाई तिर्न बुझाउन पर्ने रकम नभएकोले केही समय त्यतिकै बित्छ ।

रकम बुझाउन तयार भएपछि रकम दाखिला गरी लिलाम मुचुल्काबमोजिम चलन पुर्जी लिई मालपोत कार्यालयमा पुर्जा बनाउन जाँदा अन्य मुद्दाहरू (जुन अर्को पक्षका पत्नी, छोराछोरीहरूले गरेको मुद्दा) को रोहबाट रोक्का देखिएकोले मालपोतले अदालतलाई निकासका लागि पत्राचार गरेकोमा अन्य मुद्दाको रोहबाट भएको रोक्का यथावत राखी पुर्जा बनाई दिनु भन्ने पत्र लेखे पुग्नेमा तहसिलदारले लिलाम भई चलन पुर्जीसमेत पठाइसकी एक हिसाबले बन्द भइसकेको फाइल पुन: हेरी अध्ययन गरी दुई थान मुद्दामध्ये एक थान मुद्दामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ बमोजिम अदालतले रोक्का राख्नुपर्ने भए रोक्का राख्नुपर्छ भन्ने कानुनी व्यवस्थाअनुसार आफूले रोक्का नराखी लिलाम भएकोले अडबड (दुविधा) परेको भन्ने प्रतिवेदन बनाई इजलास समक्ष पेश गरेको छ । जब कि तहसिल फाँटले नै दुवै मुद्दा साथै सँगै राखी एउटै बिगो, लिलाम मुचुल्का तयार गरी दाखिल खारेज गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा समेत बनाई दिन मालपोत कार्यालयलाई पत्राचार समेत गरी सकेको अवस्था विद्यमान छ ।

यसरी अड्डाले आफूले गर्नुपर्ने रोक्का नगरेको वा अड्डाको गल्ती वा त्रुटिका कारणले मेरो पक्षले अदालती शुल्क तथा अढाई शुल्क (कार्यान्वयन बापतको शुल्क) गरी करिब १५ लाख रुपैयाँ ऋण सापटी गरी अदालतलाई बुझाई सकेर पनि थप झन्झट भोग्न बाध्य हुनु अन्यायपूर्ण छ । साथै सँगै लगाउमा रहेको उही पक्ष उही विपक्षी भएको दुई वटामध्ये एउटा मुद्दाबाट रोक्का रहेको देखिँदा सोही पक्षको बिगो भराई दिन सोही रोक्का काफी हुनेमा आफूलाई अडबड परेको भनी दु:ख दिने काम भएको छ । यदि तहसिलदारसँग मोलमोलाई मिलेको भए त्यसो नहुने हो कि ? सम्बन्धित सरोकारवालाहरूको प्रश्न छ ।

**सर्वोच्च अदालतका केही नजिर सिद्धान्तहरू**

अड्डा अदालतको प्रक्रियागत त्रुटि भयो र त्यो कुरा फैसला वा फैसला कार्यान्वयनपछि मात्रै थाहा भयो वा निकै पछि मात्रै थाहा पाए भने के गर्ने भन्ने सम्बन्धमा सामान्यतया सम्बन्धित फाँटबाट प्रक्रियागत त्रुटि, भूल वा गल्तीका सम्बन्धमा आफूलाई 'अडबड' वा 'दुविधा' परेकोले निकाश पाउन कार्यालय प्रमुख (हाकिम) वा अदालतमा न्यायाधीशसमक्ष प्रतिवेदन पेस गर्ने र सुनुवाइपछि निकास दिने गरिन्छ ।

यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट २०८१ फागुन २२ गते मुद्दा नं. ०८०-डिएफ-०००२ मा भएको फैसलाले यसअघि सर्वोच्च अदालतले गरेका फैसला, नजिर सिद्धान्तहरूलाई समेत अङ्गीकार गर्दै "कार्यालयबाट भएको गल्तीका कारण पक्षको हक जान्छ भन्न मिल्ने देखिएन" भन्ने नजिर सिद्धान्त प्रतिपादित छ ।

उक्त फैसलामा सर्वोच्च अदालतले यसअघि गरेको नैनकुमारी पाण्डेविरुद्ध पुनरावेदन अदालत, पाटन भएको ( ने.का.प.०६५, अङ्क ७, नि.नं.७९९४) उत्प्रेषण परमादेश मुद्दामा "कानुनले दिएको हक अड्डाको गल्तीबाट अपहरण हुन सक्दैन ।" भन्ने सिद्धान्त प्रतिपादित छ ।

त्यस्तै सर्वोच्च अदालतले सविर मियाँविरुद्ध सीताराम महतो समेत भएको (ने.का.प. २०६८, अङ्क १२, नि.नं.८७४०) भएको छुट जग्गा दर्ता मुद्दामा "प्राविधिक एवं प्रक्रियागत प्रश्नलाई महत्त्व दिई व्यक्तिको सारवान कानुनी अधिकारलाई गौण बनाई पुनरावेदनपत्र नै खारेज गर्नु न्यायिक मान्यताको प्रतिकूल हुन जाने" भन्ने नजिर छ ।

अर्को नारायणप्रसाद नेम्वाङविरुद्ध रघुवीर नेम्वाङसमेत भएको (ने.का.प.२०६९, अंक ४, नि.नं. ८८१७) भएको उत्प्रेषण मुद्दामा सर्वोच्च अदालतले "अदालतका पनि केही दायित्व हुन्छन् । अड्डाको गल्तीले पक्षको हक नजाने सिद्धान्त अनजानमा प्रतिपादन भएको होइन" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ भन्दै मालपोत कार्यालयमा पेश गरेको निवेदनको सक्कल प्रति सम्बन्धित कार्यालयमा फेला नपरेको भन्ने आधारमा पक्षको हक नै नपुग्ने गरी व्याख्या गर्नु न्यायिक मान्यता विपरीत हुने देखिने भन्ने फैसला गरेको छ ।

यसरी अड्डा अदालतको गल्तीका कारण पक्ष (न्यायका भोका/सेवाग्राही) ले निकै दु:ख, हैरानी, पीडा, झन्झट र अन्याय भोग्न बाध्य हुन परेको देखिन्छ । कानुनी उपचारको कानुन अभाव भए तापनि सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला, नजिर सिद्धान्तका आधारमा न्याय पाउने आधार त देखिन्छ तर यसको प्रयोग र प्रचलन पनि झन्झटिलो र खर्चिलो हुँदा न्यायका भोकाले थप पीडा र अन्याय भोग्न बाध्य हुन परेको अवस्था विद्यमान छ ।

यस सन्दर्भमा अड्डा अदालतले गरेको गल्ती वा त्रुटिका कारण सेवाग्राहीले जतिसुकै अन्याय, दु:ख, हैरानी वा पीडा भोग्न बाध्य हुनुका साथै महँगो झन्झट पार गर्न बाध्य भए तापनि क्षतिपूर्ति पाउने सहज वातावरण एवं कानुनी व्यवस्था रहेको पाइँदैन ।

दुष्कृतिसम्बन्धी कानुन, क्षतिपूर्तिसम्बन्धी कानुन र त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा न्यायका भोका, पीडित र अन्यायमा परेका सेवाग्राहीहरूले थप झन्झट र अन्यायपूर्ण व्यवहार भोग्न बाध्य हुन परेको हुँदा विद्यमान नजिर सिद्धान्तहरू समेतको आधारमा उपर्युक्त एवं प्रभावकारी कानुन निर्माण गरी यथासक्य चाँडो लागु गर्नुका साथै अड्डा अदालतले गर्ने गल्ती वा त्रुटिमा सम्बन्धित फाँट, कर्मचारीलाई थप जिम्मेवार बनाउनुका साथै पीडितले छिटो छरितो न्याय पाउने र उचित एवं व्यावहारिक रूपमा तत्काल क्षतिपूर्तिसमेत पाउने कानुन बनाई लागु गर्न सम्बन्धित सबै पक्ष चनाखो हुन जरुरी छ ।

*२०८३ असार २१*

---

# २०२६ असार १९ को ऐतिहासिक महत्त्व

२०२५ साउन २ गते नवदुर्गा बहुमुखी सहकारी संस्थाका भ्रष्ट पदाधिकारीहरूलाई जन कारबाही गरेको पुग नपुग एक वर्षपछि अर्को घटनाको वातावरण तयारी भइरहेको थियो । साउन २ गतेको भ्रष्टाचारविरोधी आन्दोलनमा किसानहरूले सक्रिय भाग लिएका थिए । त्यसैले, तिनीहरूलाई अरू बेलाभन्दा असार (रोपाइँ) को बेला सास्ती गर्न सकिने देखी संस्थाका भ्रष्ट पदाधिकारीहरू आफ्नो बेइज्जतीको बदला लिने सुरमा थिए ।

असार महिनाको आधाआधी बितिसकेको थियो । खेतमा पानी पर्याप्त भएर पनि मल नभएकोले रोपाइँ हुन सकेको थिएन । कृषिप्रधान देशमा कृषि उत्पादन र किसानवर्गलाई सुविधा दिन खडा भएको सहकारी संस्थाका पदाधिकारीहरू जानी जानी कुनै प्रयास नगरी चुपचाप बसे । छेकथुन गरी भैँडा, बाख्रा र भैंसीसमेत बेच्न लगाई उठाएको बचत रकमले संस्थाका भ्रष्ट पदाधिकारीहरू व्यक्तिगतरूपमा नाफा कमाउन हेटौँडा चितवनबाट काठ, मकै, तोरी, सुर्ती आदि ल्याएर व्यापार गर्नमा व्यस्त थिए । संस्थाले भक्तपुरको साकोलान, खौमा, चोछैं र गोल्मढीमा कृषिसम्बन्धी रासायनिक मल, बीउ आदि वितरण गर्ने डिपोहरू खोलेको थियो । असार नलाग्दै किसानहरू आफूलाई पायक पर्ने डिपोहरूमा मलको लागि धाउन थाले । तर, जहिले पनि आएको छैन भन्ने एकोहोरो जवाफले किसानहरू आजित भइसकेका थिए ।

२०२६ साल असार १७ गते




किसानहरू आ-आफ्नो क्षेत्रको डिपोमा भेला भए । डिपोमा कार्यरत कर्मचारीसँग किसानहरूले मल नल्याउनाको कारण सोधे । सबै डिपोमा कर्मचारीहरूले आफूलाई कुनै जानकारी नभएको र संस्थाको जिम्मेवार पदाधिकारीसँग भेटे बेस हुने बताए । किसानहरू संस्थाका जिम्मेवार पदाधिकारीहरूलाई भेट्न तेखाचो टोल (वंशगोपाल) मा गए । संस्थाको मुख्य कार्यालय त्यहाँ थियो । किसान जनता डिपोडिपोमा मल लिन आएको थाहा पाउनासाथ अर्के व्यक्तिलाई का.मु. मेनेजर दिएर जिम्मेवार पदाधिकारीहरू भागिसकेका थिए । का. मु. मेनेजरसँग किसानहरूले मल नआउनाको कारण सोधे । धेरै समयको वादविवादपछि असार १९ गते मल ल्याउने लिखित वचन दिए र किसानहरू फर्के ।

असार १९ गते बिहान ८ बजेदेखि किसानहरू मल पाउने आशामा आ-आफ्ना बोराहरू लिएर तेखाचोमा गए । किसानहरूलाई मर्का परेको मल पाउने भएपछि ठुलो जमघट हुनु स्वाभाविक थियो । तर, त्यहाँ भ्रष्ट पदाधिकारीहरूले प्रहरी र गुण्डाहरू बोलाइराखेका थिए । प्रहरीहरू देखाएर जनतालाई तर्साउने र आफूले गरेका भ्रष्टाचार लुकाउने असफल प्रयास भ्रष्ट पदाधिकारीहरूले गरे । किसानहरूले कृष्णभक्त चगुठीसँग सोधे, "आज मल दिन्छु भनेको खोइ ?"

कृष्णभक्त चगुठीले संस्थामा पैसा नै छैन, केले मल ल्याउने र दिने भनी ओठेजवाफ दिए । उनको ओठेजवाफ सुनेर किसानहरू आक्रोशित भए । किसान कार्यकर्ताहरूले घरका जहान परिवारलाई नखुवाई, हामीलाई कुटेर, थुनेर उठाएको बचतको रकम खोइ भन्ने प्रश्नहरू राखे । प्रश्न सोध्ने अधिकार प्रत्येक बचतकर्तालाई थियो । तर, भ्रष्ट अध्यक्षले प्रशासनको आड र गुण्डाको भरोसामा 'तिमीहरूलाई हिसाब हेर्ने अधिकार छैन, तिमीहरूलाई के मतलब' भन्ने ठाडो जवाफ दिए । किसानहरू उत्तेजित भए । कोही किसान त आवेशमा आएर मुख छोड्न थाले । कसैले हातपात गर्न थाले । तर, किसान कार्यकर्ताहरूले तिनीहरूलाई शान्त पारे । तत्कालै 'किसान भएर किसानहरूको दु:खमा मोज गर्ने भ्रष्ट' भन्दै कृष्णभक्त चगुठीलाई जनताले समाते र उल्टो टोपी लगाए । त्यसपछि, मल लिन आएका किसानहरूको जुलुस भयो । प्रहरी र गुण्डाहरूले जुलुसलाई रोक्ने प्रयास गरे । गुण्डाहरूले किसान नेता तथा कार्यकर्ताहरूलाई कुट्ने प्रयास गरे । अन्यायको विरोधमा लड्दै आएका किसानहरू ती गुण्डाहरूलाई भगाउन सफल भए । उल्टो टोपी लगाएका कृष्णभक्त चगुठीलाई नगर परिक्रमा गराए । नगर परिक्रमा गराउँदा भ्रष्टाचारविरोधी र किसान एकताको नाराले नगर घन्केको थियो । जुलुस गोल्मढी पुग्दा प्रहरीहरू आइपुगे र उनीहरूले भ्रष्टाचारीलाई कानुनी कारबाही गर्ने वचन दिए । कारबाही हुने आशाले किसानहरूले उनलाई प्रहरीको जिम्मा लगाए । जुलुस सभामा परिणत भयो । सभामा किसान कार्यकर्ताहरूले भ्रष्टहरूको भण्डाफोर गरे ।

चीनको हुनान किसान आन्दोलनको क्रममा भ्रष्टाचारीहरूलाई लामो टोपी लगाएर गाउँ घुमाइन्थ्यो । त्यही शिक्षाअनुसार चगुठीलाई उल्टो टोपी लगाई नगर परिक्रमा गरिएको थियो ।

यसै क्रममा भ्रष्टाचार गरेको अभियोगमा भक्तपुर नगर पञ्चायतका तत्कालीन सदस्य कृष्णभक्त चगुठीलाई असार २० गते नगर पञ्चायतबाट निष्कासन गरियो । यसरी भ्रष्टहरूलाई जनताले सजाय र जनप्रतिनिधिहरूले भ्रष्ट पञ्चलाई निकाला गरेपछि भ्रष्टहरू आत्तिए । असार २० गतेकै दिन भ्रष्टाचारीहरूले आफ्नै 'भाइ-बन्धु' हरूको सहयोगमा एक आमसभा राखे । भक्तपुर डीएसपी कार्यालय अगाडि राखिएको त्यस सभामा गणेशबहादुर खत्रीलगायतका वक्ताहरूले भ्रष्टाचारीहरूको समर्थनमा बोले । देशको सम्पूर्ण ऐन कानुनले अपराध मानिएको भ्रष्टाचारको विरोध गर्ने न्यायप्रेमी र भ्रष्टाचारविरोधी जनतालाई खत्रीलगायतले 'जेलमा हाल्नुपर्छ, जनताको अगाडि हामीलाई बेइज्जत गर्यो' भनेर दु:ख व्यक्त गरे ।

भ्रष्टाचारीहरूको मिलेमतोमा प्रशासनसँग भएको प्रमाण असारको अन्ततिर देखियो । प्रशासनले भ्रष्टाचार भएको देखेन र भ्रष्टाचारीलाई पनि चिन्न सकेन वा चाहेन । प्रशासकहरूको आँखामा भ्रष्टाचारीहरूको विरोध गर्ने किसान कार्यकर्ताहरू मात्र थिए । भ्रष्टाचार, अन्याय, अत्याचारका कट्टरविरोधी भएकाले तत्कालीन प्रधानपञ्च बाबुकाजी बासुकलालाई प्रहरीले नगर पञ्चायतको कुर्सीबाटै पक्राउ गरे । उल्टो टोपी लगाई कारबाही गरिएका भ्रष्ट कृष्णभक्त चगुठीलाई जिल्ला पञ्चायतको निमित उपसभापतिको कार्यभार सुम्पे । प्रशासनले नगर पञ्चायतको 'स्वायत्तता' मात्र होइन जनप्रतिनिधिको मान्यतालाई पनि अपमान गरेको यो उदाहरण हो ।

भक्तपुरका न्यायप्रेमी जनताले त्यसको घोर भर्त्सना र विरोध गरे । भ्रष्टाचारको विरोधमा भक्तपुरमा उठेको त्यो आवाज तत्कालीन व्यवस्थाको विरोधमा बन्दै गरेको आम जनमतमा एकाकार हुन पुग्यो । भक्तपुरको भ्रष्टाचारविरोधी आन्दोलनबाट देशभरिका जनताले ठुलो पाठ सिक्न पाए ।

*स्रोत : किसान सङ्घर्ष, कार्तिक २०६९*

# राजनीतिक कार्यकर्ताले अध्ययन गर्नैपर्ने ‘लामो हिँडाइमा अध्यक्ष माओसँग’

✍ **समा**

चिनियाँ कम्युनिस्ट पार्टी यतिबेला १०५ औँ पार्टी स्थापना दिवस मनाउँदै छ । यो सन्दर्भमा चीनको मुक्ति सङ्घर्ष र अध्यक्ष माओको योगदानबारे चर्चा सामयिक होला । चीनले चिकपाको नेतृत्वमा मुक्ति युद्ध जितेको ७७ वर्ष नाघ्यो । जापानी उपनिवेशवाद, अमेरिकी साम्राज्यवाद र देशभित्रकै च्याङकाइ सेकजस्ता प्रतिक्रियावादीहरूसँगको लडाइँमा चिनियाँ जनताले अत्यन्त बहादुरीपूर्वक लडेको थुप्रै दशक बित्यो । हरेक वर्षको अक्टोबर १ को दिन चिनियाँ जनता जनगणतन्त्र चीनको मुक्ति दिवसका रूपमा हर्ष उल्लासका साथ मनाउँछन् । ऐतिहासिक लडाइँ र युद्धका पानाहरू पल्टाउँछन् । देशको मुक्ति या जनताको स्वतन्त्रताका निम्ति बलिदान दिएका अग्रजहरूप्रति श्रद्धासुमन अर्पण




गर्छन् । हो, २१ औँ शताब्दीमा अझ शानदाररूपमा उभिएको चीन केही दशकको मेहनतको उपज होइन बरु थुप्रै-थुप्रै सङ्घर्षका शृङ्खलाहरू, लडाइँका सिलसिलाहरूमा विजयी चिनियाँ जनताले निर्माण गरेको स्वतन्त्र र सार्वभौम देश हो, चीन । विभिन्न युगहरू छिचोल्दै आज चीन समाजवादी युग निर्माणका निमित्त लड्दै छ ।

आजको चीन अध्यक्ष माओ त्से तुङको विचारले दीक्षित छ । अध्यक्ष माओले चीन र विश्वमा मानव मुक्तिका निम्ति देख्नुभएको सपनामा आजको चीन बाँच्दै छ । चीनको मुक्ति र स्वतन्त्रताका निम्ति अध्यक्ष माओले निर्वाह गर्नुभएको भूमिका र नेतृत्व बेजोडको थियो । अध्यक्ष माओको जीवन, व्यक्तित्व र सङ्घर्षका पृष्ठहरूमा चीनको इतिहास भेटिन्छ अर्थात् चीनको इतिहासमा अध्यक्ष माओको नाम स्वर्ण अक्षरले लेखिएको छ । मार्क्सवाद र लेनिनवादलाई चिनियाँ माटोमा रोपेर चीन र चिनियाँ जनताको मुक्तिकथा लेख्ने अध्यक्ष माओले तत्कालीन समयमा देश र जनताका निम्ति थालेका आन्दोलन र अभियानहरूले युगान्तकारी भूमिका खेल्यो । सङ्घर्षका थुप्रै आयामहरूमध्ये अध्यक्ष माओको नेतृत्वमा भएको ‘लामो हिँडाइ’ लाई एक विश्व हल्लाउने घटनाका रूपमा लिइन्छ । ‘लामो हिँडाइ’ को समयमा बटुलेका अमूल्य अनुभव र सिकाइका पृष्ठ आज पनि पल्टाइन्छन् । अध्यक्ष माओसँगै रहेर काम गरेका उहाँका सहयोगी र अङ्गरक्षकहरूको आत्मसंस्मरणमा अध्यक्ष माओको आकृति स्पष्ट भेटिन्छ । त्यस्ता पठनीय संस्मरणहरूमध्ये का. चेन चाङ फेङको ‘लामो हिँडाइमा अध्यक्ष माओसँग’ एक हो ।

‘लामो हिँडाइ’ जापानी उपनिवेशवादी शक्तिविरुद्धको जुझारु प्रतिरोध त थियो नै साथै च्याङकाइसेक जस्ता प्रतिक्रियावादीहरूको घेराबन्दी र हमलाविरुद्ध जनताको सङ्घर्ष पनि थियो । सन् १९३४ अक्टोबर ६ देखि सन् १९३६ अक्टोबरसम्म दक्षिणी आधार फुकियाङ (Fukien) र कियाङसी (Kiangsi) देखि उत्तरी शेन्सी (Sensi) सम्म २५ हजार अर्थात् १२ हजार ५ सय किलोमिटर लामो त्यो हिँडाइमा चिनियाँ लालसेनाले लड्दालड्दै एघार प्रान्तहरू पार गरेका थिए । लामो हिँडाइका दौरान अग्ला पहाडदेखि फराकिला नदीहरू, हिउँका पहाड, डरलाग्दा जङ्गललगायत थुप्रै कठिन मोडहरू छिचोले । कति लालसेना बाटोमै देशको मुक्तिका निम्ति बलिदान भए । सन् १९३१ मा जापानी उपनिवेशवादीहरूले चीनको उत्तरपूर्वी क्षेत्रमा कब्जा गरे । सन् १९३३ अक्टोबरमा च्याङकाइसेकको हजारौँ सैन्य दलले क्रान्तिकारी आधारक्षेत्रहरूमा हमला गर्ने अभियान थाल्यो । त्यसपछि लालसेना र नागरिक सेना गरी ३ लाख सेना क्रान्तिकारी लडाइँका निम्ति तयार भए । क्रान्तिकारी विचारसहित कृषि र आर्थिक क्षेत्रमा भइरहेको सुधार र जनताको जीवनस्तर उकास्ने सङ्घर्षसँगै लामो हिँडाइ जोडियो । पहिलो मोर्चाका सेनामाथि शत्रुको हमला भएपछि अध्यक्ष माओको निर्देशनमा शत्रुमाथि जाइलागेका लालसेनाले उत्तरी क्वाइचाउ (Kwei chow) को ठूलो सहर सुनइ (Tsunyi) कब्जा गरे । चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय राजनीतिक ब्यूरोको सुनइ सम्मेलनले चिनियाँ क्रान्तिको महत्त्वपूर्ण इतिहास उजागर गर्छ । जसले लामो हिँडाइलाई सफलताको शिखरमा पुऱ्यायो । तत्कालीन समयमा अध्यक्ष माओले लिनुभएको पार्टीभित्रको सङ्घर्षको नीति, बोक्नुभएको स्पष्ट कम्युनिस्ट विचारले नै चिनियाँ क्रान्ति सफल भएको हो । पार्टी स्थापनादेखि क्रान्तिकारी विचार अर्थात् मार्क्सवादी-लेनिनवादी विचारको लाइनमा अध्यक्ष माओले अडान नलिनुभएको भए, पार्टीभित्र कार्यकर्तालाई क्रान्तिकारी आचरण र संस्कार नसिकाउनुभएको भए सङ्घर्ष सफलतामा टुङ्गिने थिएन । आजको नयाँ चीनको दूरदृष्टि त धेरै परको कुरा थियो । त्यसकारण, अध्यक्ष माओ नयाँ युगको नयाँ चीनका निर्माताका रूपमा पुजिइनुहुन्छ । उहाँले लामो हिँडाइका विषयमा लेख्नुभएको छ -“लामो हिँडाइको औचित्य के हो भनेर सोध्ने जो-कोहीलाई भनिदिनू कि लामो हिँडाइ एउटा घोषणापत्र जस्तै हो । यसले लालसेनालाई देशभक्त नायकहरूको सेनाको रूपमा परिचित गरायो । साम्राज्यवाद र त्यसका पिछलग्गू च्याङकाइसेक र प्रतिक्रियावादीहरूले चीनमा उपद्रो मच्चाइरहँदा चीन र चिनियाँ जनताको रक्षार्थ लालसेना छन् भनी विश्वलाई देखायो । ती साम्राज्यवादी र प्रतिक्रियावादीहरू हरेक जनविरोधी हमलाहरूमा लालसेनाबाट कसरी पराजित बनाइए विश्वले देखे । त्यसकारण, लामो हिँडाइ मुक्तिका निम्ति प्रचार आन्दोलन पनि हो । मुक्तिको बाटोमा हिँडेका करोडौँ करोड लालसेनाको शक्ति चिनियाँ जनताको शक्ति हो । लामो हिँडाइ देशभर न्यायको बिउ छर्ने अभियान पनि हो । करिब ११ वटा प्रान्तहरूमा क्रान्तिको बिउ छर्न सफल भयो । भविष्यमा फसल काट्न मिल्ने बाली लामो हिँडाइका क्रममा लगाइयो । त्यो बिउ फूल बनेर फुल्नेछ, फल बनेर पाक्नेछ । लामो हिँडाइ शत्रुको हार र सत्यको विजयमा टुङ्गिन्छ ।”

अध्यक्ष माओ र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा भएको ‘लामो हिँडाइ’ अत्यन्त कठिनतम र चुनौतीपूर्ण सङ्घर्षको नाम हो । यात्रामा तेर्सिएका विविध खतरापूर्ण परिस्थितिहरूको सामना गर्दै न्यायपूर्ण गन्तव्यमा, विजयको चौतारीमा टुङ्गिएको यात्राको नाम हो, लामो हिँडाइ । त्यही लामो हिँडाइमा माओसँगै रहेका चेन चाङ फेङले ६ वर्ष माओको सहयोगी ( orderly) र अङ्गरक्षक रहँदा बटुलेका अनुभवलाई पुस्तकाकार दिए । पुस्तकमा चिनियाँ क्रान्तिको एउटा अविछिन्न अध्यायको मार्मिक प्रस्तुती छ । अध्यक्ष माओको व्यक्तित्व चित्रण छ । उहाँको नेतृत्व कौशल, कार्यशैली, अध्ययन र व्यवहारबारे अत्यन्त मन छुने घटनाक्रमहरू सङ्ग्रहित छन् । अध्यक्ष माओको क्रान्तिकारी दृष्टिकोण र सादा जीवनको बडो सुन्दर तस्वीर पुस्तकमा छ । यस पुस्तकमा अध्यक्ष माओसँग रहँदा र माओको सम्झनामा लेखिएका परिच्छेदहरू सङ्ग्रहित छन् । लामो हिँडाइ र त्यसको पृष्ठभूमिसमेत बताउने यस पुस्तक अत्यन्त मार्मिक र पठनीय छ । लामो हिँडाइ र अध्यक्ष माओलाई एक सहयोगी र अङ्गरक्षकको आँखाबाट पाठकले पढ्न पाउँछन् ।

पुस्तकमा लेखकको बाल्यकालदेखिको सन्दर्भ छ । गरिब, किसान परिवारमा जन्मिएका उनी जमिनदारको घरमा गोठाले भई काम गर्छन् । पढाइ त टाढाको कुरा, साँझ बिहान पेट भर्न असाध्यै दुःख गर्नुपर्थ्यो । उनको परिवार र बाल्यकालले क्रान्ति अगाडि चिनियाँ किसान परिवार र बालबालिकाको प्रतिनिधि शब्ददृश्य प्रस्तुत गर्दछ । अभाव, गरिबी र शोषणको थिलथिलो भोगेका चाङ फेङले सानैदेखि क्रान्तिकारी लालसेना बन्ने उद्देश्य बोकेका थिए । उनको गाउँ निङतु (Ningtu) मा एक पटक लालसेनाले सामन्त र जमिनदारसँग लडेर किसानलाई जग्गा बाँडेपछि उनको मानसपटलमा त्यो छाप बसेको थियो ।

चाङ फेङ अध्यक्ष माओको सहयोगीमा नियुक्त हुँदा उनी जम्मा १६ वर्षका थिए । पहिलो पटक अध्यक्ष माओलाई देख्दा उनी चकित हुन्छन् । अत्यन्त सादा जीवन, साधारण मान्छेको जीवन जस्तो । सबैले लाउने खरानी रङ्गको लुगा, सानो कक्षमा काठको खाट, तकियासमेत थिएन, एक अफिस जहाँ अध्यक्ष माओ राती अबेरसम्म किताब, नक्सा असरल्ल छरेर काम गरिरहनुहुन्थ्यो । उहाँ अध्ययन, लेखन र काममा लीन भइरहनुहुन्थ्यो । उहाँ चाङ फेङलाई पढ्न उत्साहित गरिरहनुहुन्थ्यो, फुर्सदको समयमा नयाँ सिक्न हौस्याइरहनुहुन्थ्यो । कसैले खानेकुरा फाल्दा त्यसो नगर्न सुझाउनुहुन्थ्यो -“यति लामो सङ्घर्ष भातको सानो-सानो सिताको लागि त हो; गरिबीले एक गाँस भात देख्न नपाएका जनताका लागि त हो ।”

चाङ फेङलाई अध्यक्ष माओको आत्मीय व्यवहार र न्यानो ओतले खुसी दिन्थ्यो । उनी अध्यक्ष माओको मुहारमा एक महान् नेता त देख्छन् नै साथै एक असल पिता, गुरु र मार्गदर्शक पनि पाउँछन् । ६ वर्षमा उनी एक पटक जन्मस्थान जाने सोच्छन् । घरमा चिठ्ठी पठाउन नजानेर उनलाई अध्यक्ष माओले सिकाइरहेको दृश्य मन छुने खालको छ । गाउँ एक सोभियतमा परिणत भइसकेको हुन्छ । चाङ फेङले भोगेको दुःख र शोषण आफू जन्मेको गाउँमा नदेखेपछि उनी दङ्ग हुन्छन् ।

लामो हिँडाइ फुकिइन (Fukien) हुँदै कियाङ्सीतर्फ अघि बढ्छ । बाटोमा शत्रुहरूबाट घेराबन्दी र अन्धाधुन्ध बम वर्षा हुन्छ । अध्यक्ष माओ त्यो रात निदाउन सक्नुहुन्न । उपाध्यक्ष चाउ एनलाइलगायतका नेताहरूलाई खबर र चिठी लेखनमा व्यस्त हुनुभएको थियो । अबको मार्गचित्रबारे विस्तृत जानकारी बताउनुभएको थियो, सायद । चाङ फेङले त्यसलाई सही ठाउँमा छोड्ने काम गरे । यात्रामा अध्यक्ष माओसँग एक झोला पुस्तक र नक्सा, दुईवटा ब्ल्याङ्केट, एक जोडा कपडा, एउटा ओभरकोट र च्यातिएको छाता हुन्थ्यो । त्यति बोकेर उहाँ भन्नुहुन्थ्यो “हामी अग्रमोर्चामा लड्न जाँदै छौँ ।”

अध्यक्ष माओ युतु (Yutu) का कामरेडहरूको हालखबर बुझ्दै मियाओ क्षेत्रभित्र लाग्नुभयो । दिन-दिनभर खाली पेटमा हिँड्दै लड्दै गर्दा पनि अध्यक्ष माओ थाक्नुहुन्नथ्यो । थकानको समयमा बेगसहित बग्दै गरेको नदी पार गर्नुपर्ने चुनौती आइलाग्थ्यो, अत्यन्त साहसपूर्वक तर्नुपर्ने नदीहरू । यात्रामा देशका फरकफरक भूगोलका फरक जाति, जनजातिका चिनियाँ जनतासँग साक्षात्कार भइन्छ । चाङफेङले अड्कल नगरेको ठाउँमा पनि चिनियाँ कम्युनिस्ट पार्टीका इमानदार कार्यकर्ता र शुभेच्छुकहरूसँग भेट हुन्छ । मियाओ क्षेत्रको एउटा गाउँमा बास बस्दा त्यहाँ पोखरीमा माछा पालेको देखेर चाङफेङ मोहित हुन्छन् र माछा मार्नेतिर लाग्छन् । त्यसको तुरुन्तै पछि अध्यक्ष माओले उनलाई सम्झाउनुहुन्छ - “हामीले पैसा नै तिर्न परे पनि जनताको सम्पत्ति छुने अधिकार छैन । यही हाम्रो अनुशासन हो ।”

अध्यक्ष माओ जहाँ बास बस्नुहुन्थ्यो त्यहाँ पार्टी कार्यकर्ताहरू अलग-अलग भेषमा भेट्न आउँथे । मियाओका गुरिल्लाहरू भेट्न आउँदा चाङफेङ शत्रु हुन् कि भनी सशङ्कित भएको घटना पुस्तकमा छ । यात्रा हुआङपिङ काउन्टी, क्वेइचाउ प्रान्त हुँदै अगाडि बढ्छ । नयाँ वर्षको समय थियो । उत्सव मनाउने, मिठो खानेभन्दा पनि शत्रुको चङ्गुलबाट उम्कन उ (wu) नदी पार गर्ने चुनौती थियो । सुनौलो बालुवासहितको नदी किनारको संस्मरण रोचक छ । अध्यक्ष माओले यात्रा रोकिने समय सबैभन्दा पहिले आफ्नो लागि काम गर्ने ठाउँको बन्दोवस्त गर, खाना र आराम दोस्रो प्राथमिकतामा राख्नुपर्छ भन्नुभएको थियो । त्यो नदी किनारमा तीन दिनसम्म, ३० हजार लालसेनाको समूहले त्यो ठाउँ पार गरी हिँडिसक्दा पनि उहाँले आफूले काम गर्ने डेस्क नछोड्नुभएको घटना सम्झन्छन् चाङफेङ ।

अनसुनचाङ (Anshunchang) बाट ताटु नदीको लुटिङ पुलमा हिँड्दाको दृश्यचित्र पुस्तकमा छ । पहाडको उकालो हिँडाइ अत्यन्त सकसपूर्ण थियो । गन्तव्य नपुग्दै पहाडको टाकुरामा सुसाएर आफूले बोकेको सुख्खा खाजा खाँदै त्यही छेउमा बगेको पानी पिउँदै थप चढ्ने ऊर्जा बटुल्दाको अनुभव छ, पुस्तकमा । टाउकोले तातो ढुङ्गा या चट्टान भेट्नासाथ निदाउन सक्ने थकानको बयान छ । हरेक बसाइमा, उकाली-ओरालीमा अध्यक्ष माओले तिनलाई दिनुभएको नयाँ - नयाँ शिक्षा छ ।

सिउतसेती (Shuitseti) को बाटोमा अध्यक्ष माओमाथि शत्रुले बमबारी गरी हमला गर्दा चाङफेङका साथी हु चाङ पाओ गम्भीर घाइते हुन्छन् । त्यो समय अध्यक्ष माओको धैर्य र संयमको व्यवहार र निरन्तरको हौसलाको चर्चा छ । हु चाङले अन्तिम घडीमा भनेका थिए - “मलाई मृत्युदेखि डर छैन । मैले अध्यक्ष माओसँगै उहाँलाई सुरक्षा दिँदै उत्तरको सेन्सी पुग्न सकिनँ, यही अफसोस छ ।” कार्यकर्ताहरूलाई उच्च समर्पणभाव दिई हुर्काइएको एउटा घतलाग्दो दृश्य यो पनि हो ।

बाक्लो हिउँको सिरक ओढेका पहाडहरू चढ्ने यात्रा कठिनमात्र होइन मुटु कमाउने खालको थियो । हिमालका टाकुराहरू छिचोल्दै हरिया घाँसेमैदान टेक्ने यात्रा गर्नु असम्भव जस्तै थियो । हिउँका पहाडहरूमा आकाश खसेजस्तो आँधी, हिउँ वर्षासँग सामना, अर्को लडाइँ थियो । टाकुरा नजिक पुग्दा हावा, अक्सिजनको अभावले सास बन्द हुने स्थितिमा दह्रो उभिएर पाइला चाल्दै गर्नुभएका अध्यक्ष माओको सालिन तस्वीर छ, पुस्तकमा । चाङफेङलाई त्यो हिमपहाड चढ्न निकै गाह्रो भएको थियो । उनी अचेत भएका थिए । बिउँझदा माओको लामो कोट ओढाइएको थियो । सयौँ माइलको यात्रामा अनकन्टार गाउँको बास सामान्य जस्तै थियो । अध्यक्ष माओ मट्टितेल र टुकीमा पनि अध्ययन र लेखन, यात्राको मार्गचित्र कोर्न छुटाउनुहुन्नथ्यो ।

लगातारको वर्षामा निथ्रुक्क भिजेरै भएनि हिँडेको सम्झनाका डोबहरू सङ्ग्रहित छन् । चाङफेङलाई मलेरिया हुँदा, शरीरमा अप्ठ्यारो हुँदा अध्यक्ष माओसँग लुकाउन नसकेका घटना र उहाँको मायालु र स्नेही व्यवहारको मन खोलेर बयान पुस्तकमा गरिएको छ । कहिलेकाहीँ चेङलाई लाग्थ्यो- “म उहाँको सहजताका निम्ति छु या आप्ठ्यारोका निम्ति ।”

लामो हिँडाइ तिब्बती क्षेत्र पुग्दा ( कान्सुको हुइ क्षेत्र) पकाउन पिठो, चामल थिएन मकै मात्र थियो । चाङफेङले एउटा खसी ढाले, अरू पकाएनन् । अध्यक्ष माओले तिनलाई परिवेशअनुसार आचरण, खानपिन र लवाइखवाइ सिक्नुपर्ने नत्र भोकै परिने शिक्षा दिनुभएको स्मरण छ ।

सन् १९३६ वसन्ततिर चाङफेङलाई लालसेना ऐकेडेमीमा पढ्नका निम्ति पठाउने निधो अध्यक्ष माओले गर्नुभयो । जान अन्कनाइरहेका उनलाई माओले भन्नुभयो - “पढ्नुलेख्नु भनेको अफिसर मात्र बन्नलाई होइन । योभन्दा सक्षम र सबल बने देश र जनताका निम्ति अझ योगदान गर्न सक्नेछौ ।” लालसेना एकेडेमीको पढाइपछि उनी उत्तरपश्चिम सुरक्षा ब्यूरोमा खटाइन्छन्, सानो बटालिएन कमान्डर बन्छन् । त्योबीचमा अध्यक्ष माओसँगको मिठो र अमूल्य भेटलाई असाध्यै सुन्दर प्रस्तुती दिइएको छ ।

चाङफेङका लागि पार्टीको निर्देशन नै सबैभन्दा माथि थियो । पार्टीले सान तुङ जस्तो निकै टाढा पठाउने निर्णय गर्दा चाङफेङले सहर्ष स्वीकारे र अध्यक्ष माओसँग बिदा लिन गए । अध्यक्ष माओले उनको नोटबुकमा लेख्नुभएका अक्षरहरू पुस्तकमा महत्त्वका साथ छापिएको छ । “कामरेड चाङफेङ, मेहनतसाथ काम गर । पार्टी र जनताप्रति इमानदार बन । हरेक पाइलामा सफलताको शुभकामना !” अध्यक्ष माओको यो भनाइ चाङफेङको जीवनदर्शन बन्यो ।

यसरी अध्यक्ष माओका सच्चा कार्यकर्ता चाङफेङहरू अर्थात् चाङफेङजस्ता करोडौँ-करोड कामरेडहरूको समर्पण, पार्टी र क्रान्तिप्रतिको इमानदारीले चिनियाँ क्रान्ति सफल भयो । चीनमा जनगणतन्त्र स्थापना सम्भव भयो । बाहिरी र भित्री शत्रु परास्त भए र मुक्ति प्राप्त भयो ।

आजको चीनमा मनाइने मुक्ति दिवसहरूमा अध्यक्ष माओ र चाङफेङहरूको योगदान जीवित र जवान रहेको आभास मिल्छ । लामो हिँडाइ र सङ्घर्षका थुप्रै-थुप्रै ऐतिहासिक अध्यायहरूको जुझारु धुन बजेको सुनिन्छ ।

# सुन र सिक्री : तिब्बतको यात्रा विवरण - ३

फेलिक्स एब्ट

मैले तिब्बती अभिभावक र तिनका स्कुले छोराछोरीहरूसँग कुराकानी गरेँ । तब मलाई थाहा भयो - विद्यालयमा उनीहरूलाई मेन्डारिन र तिब्बती दुवै भाषा सिकाइँदो रहेछ । राष्ट्रिय भाषाको रूपमा मेन्डारिन पठनपाठनको मूल भाषा रहेछ भने बालबालिकाको मातृभाषाको रूपमा तिब्बती पनि पढाइँदो रहेछ । व्यवहारमा एकै कक्षाकोठामा दुई भाषा सिकाइँदो रहेछ । यो चलन तिब्बतमा मात्र सीमित छैन ।

मेन्डारिन जातीय अल्पसङ्ख्यकहरूका लागि मात्र होइन, बरु हान बहुसङ्ख्यकका लागि पनि अनिवार्य छैन । चीनका ९० प्रतिशत जनता हान जातिका छन् । तैपनि तिनको भाषालाई अनिवार्य नबनाउनुको खास कारण छ । त्यो के भने देशका विभिन्न भागमा बसोबास गर्ने जनताले भाषामा फरक आञ्चलिकता थपेका छन् । जसले गर्दा कहिलेकाही उनीहरूले अरूले बोल्ने मेन्डारिन भाषा पनि बुझ्दैनन् ।

मेन्डारिन भाषामा धाराप्रवाह बोले सम्भावनाका धेरै ढोका खोल्न सकिने जनताले बुझ्दै गए । खासगरी कामका लागि घर छोडेर अन्यत्र जाने अल्पसङ्ख्यक जातिका मानिसले यो कुरा छिट्टै बुझे । चोङकिङमा मैले एक उइगुर जातिका व्यक्तिलाई भेटेको थिएँ । उनले सानो तर सफल आइसक्रिम व्यवसाय चलाएका थिए । उनी प्रगति र भाषिक क्षमता कसरी दैनिक जीवनमा एकै ठाउँ जोडिन्छन् भन्ने कुराका साक्षात् उदाहरण थिए ।



मैले धेरै विद्यालयको भ्रमण गरेँ । एउटा विद्यालयमा मैले मेन्डारिन र तिब्बती भाषामा उत्प्रेरक भनाइ लेखिएका पोस्टर देखेँ । एउटै सन्देशलाई ऐनामा जस्तै दुई लिपिमा लेखिएको थियो । मैले तिब्बती भाषामा छापिएका पाठ्यपुस्तकहरू देखेँ । दैनिक पठनपाठनमा दुवै भाषाको उत्तिकै महत्त्व रहेछ । यी दृश्यहरूले एउटा विशिष्ट प्रणालीतर्फ औँल्याइरहेका थिए - शिक्षा र पहिचान आपसमा नङमासु थिए ।

म गएका पसल, रेस्टुराँ, पेट्रोल पम्प, बैङ्क, हुलाकघर र बस बिसौनी गरी सबैतिर मैले दुई भाषाका चिन्ह पाएँ । दुई भाषा पढ्नु सामान्य रहेछ । एक ठाउँ भने अपवाद थियो । भोक्सवेगन गाडीको सोरुममा मैले मेन्डारिन भाषा मात्र प्रयोग गरिएको पाएँ ।

दुई भाषाको प्रयोग निजी र विदेशी कम्पनीका हकमा भने अनिवार्य छैन । गाडीको सोरुममा तिब्बती भाषा नहुनुको कारण थियो ठुलो कम्पनीको ब्रान्डिङ नीति । यो सरकारको स्थानीय नीति थिएन । अथवा, त्यो गाडी कम्पनी तिब्बती उपभोक्ताप्रति सांस्कृतिक रूपमा असंवेदनशील छ भन्न सकिन्छ ।

**झूटो प्रचारबाजी र वास्तविक सांस्कृतिक संहारप्रति बेवास्ता**

मेरो अनुभव अपवाद होइन । म जस्तो अनुभूति गर्नेहरू धेरै छन् । पश्चिमाहरू तिब्बतमा 'सांस्कृतिक संहार' भइरहेको आरोप लगाउने गर्छन् । ती आरोप निराधार छन् । मेरो अनुभव भन्छ, ती आरोप सरासर झूटा छन् । यो आरोप लगाउनेहरू तिनै मान्छे हुन् जो विश्वका विभिन्न स्थानमा वास्तविक सांस्कृतिक संहार भइरहँदा लज्जास्पद रूपमा मौन रहन्छन् ।

युक्रेनलाई नै हेरौँ । त्यहाँ रुसी भाषा बोल्ने लाखौँ युक्रेनीहरूलाई सरकारले प्रतिबन्ध लगायोह पुस्तकालयहरूबाट रुसी भाषाका पुस्तकहरू हटायो; रुसी भाषाका मिडिया बन्द गऱ्यो; रुसी अर्थोडक्स चर्चमाथि ठुलो पाबन्दी लगायो ।

फ्रान्सलाई हेरौँ । बास्क, अल्सासियन, कोर्सिकन, ब्रेटन र ओस्सिटान जस्ता क्षेत्रीय भाषाको त्यहाँ कुनै औपचारिक हैसियत छैन । प्रशासनिक कार्यमा मात्र होइन, कक्षाकोठामा पनि ती भाषाको प्रयोगमा बन्देज लगाइएको छ । यसको लागि कानुन नै बनाइएको छ । विगतमा विद्यार्थीहरूले आफ्नो मातृभाषा प्रयोग गर्ने साहस गरे तिनलाई 'शरमको हार' लगाउन बाध्य पारिन्थ्यो ।

कुनै बेला बेलायतको हाल पनि उस्तै थियो । वेल्समा विद्यालयहरूले 'वेल्स होइन' भन्ने चलन चलाएको थियो । कुनै बच्चाले वेल्स भाषा बोलेको भेटेमा उसको घाँटीमा 'वेल्स होइन' भनी लेखिएको माला झुन्ड्याएर बेइज्जती गरिन्थ्यो ।

फ्रान्सले भाषिक संहारको औपचारिक नीति नै अपनायो । जसको परिणाम निकै भयावह थियो । फ्रान्सको सरकारी आकडाअनुसार पहिलो विश्वयुद्धको अन्त्यतिर कोर्सिकन र ब्रेटन भाषा बोल्ने जनताको सङ्ख्या ७०-८० प्रतिशत थियो भने २० औँ शताब्दीको अन्त्यतिर आइपुग्दा तिनको सङ्ख्या जम्मा १० प्रतिशत भयो । अल्साक क्षेत्र आफ्नो भाषाको संरक्षणमा निकै बलियो किल्ला बनेको थियो । सरकारले कडा भाषा नीति लागु गरेपछि अल्सासियन भाषा बोल्नेहरूको सङ्ख्या दुई पुस्तामै ७० प्रतिशत बाट १८ प्रतिशत मा झरेको थियो ।

**झूटो प्रचारबाजी**

'द इकोनोमिस्ट' पत्रिकाले हालै चीनको नयाँ कानुनले ५५ जनजातिहरूमाथि थिचोमिचो गरेको आरोप लगायो । चीनविरुद्ध लामो समयदेखि यस्ता आरोपहरू लगाउने गरिएको छ । पश्चिमा मिडियाहरूले चीनको अर्थतन्त्र टाट पल्टिँदै छ भनी चेतावनी छाप्न थालेको झन्डै दुई दशक नाघ्यो । बर्सैपिच्छे यस्ता हल्ला सुन्नमा आउँछ ।

अब चीनको वास्तविक कानुन हेरौँ ।

**आजको चीनमा अल्पसङ्ख्यक भाषाभाषी**

चीनले अघि नै अल्पसङ्ख्यक भाषाहरूको जगेर्ना गर्दै छ । यस कार्यमा कुनै पनि पश्चिमा देशहरू उसको हाराहारीमा आउँदैनन् ।

सन् २०१७ मा राष्ट्रिय भाषा आयोगले एउटा सर्वेक्षण गरेको थियो । सो अध्ययन अनुसार जम्मा तिब्बतमा ३० प्रतिशत जनता मात्र मेन्डारिन भाषामा दक्ष छन् । दैनिक जीवनमा तिब्बती भाषाकै दबदबा छ । चीनको छैटौँ राष्ट्रिय जनगणना (सन् २०१०) अनुसार ८५.२५ प्रतिशत मङ्गोलहरूले दैनिक जीवनमा मङ्गोल भाषा नै प्रयोग गर्छन् ।

वास्तवमा चीनले गतिलै काम गरेको हुनुपर्छ - धेरै अल्पसङ्ख्यकहरूले ठुलो सङ्ख्यामा क्षेत्रीय भाषा मात्र बोल्छन्; मेन्डारिन बोल्नेहरू छँदै छैनन् वा सीमित छन् । यही स्थितिलाई सम्बोधन गर्ने प्रयास गर्दै छ चीनको नयाँ कानुनले ।

**नयाँ कानुनले के भन्छ ?**

१. के यसले अल्पसङ्ख्यकहरूको भाषाको संरक्षण गर्छ ? गर्छ । कानुनले स्पष्ट किटान गरेको छ - "राज्यले अल्पसङ्ख्यक भाषा र लिपिको सिकाइ र प्रयोगलाई सम्मान एवम् सुरक्षा गर्छ; साथै अल्पसङ्ख्यक भाषाभाषीको नियमन, मानकीकरण तथा डिजिटलाइजेसनलाई प्रवर्द्धन गर्छ ।"

२. के यसले विद्यालयमा अल्पसङ्ख्यक भाषाहरूलाई प्रतिबन्ध लगाउँछ ?




लगाउँदैन । देशभरि नै एकीकृत पाठ्यपुस्तक लागु गर्दै र पठनपाठनको प्राथमिक भाषाको रूपमा मेन्डारिनलाई तोक्दै यसले शिक्षालाई मेन्डारिनतर्फ जोडेको छ । तथापि, यसले अल्पसङ्ख्यक भाषामा पढाइ हुने विद्यालयलाई हटाएको छैन । राज्यको लगानीमा यसखाले धेरै विद्यालय सञ्चालनमा छन् ।

३. के यसले सरकारी कामकाजमा अल्पसङ्ख्यक भाषाहरू प्रतिबन्ध लगाएको छ ? छैन । कानुनको दफा १५ अनुसार जहाँ अल्पसङ्ख्यक भाषाका कागजातलाई अनिवार्य गरिएको छ, त्यहाँ देशको साझा भाषा र अल्पसङ्ख्यक भाषा दुवैमा कागजात पेश गर्नुपर्ने हुन्छ ।

४. के यसले सार्वजनिक चिन्हको रूपमा अल्पसङ्ख्यक भाषामाथि प्रतिबन्ध लगाएको छ ? छैन । नयाँ कानुन अनुसार अल्पसङ्ख्यक भाषाको लिपिसँगै मेन्डारिन भाषाको चिन्ह पनि राख्नुपर्नेछ । अल्पसङ्ख्यकहरूको लिपिलाई मेन्डारिनले विस्थापित गर्न मिल्दैन ।

५. के यसले जातीय वा क्षेत्रीय स्वायत्ततालाई कमजोर पार्छ ? पार्दैन । नयाँ कानुनको दफा ८ मा स्पष्ट रूपमा 'जातीय वा क्षेत्रीय स्वायत्तताको संरक्षण तथा सम्वर्द्धन' गर्ने उल्लेख छ । सन् १९८४ मा क्षेत्रीय जातीय स्वायत्तता ऐन जारी भएको थियो । यो ऐन अझै पनि कार्यान्वयनमा छ । यसले स्थानीय अवस्था हेरी उपयुक्त नियमहरू अवलम्बन गर्नका लागि स्थानीय अधिकारीहरूलाई अधिकार दिएको छ ।

सार : नयाँ कानुनले मेन्डारिनलाई साझा राष्ट्रिय भाषाको रूपमा मलजल गरेको छ । एक सार्वभौमिक मुलुकले एउटा साझा भाषालाई प्रवर्द्धन गर्नु एकदम स्वाभाविक छ । तर, यसले ५५ जनजातिहरूलाई 'थिचोमिचो' गरेको छैन । यो सपाट झूट हो । यो प्रचार नभई दुष्प्रचार हो ।

वास्तविक सांस्कृतिक थिचोमिचो अर्कै हुन्छ - आफ्नो मातृभाषा बोलेको आरोपमा बच्चाको घाँटीमा बेइज्जतीपूर्ण बिल्ला झुन्ड्याइन्छ, अथवा अल्पसङ्ख्यकहरूको रीतिरिवाजलाई असंवैधानिक करार गरिन्छ । पश्चिमा देशहरूमा यस्ता चलनको लामो इतिहास छ । त्यसको विपरीत चीनको नयाँ कानुनले अल्पसङ्ख्यक भाषाको संरक्षणमा पैसा खर्चेको छ, अल्पसङ्ख्यक भाषाका विद्यालयलाई जोगाएको छ र सरकारी कार्यालयमा दुई भाषालाई अनिवार्य गरेको छ । यसलाई संस्कृति मासेको भन्न मिल्दैन ।

संविधानको दफा ४ ले जातीय अल्पसङ्ख्यकहरूको हकहितको सुरक्षा गरेको छ । संविधान भन्छ - "आफ्नो कथ्य र लिखित भाषाको प्रयोग र विकास गर्ने तथा आफ्ना संस्कृति एवम् परम्पराको संरक्षण र परिमार्जन गर्ने स्वतन्त्रता (सबै नागरिकलाई) छ ।"

तैपनि, आलोचकहरूले चीनको नयाँ कानुनमा आफ्नो देशले विगत तथा वर्तमानमा गरेको विभेदको छाँया थोपर्दै छन् । आफैले गरेका कुकर्महरू अरूमाथि थोपर्नु आफैमा पाखण्ड हो ।

**आजको तिब्बती संस्कृति**

तिब्बती भाषाको व्यापकता र तिब्बतको जब्बर बौद्ध संस्कृतिको कुरा मात्र होइन । वैज्ञानिक कार्यमा पनि स्थानीय संस्कृतिको छाप पाइन्छ ।

हामीले औषधि विश्वविद्यालयमा कार्यरत एक तिब्बती डाक्टरलाई भेट्यौँ । उनले आफ्नो संस्थाले तिब्बतका परम्परागत औषधीहरूको विशेष अध्ययन



गरिरहेको बताए । उनले हामीलाई आफूले अध्ययन गरिरहेका जडिबुटीको नमूना देखाए । चीनका विभिन्न भूभागमा तिब्बती औषधीको प्रयोग गरिन्छ ।

**राजकुमारी वेनचेङको विरासत**

आज तिब्बतभरि जीवन फेरि एकपल्ट गुल्जार छ । जनताको अनुहारमा गहिरो शान्ति, स्वाभिमान र सन्तुष्टिको बहुमूल्य भावना झल्किन्छ । यस्तो माहोलमा जोकोहीले राजकुमारी वेनचेङको विरासतलाई नसम्झिइरहन सक्दैन । आज पनि उनलाई तिब्बतकी मिथकीय रानीको रूपमा सम्झना गरिन्छ । सुखशान्ति, समृद्धि र सुस्वास्थ्यको ठुलो भिजन भएकी ती रानीले तिब्बतको लामो इतिहासमा आफ्नै स्थान बनाएकी छिन् ।

**तिब्बतमा मेरा केही स्मृति**

ल्हासा पुग्दा मलाई अर्कै संसारमा पुगेझैँ लाग्यो । ल्हासाको गोङ्गर विमानस्थलबाट मेरो यात्रा सुरु भयो । विशालकाय हिमालयको पृष्ठभूमिमा अग्लो स्थानमा मेन्डारिन र तिब्बती भाषामा स्वागत सन्देश लेखिएको थियो । दुवै लिपि सँगसँगै झुन्ड्याएको थियो । एउटा प्राचीन शैलीमा लेखिएको थियो भने अर्को आधुनिक शैलीमा लेखिएको थियो । यो एक यस्तो भूमिको स्वागत थियो, जहाँ इतिहास, अध्यात्मिकता र दैनिक जीवन नङमासुझैँ गाँसिएका छन् ।

विमानबाट ओर्लिएपछि माहोल नै फेरियो । हाम्रा गलामा आत्मीयता र आशीषरूपी खादा लगाएर स्थानीय जनताले हामीलाई स्वागत गरे । यो हावा जस्तो हलुका खाँदाको अर्थ भने गहिरो छ - शुद्धता, सदभाव र सुरक्षित यात्रा । खादा लगाएपछि यात्रुहरू पराइ रहँदैनन् बरु भक्ति र संस्कृतिमा मग्न भूमिका पाहुना बन्छन् ।

यही आत्मीय र नम्र सत्कार तिब्बतका दूरदराज भेगमा पनि पाइन्छ ।

ल्हासा सहर अनुपम स्थानमा अवस्थित छ । तिब्बतका मठमन्दिर विभिन्न ध्वनि, रङ र गतिले जीवन्त भएका छन् । चहकिला पटाङ्गिनीहरूमा गाढा राता पताका फहरिरहेका छन् । ढुंगा बिछ्याइएका गल्लीहरूमा अगरबत्तीको मगमगी बास्ना आइरहन्छ । मठभित्र सुनका मूर्तिहरू हुन्छन् र नजिकै घिउको धिपधिपे धुपबत्ती बलिरहेको हुन्छ । भित्ताभरि लयदार लिपिजस्ता देखिने चित्रहरू कोरिएका हुन्छन् ।

सेरा मठमा भिक्षुहरू दार्शनिक शास्त्रार्थमा लागेका देखिन्छन् । उनीहरू ताली बजाउँछन्, बलियो मनोबलसहित अघि बढ्छन् र बुद्ध शिक्षाबारे आआफ्ना बुझाइको जाँच गर्छन् । नजिकै तीर्थालुहरूले पवित्रस्थलको फेरो लगाउँछन् । हातमा माने घुमाउँदै र प्रत्येक पाइलामा मौन प्रार्थना गर्दै उनी पूर्ण भक्तिभावले अघि बढ्छन् । उनीहरूको चालमै भक्ति छचल्किन्छ ।

अग्लो पठार र हिउँले ढाकिएका हिमचुचुराबिच बसेका यी मठमा आएर समय थापिए जस्तो लाग्छ । झट्ट हेर्दा यी मठ प्राचीन विवेकका केन्द्रजस्ता लाग्छन्, जुन विवेक दैनिक जीवनमा पनि प्रसार भएजस्तो लाग्छ । तिब्बतलाई हेर्नु र अनुभूति गर्नु फरक हो । त्यहाँ पुगेपछि व्यक्तिका प्रत्येक भावभंगीमा, ध्वनि र श्वासले अर्थ पाएझैँ लाग्छ; एक आध्यात्मिक संसारमा डुबेझैँ लाग्छ ।

जब जनता प्रार्थना र धार्मिक अनुष्ठानमा तल्लीन हुन्छन्, तब ल्हासा सहर जगमगाए झैँ लाग्छ; जीवनले ओतप्रोत भएझैँ लाग्छ ।

सहरको बिचमा सडकको काम चल्दै छ । लाग्छ, विकास र परिवर्तन सँगसँगै हिँड्दै छन् । नजिकै मानिसहरू आआफ्ना दिनचर्यामा लागेका छन् । कोही किनमेल गर्दै छन् त कोही सामान साटफेर गर्दै छन् । गल्लीहरूमा मानिसहरूको घुइँचो लागेको छ । तिनका कुराकानीले गल्लीहरू गुञ्जायमान छन् ।

चीनका अन्य सहरमा जस्तै ल्हासामा पनि सरसफाइलाई उच्च प्राथमिकता दिइन्छ । सार्वजनिक शौचालयहरू सफासुग्घर छन् । तिनको प्रयोग गर्दा पैसा लाग्दैन । विदेशी यात्रुहरूको सङ्ख्या उति ठुलो छैन । तैपनि, अन्तर्राष्ट्रिय पर्यटकको सङ्ख्या बढ्ने अनुमान गरेर सरकारले सर्वत्र तिब्बती, मेन्डारिन र अङ्ग्रेजी भाषाका सडकचिन्ह राखेको छ ।

म पोताला दरबारको टुप्पोमा पुगेँ । कुनै बेला त्यही ठाउँमा दलाई लामा बस्थे । उनी आफ्ना भिक्षु, गुरु र अभिलाषीहरूसँग बस्थे । कहिलेकाही उनका अभिभावकलाई पनि वरपर घर वा कोठा दिएर राखिन्थ्यो । उनीहरू पवित्र र बहुमूल्य धनधान्यले परिपूर्ण जीवन बिताउँथे ।

पोताला दरबारका भित्ताहरूमा इतिहास पोतिएजस्तो लाग्छ । दलाई लामाहरू आध्यात्मिक जिम्मेवारीको भारले दबेका हुन्छन् । तैपनि, यो कथा रोचक छ । कुनै समय एकजना दलाई लामा ल्हासाकी एक केटीको प्रेममा परेछन् । यिनै कोठाहरूमा बसेर उनले ती केटीलाई भावुक पत्र लेखेका रहेछन् । परम्पराका पर्खालबिच फुलेको त्यो प्रेमभाव कहिल्यै साकार हुन पाएनछ ।

बाँकी पृष्ठ ८ मा

# चिनियाँ कम्युनिस्ट पार्टीको आत्म–सुधार शासन, अनुशासन र भ्रष्टाचारविरोधी अभियान

✍ चेन यिन

यो वर्ष चिनियाँ कम्युनिस्ट पार्टी (चिकपा) को स्थापनाको १०५ औँ वार्षिकोत्सव हो। विगत शताब्दी र थप अवधिमा चिनियाँ कम्युनिस्ट पार्टीले राष्ट्रिय मुक्ति हासिल गर्न कठिन सङ्घर्षहरूमार्फत चिनियाँ जनताको नेतृत्व मात्र गरेको छैन, जनवादी गणतन्त्र चीनको स्थापना गरेको छ र देशको दिगो आर्थिक वृद्धि र दीर्घकालीन सामाजिक स्थिरताको दोहोरो चमत्कार पनि हासिल गरेको छ। बढ्दो विश्वव्यापी अस्थिरता र अनिश्चितताको पृष्ठभूमिमा यो उपलब्धि अझ उल्लेखनीय छ।

चिकपाको सुशासनमा लामो समयदेखिको सफलताको मुख्य रहस्य आत्मसुधारको लागि यसको अटल प्रतिबद्धतामा निहित छः संस्थागत ढाँचालाई सुदृढ गर्ने, भ्रष्टाचारविरुद्ध लड्ने र शासन क्षमता अभिवृद्धि गर्ने। यी प्रयासहरूले पार्टीलाई जनताको आवश्यकतालाई अझ प्रभावकारी रूपमा प्रतिक्रिया दिन, समयसँग तालमेल मिलाउन र चिनियाँ राष्ट्रको महान कायाकल्पलाई निरन्तर अगाडि बढाउन सक्षम बनाएको छ।




**क. किन आतमसुधार महत्त्वपूर्ण छ : इतिहासबाट पाठ**

आत्म–सुधार चिनियाँ कम्युनिस्ट पार्टीको लागि परिभाषित विशेषता र रणनीतिक आवश्यकता दुवै हो। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव सी चिनफिङले भ्रष्टाचार र आन्तरिक कमजोरी दीर्घकालीन शासनका लागि सबैभन्दा ठुलो खतरा रहेको कुरामा जोड दिएका छन्। जनताको विश्वास कायम राख्न र शासनमा उत्थान र पतनको ऐतिहासिक चक्रबाट बच्न पार्टीले आफ्ना अभ्यासहरू निरन्तर जाँच्नुपर्छ, समस्याहरूको प्रत्यक्ष सामना गर्नुपर्छ र कठोर स्वशासन लागू गर्नुपर्छ।

चिकपाको आत्म–सुधारको प्रतिबद्धताको गहिरो ऐतिहासिक जरा छ। येनान अवधि (१९३५–१९४८) मा, माओ त्सेतुङले शासनमा गिरावट रोक्न पार्टीलाई सार्वजनिक निगरानीमा राख्ने महत्त्वमा जोड दिनुभएको थियो। महासचिव सी चिनफिङले सतर्कता र संरचनात्मक आत्मसुधारको लागि जारी आवश्यकतालाई जोड दिन यो विरासतलाई बारम्बार उद्धृत गर्नुभएको छ।

सन् २०१२ देखि पार्टीले औपचारिकता, नोकरशाही, हेडोनिज्म र अतिक्रमणलाई रोक्न आठ नियमहरूजस्तै सुधारहरू ल्याएको छ, राष्ट्रव्यापी भ्रष्टाचारविरोधी अभियानहरू सुरु गरेको छ र आन्तरिक पर्यवेक्षणलाई बलियो बनाएको छ, संस्थागत अखण्डताको लागि दीर्घकालीन रूपरेखा स्थापना गरेको छ।

**ख.कसरी आत्मसुधार काम गर्दछ : सिद्धान्त र कार्यहरू**

महासचिव सी चिनपिपङले विभिन्न अन्तरसम्बन्धित सिद्धान्तहरूद्वारा निर्देशित आत्मसुधारको लागि व्यापक दृष्टिकोण व्यक्त गर्नुभएको छ। यसको मूल भागमा चिकपा केन्द्रीय समितिको केन्द्रीकृत र एकीकृत नेतृत्व हो, जसले शासनका सबै तहहरूमा सुसङ्गतता र समन्वय सुनिश्चित गर्दछ। पार्टीले दिगो विकास र सामाजिक स्थायित्वलाई प्रवर्द्धन गर्ने नीतिहरू निर्माण गर्न आफ्नो नेतृत्व प्रयोग गरी सामाजिक रूपान्तरणको मार्गनिर्देशनमा आफ्नो भूमिकालाई पनि जोड दिन्छ।

यो आत्मसुधार नयाँ युगको लागि चिनियाँ विशेषताहरूसहितको समाजवादमा सी चिनफिङ विचारधारासित जोडिएको छ, जसले शासन र नीति नवीनताको लागि एक रूपरेखा प्रदान गर्दछ। आत्मसुधारको माध्यमबाट पार्टीले जोखिमको निरन्तर मूल्याङ्कन गर्दै र संस्थागत लचिलोपनलाई सुदृढ गर्दै राजनीतिक पतनको ऐतिहासिक चक्रबाट मुक्त हुन खोज्छ। यसमा चिकपाजस्तो ठुला, जटिल राजनीतिक सङ्गठनहरूले सामना गर्ने अनौठो चुनौतीहरूलाई सम्बोधन गर्ने समावेश छ, जस्तै विभिन्न क्षेत्रहरूमा लाखौँ सदस्यहरूलाई समन्वय गर्ने।

व्यावहारिक उपायहरू आन्तरिक शासन प्रणाली सुधार गर्न, नियम, प्रक्रिया र निरीक्षण संयन्त्रहरू प्रभावकारी र लागू गर्न योग्य छन् भनी सुनिश्चित गर्नमा केन्द्रित हुन्छन्। पार्टीले सक्षम र प्रतिबद्ध सङ्गठनहरू निर्माण गर्ने, नेतृत्व र प्रतिभालाई आफ्नो दायराभित्र बढाउँदै लैजानेलाई पनि प्राथमिकता दिन्छ। सुधारको केन्द्रबिन्दु भनेको दुराचारलाई सच्याउन र भ्रष्टाचारविरुद्धको लडाइँमा बलियो अनुशासनात्मक र पर्यवेक्षण प्रणालीको साथमा छ। अन्तमा, आत्मसुधारले पार्टीको आन्तरिक पर्यवेक्षणलाई सार्वजनिक निरीक्षणसँग एकीकृत गर्दछ, प्रत्येक तहमा जवाफदेहिता र पारदर्शितालाई सुदृढ गर्दछ।

**ग. प्रभाव र विश्वव्यापी महत्त्व: परिणाम र जनसमर्थन**

चीनको आत्मसुधारले मापनयोग्य परिणामहरू दिएको छ। घरेलु सर्वेक्षणहरूले सङ्केत गर्दछ कि चिनियाँ उत्तरदाताहरूको ९४.९ प्रतिशतले पार्टीको सुधारलाई अनुमोदन गरेको छ र ९३ प्रतिशतले केन्द्रीय सरकारप्रति सन्तुष्टि व्यक्त गर्दछ। अन्तर्राष्ट्रिय रूपमा, लगभग ७० प्रतिशत विदेशी उत्तरदाताहरूले पार्टीको शासन र अनुशासनात्मक उपायहरूलाई सकारात्मक रूपमा हेर्छन्। यी नतिजाहरूले पार्टीको एकीकृत दृष्टिकोणको प्रभावकारितालाई प्रतिबिम्बित गर्दछ जसले आन्तरिक शासन, कानुनी प्रवर्तन र सार्वजनिक निरीक्षणलाई संयोजन गर्दछ।

राजनीतिक इच्छाशक्ति, संस्थागत सुधार, भ्रष्टाचारविरुद्धको व्यापक रणनीति र सार्वजनिक संलग्नता सबै अभिन्न अङ्ग भएकाले चीनले जवाफदेही शासनको राम्रो उदाहरण प्रस्तुत गरेको छ। कठोर पार्टी अनुशासनलाई राष्ट्रिय कानुन र सार्वजनिक सुपरिवेक्षणसँग जोडेर, चिकपाले जटिल राजनीतिक प्रणालीहरूलाई प्रभावकारी र दिगो शासनतर्फ अघि बढाएको छ, जुन बाटो अन्य राष्ट्रहरूले सुशासनको आफ्नै खोजमा सान्दर्भिक उदाहरण हुन सक्छन्।

*(झेङ यिन एक अन्तर्राष्ट्रिय मामिला पर्यवेक्षक हुन्।)*

# बाह्य कोलाहलले चीनको जातीय एकता र प्रगति कहिल्यै डगमगाउने छैन

जातीय एकता तथा प्रगति प्रवर्द्धन ऐन बुधबारबाट औपचारिक रूपमा लागू भएको छ। कानुनको उद्देश्य के हो ? यसको प्रस्तावनाको यो खण्डले स्पष्ट जवाफ दिन्छः "चिनियाँ राष्ट्र सबै जातीय समूहहरूको एकताबाट बनेको ठुलो परिवार हो। जातीय एकता सबै चिनियाँ जनताको जीवनरेखा हो। चिनियाँ राष्ट्रको महान् पुनरुत्थान सबै चिनियाँ छोराछोरीहरूको साझा आकांक्षा हो र राष्ट्रिय एकताको रक्षा गर्नु सबै चिनियाँ जनताको साझा दायित्व हो।"

अनिवार्य रूपमा, "जातीय एकता र प्रगति प्रवर्द्धन कानुन चिनियाँ राष्ट्रको मौलिक र समग्र हितको रक्षा गर्ने एक सहज कानुन हो। यो संवैधानिक प्रावधानहरू कार्यान्वयन गर्न, जातीय मामिलाहरू सम्हाल्न र जातीय कार्यहरू सञ्चालन गर्ने आधारभूत कानुन हो," पेकिङ विश्वविद्यालयका प्राध्यापक मा रोङले उल्लेख गर्नुभयो।




कानुनको कार्यान्वयनले जग बलियो बनाउन, अपेक्षाहरू स्थिर गर्न र दीर्घकालीन लाभहरू प्रदान गर्न कानुनको शासनको भूमिकालाई अझ राम्रोसँग लिनेछ। यसले जातीय एकता र प्रगतिमा उच्च गुणस्तरीय विकासलाई अगाडि बढाउनेछ, सबै जातीय समूहहरूलाई अनारको बीउजस्तै घनिष्ठ रूपमा एकताबद्ध रहन प्रोत्साहित गर्नेछ र चिनियाँ राष्ट्रको महान् एकतामार्फत चिनियाँ आधुनिकीकरणलाई प्रवर्द्धन गर्न शक्तिशाली शक्ति निर्माण गर्नेछ।

यद्यपि नयाँ कानुन लागू भएपछि, केही पश्चिमी देशहरू र मिडिया आउटलेटहरू, स्पष्ट रूपमा पूर्वाग्रहद्वारा सञ्चालित, निराधार आरोपहरू र चीनको जातीय मामिलामा जानाजानी फतुरहरू लगाएका छन्। तथ्यबाट अलग र पूर्वाग्रहले आकार दिएका उनीहरूका दाबीहरू चीनको समग्र विकासलाई बेवास्ता गर्ने र यसको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने एकतर्फी बयानबाजीबाहेक अरू केही होइनन्।

जुन २४ मा राज्य परिषद्को सूचना कार्यालयको पत्रकार सम्मेलनमा राष्ट्रिय जन कांग्रेस (एनपीसी) को स्थायी समितिका सदस्य र एनपीसी जातीय मामिला समितिका अध्यक्ष बा यानकोलुले जातीय अल्पसङ्ख्यक क्षेत्रका सबै ४२० गरिबी प्रभावित काउन्टीहरू र गुआउ क्षेत्रका ३१ लाख, स्वशासित क्षेत्रका ३१ लाख मानिसहरूको तथ्याङ्क प्रस्तुत गरे। युनान र छिङहाईलाई निर्धारित समय अनुसार गरिबीबाट बाहिर निकालिएको छ।

"अन्य कुन देश वा राजनीतिक दलले यस्तो नतिजा हासिल गरेको छ ? पूर्वाग्रहबाट कथाहरू र सनसनीपूर्ण मुद्दाहरू बनाउनुको औचित्य के हो ? यी उपलब्धिहरू जातीय समानता र साझा विकासको आधार हुन्। के तिनीहरूले वास्तवमै देख्न सक्दैनन् ?" केही विदेशी संस्थाले गरेको दाबीबारे सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै बेइन्चाओलुले भने।

केही विदेशी सञ्चारमाध्यमहरूले लामो समयदेखि चीनको जातीय मामिलालाई विकृत लेन्सबाट हेर्दै आएका छन्, बानीपूर्वक गलत व्याख्या गर्दै छन् र आफ्नो नीति र विकासलाई छनोट गर्दै छन्। यी कथाहरू वस्तुपरक तथ्यमा आधारित छैनन् तर प्रचलित पूर्वाग्रहबाट उत्पन्न भएका छन्। उनीहरूले चीनको जातीय मामिलालाई अन्तर्राष्ट्रिय बहसको क्षेत्रमा कन्टेन्ट उपकरणमा परिणत गर्ने प्रयासमा सामान्य शासन अभ्यासलाई राजनीतिकरण गर्छन् र दाग लगाउँछन्।

तर त्यस्ता राजनीतिक बयानबाजीले वास्तविकतालाई परिवर्तन गर्न सक्दैन। २०२५ मा, ग्लोबल टाइम्सले लगभग ३० विदेशी विशेषज्ञहरूलाई आमन्त्रित गर्‍यो जसले आफ्ना अवलोकनहरू साझा गर्न व्यक्तिगत रूपमा उत्तरपश्चिम चीनको सिनजियाङ उइघुर स्वायत्त क्षेत्र र दक्षिणपश्चिमी चीनको सिजाङ स्वायत्त क्षेत्रको भ्रमण गरेका थिए। उनीहरूले प्रत्यक्ष रूपमा देखेका कुराहरूले विदेशी मिडियाका आरोपहरूलाई पूर्णतया आधारहीन बनायो।

"चीन एक एकीकृत बहुजातीय देश हो। यसका ५६ जातीय समूहहरूले संयुक्त रूपमा चुनौतीहरूको सामना गरी साझा भविष्यको अविभाज्य समुदायको रूपमा आफ्नो साझा मातृभूमि निर्माण गरेका छन्। त्यस्ता ऐतिहासिक परम्परा र मौलिक राष्ट्रिय परिस्थितिहरूको आधारमा चीनले आफ्नै वास्तविकता अनुरूप जातीय मामिलाहरूको विकासको बाटो बनाएको छ," वाङ इन्स्टिच्युटका निर्देशक र चिनियाँ सामाजिक विज्ञान एकेडेमीअन्तर्गत मानवविज्ञान अनुसन्धानका वाङले भन्नुभयो।

चीनको विशिष्ट मार्ग सीधा छः सबै जातीय समूहका मानिसहरूले साँच्चै समान राजनीतिक अधिकार उपभोग गर्ने र देशको मालिकको रूपमा आफ्नो भूमिका संयुक्त रूपमा प्रयोग गर्ने र सबै जातीय समूहहरूबिच साझा एकता र सङ्घर्षका साथै साझा समृद्धि र विकास हासिल गर्ने। अगाडि, चीन आफ्नो रोजेको बाटोमा प्रतिबद्ध रहनेछ।

जातीय एकता र प्रगति प्रवर्द्धन कानुनले संस्थागत र कानुनी शक्तिलाई प्रभावकारी शासन परिणाममा परिणत गर्नेछ। बाहिरी कोलाहल जतिसुकै ठुलो किन नहोस्, चीनको जातीय एकता र प्रगतिलाई कहिल्यै डगमगाउने छैन।

*- ग्लोबल टाइम्स*

# उनान्सय चोक पुनर्जीवित गर्ने ध्येयका साथ अघि बढ्दै भनपा

भक्तपुर । राष्ट्रिय कला सङ्ग्रहालयको ६६ औँ स्थापना दिवसको अवसरमा असार १७ गते भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनील प्रजापतिले 'सङ्ग्रहालय सुरक्षा तथा व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम' को उद्घाटन गर्दै राष्ट्रिय कला सङ्ग्रहालयको महत्त्व दिनप्रतिदिन बढ्दै गएको बताउनुभयो । सङ्ग्रहालय अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढिरहेको उल्लेख गर्दै उहाँले सम्पदा संरक्षणको मुख्य उद्देश्य नयाँ पुस्तालाई देशको इतिहास, कला र संस्कृतिसँग परिचित गराउनुका साथै विदेशी पर्यटकसमक्ष नेपालको मौलिक सम्पदा प्रस्तुत गर्नु रहेको बताउनुभयो ।

उहाँले भक्तपुरलाई सम्पदाले भरिपूर्ण ऐतिहासिक नगरका रूपमा संरक्षण गर्ने लक्ष्यअनुसार नगरभित्र रहेका सबै संरचनालाई मौलिक शैलीमै पुन:निर्माण गर्ने नीति अवलम्बन गरिएको उल्लेख गर्दै ९९ चोक संरक्षण र पुनर्जीवित गर्ने उद्देश्यका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुभयो । उहाँले मौलिक पहिचान जोगाउँदै सम्पदाको संरक्षण गर्नु नै भावी पुस्ताप्रतिको जिम्मेवारी भएको धारणा व्यक्त गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र पुन:निर्माणलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आएको बताउँदै ५५ झ्याले दरबारको पुन:निर्माणका क्रममा भित्तेचित्रलाई सुरक्षित राख्दै पुन:स्थापना गरिएको जानकारी दिनुभयो । उहाँले भित्तेचित्रप्रति विदेशी पर्यटकको विशेष आकर्षण रहने बताउँदै हाडा छेँको पुन:निर्माण पनि त्यहाँ रहेका भित्तेचित्रका कारण प्राथमिकतामा परेको उल्लेख गर्दै भूकम्पका कारण केही भित्तेचित्र जोगाउन नसकिएको भए पनि सुरक्षित राखिएका तस्बिरका आधारमा त्यहाँ रहेका भित्तेचित्र बनाउन दिने अवगत गराउनुभयो ।

उहाँले २०७२ सालको भूकम्पले भक्तपुरका सम्पदामा ठुलो क्षति पुऱ्याए पनि भक्तपुर नगरपालिकाले पुन:निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाएको बताउँदै हालसम्म १७८ वटा सम्पदा मौलिकता कायम राख्दै पुन:निर्माण सम्पन्न गरिएको जानकारी दिनुभयो ।

नगर प्रमुख सुनील प्रजापतिले सम्पदा संरक्षणको महत्त्व नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममार्फत विद्यार्थीलाई सम्पदा, इतिहास, कला र संस्कृतिबारे अध्ययन अध्यापन गराउँदै आएको बताउनुभयो ।

नगर प्रमुखले भक्तपुर नगरपालिकाले आन्तरिक पर्यटक केन्द्रित बजेट निर्माण गर्दै आएको बताउँदै भक्तपुरको मौलिक सम्पदा, संस्कृति र परम्परागत वास्तुकलाप्रति आकर्षित हुने आन्तरिक पर्यटकको सङ्ख्या निरन्तर बढिरहेको छ भन्नुभयो ।

उहाँले नगरपालिकाले मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीलाई अनुदान प्रदान गर्दै आएको उल्लेख गर्दै निजी घरलाई पनि सम्पदाको रूपमा संरक्षण र प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिएको बताउनुभयो । यसबाट नगरको मौलिक स्वरूप जोगिनुका साथै सम्पदामैत्री वातावरण निर्माण भई पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगेको उहाँको भनाइ थियो ।

उहाँले भक्तपुर नगरपालिकाले इतिहास, संस्कृति तथा सम्पदा विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरूप छात्रवृत्ति प्रदान गर्दै आएको बताउँदै इतिहास र संस्कृतिको संरक्षण तथा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको उल्लेख गर्नुभयो ।

इतिहास, संस्कृति, सम्पदा तथा स्थानीय विषयमा अध्ययन-अनुसन्धान गर्ने विद्यार्थी तथा अनुसन्धानकर्तालाई अनुसन्धानवृत्ति समेत प्रदान गर्दै आएको पनि उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति तथा पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले हाम्रो सम्पदा र यसको वास्तुकला नै हाम्रो पहिचान भएको बताउनुभयो । उहाँले यो मानव सभ्यताको उत्कृष्ट नमुना भएकाले यसको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले भक्तपुर आफैँमा ऐतिहासिक तथा विश्वसम्पदा सूचीमा सूचिकृत नगर भएकाले यहाँको मौलिक संस्कृति र सम्पदाको संरक्षण सबैको साझा दायित्व भएको बताउनुभयो । आधुनिकतासँगै मौलिक पहिचान सङ्कटमा पर्दै गएको उल्लेख गर्दै उहाँले संस्कृति जोगाउन सके मात्र समुदायको पहिचान जोगिने धारणा राख्नुभयो ।

उहाँले राष्ट्रिय कला सङ्ग्रहालयले कला, संस्कृति र सम्पदाको संरक्षण, अध्ययन तथा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउँदै भावी पुस्तालाई ऐतिहासिक तथा सांस्कृतिक सम्पदाबारे जानकारी गराई संरक्षणप्रति जिम्मेवार बनाउन सङ्ग्रहालयको भूमिका अझै महत्त्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय कला सङ्ग्रहालयकी प्रमुख जयन्ती श्रेष्ठ प्रधानले सङ्ग्रहालय स्थापना भएको इतिहासबारे जानकारी दिँदै पुरातात्त्विक महत्त्वका सामग्री सङ्कलन, संरक्षण र प्रदर्शनलाई निरन्तरता दिइएको बताउनुभयो । उहाँका अनुसार सङ्ग्रहालयमा चित्रकला, धातुकला, काष्ठकला, प्रस्तरकलालगायत करिब २,१०० वटा पुरातात्त्विक वस्तुसङ्ग्रहमा रहेकाको सोही क्रममा अवगत गराउनुभयो ।

इतिहासविद् प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठले सङ्ग्रहालय स्थापनाकालदेखि नै योगदान गर्न पाएकोमा आत्मसन्तुष्टि मिलेको बताउनुभयो । उहाँले जगन्नाथ मन्दिर पुन:निर्माणमा त्यहाँ रहेका शिलालेखका प्रमाण तथा आफूले गरेका अध्ययन-अनुसन्धानले महत्त्वपूर्ण सहयोग पुगेको उल्लेख गर्दै कला सङ्ग्रहालयले शिलालेख तथा पुरातात्त्विक सम्पदाको संरक्षणमा अझ विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो । उहाँले भक्तपुरलाई "खुला आकाशमुनि रहेको एउटा खुला सङ्ग्रहालय' को रूपमा व्याख्या गर्नुभयो ।

इतिहासविद् विश्वमोहन श्रेष्ठले राष्ट्रिय कला सङ्ग्रहालयको निरन्तर प्रगतिको शुभकामना व्यक्त गर्दै पुराना कला र संस्कृतिले तत्कालीन समाजको यथार्थ अवस्थाबारे जानकारी दिने भएकाले यस्ता सम्पदाको संरक्षण र जीवन्तता कायम राख्नु आवश्यक रहेको बताउनुभयो । उहाँले ख्वप कलेजमा संस्कृति तथा सङ्ग्रहालयसम्बन्धी अध्ययन-अध्यापन भइरहेकाले नयाँ पुस्तामा सम्पदा संरक्षणको चेतना हस्तान्तरण हुने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालयको ६६ औँ स्थापना दिवसको अवसरमा सङ्ग्रहालयमा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले क्षमता अभिवृद्धि कार्यक्रमसमेत रहेको आयोजक समितिले जनाएको छ ।

# मजदुर सङ्घद्वारा ऐतिहासिक भ्रष्टाचारविरोधी कार्यक्रम गरियो




भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा भ्रष्टाचारविरोधी दिवसको संस्मरणको अवसरमा भएको 'श्रमिक' साप्ताहिक पत्रिकाको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले २०२५/२०२६ सालमा नै नेपाल क्रान्तिकारी किसान सङ्घले सहकारीका भ्रष्टाचारीलाई उल्टा टोपी लगाई नगर परिक्रममा गराएको उल्लेख गर्नुभयो । नेपालमा भ्रष्टाचारको विरोध गर्ने र भ्रष्टाचारीलाई जनकारबाही गर्ने एउटै मात्र पार्टी नेपाल मजदुर किसान पार्टी हो, उहाँले भन्नुभयो ।

पार्टीको सिद्धान्तअनुसार देश र जनताको सेवा गर्ने भावना मजदुरहरूमा हुनुपर्ने विचार व्यक्त गर्दै उहाँले मजदुरहरू सङ्गठित भई आफ्नो हक र अधिकारको निम्ति लड्न तयार हुनुपर्ने बताउनुभयो । उहाँले मजदुरहरूले पनि नियमित अध्ययन गरी अन्तरक्रियालगायत अन्य कार्यक्रमहरू गर्नुपर्ने चर्चा गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष विष्णुराम दुमरुले वर्तमान सरकारको कुनै सिद्धान्त, विचार र दर्शन नभएको कारण आगामी दिनमा देशले ठुलो सङ्कटको सामना गर्नुपर्ने बताउनुभयो ।

उहाँले प्रम बालेन सरकारले १०० दिनमा १०० गर्ने वाचा झूटो साबित भएको र सुकुमवासीलगायत सारा नेपाली जनतालाई दु:ख दिई शिक्षा र स्वास्थ्यमा कर लगाएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा सङ्घका जिल्ला सचिव रमेश दुमरु, विक्रम ढुकुछु, गणेशप्रसाद सुवाल र रामकृष्ण बखुन्छेलगायतले बोल्नुभएको थियो ।

**सुन...**

राजकुमारी वेनचेङ बरोबर एउटा गीत गुन्गुनाउँथिन् - धर्ती मबाट छैन पर, यो धर्ती नै मेरो घर । यो गीत मेरो गलामा झुन्डिरह्यो । यो गीतको भावबारे म धेरैबेर घोत्लिएँ । उनको युगमा चीनका खानदानी छोरीहरू बिरलै मात्र आफ्नो मौजाबाहिर निस्किन्थे । हजारौँ किलोमिटर टाढा जानु सोचबाहिरको कुरा थियो । तर, राजकुमारी वेनचेङ धेरै टाढा आइन् । 'अर्धसभ्य' मानिने तिब्बतमा आइन् ।

तिब्बतको यात्रा गर्दा उनको मनमा अनेक उल्झन आएको हुनुपर्छ । सुरुमा उनका पिताले राजाको आज्ञा मान्न अस्वीकार गरेका थिए । वेनचेङले आफ्ना पिताको ज्यान जान सक्ने देखिन् । एक सन्तानको कर्तव्यलाई शिरोपर गर्दै वेनचेङले ५ हजार किलोमिटर लामो यात्रा गरिन् । यात्रामा उनले ठिहिऱ्याउने पर्वतमाला र विकट भूभाग छिचोल्नुपऱ्यो । चीनको इतिहासकै एउटा कठोर यात्रा थियो त्यो । आज पनि उनको गीतमा त्यो ऐतिहासिक यात्राको सुन्दर र प्रतीकात्मक वर्णन झल्किन्छ ।

यात्रामा नौला मानिसहरूसँग जम्काभेट भइहाल्छ । डाँडामाथिबाट ल्हासालाई हेरिरहँदा संयोगले मैले तिब्बतका एक धर्मगुरुलाई भेट्न पाएँ । उनी तिब्बतका सबैभन्दा सम्मानित आध्यात्मिक अगुवामध्ये एक हुन् ।

त्यो क्षण एकदम गजब थियो । सहरमाथि एकप्रकारको मौनता छाएको थियो । त्यही ती धर्मगुरुको व्यक्तित्वले म धन्य भएँ ।

तिब्बतको ५ हजार मिटर उचाइमा मैले भारतका नाम चलेका चार्टर अकाउन्टेन्ट, वित्तीय सल्लाहकार र परामर्शदाता आरकुमार सिँगललाई पनि भेटेँ ।

उनी भारतको राजधानी दिल्लीबाट कारमा लन्डन जाँदै रहेछन् । ६९ दिनमा उनले २० देश घुम्ने कार्यक्रम रहेछ । मैले 'अनुमतिपत्र लिन गाऱ्हो भएन ?' भनी सोधेँ । उनले सहजै 'पटक्कै भएन' भने । तिनको रोबरवाफ देखेर म छक्क परेँ । यो जुनीमा म उनीजस्तो सफल बन्न सक्दिन भन्ने लाग्यो ।

तिब्बतमा दैनिक जीवनमा धार्मिक भक्तिभाव गहिरोसँग गढेको छ । धेरै सार्वजनिक र निजी स्थान, सबैतिर यसको प्रमाण देख्न सकिन्छ । मानिसहरू मठमा मात्र होइन, गाउँका सडकहरूमा पनि प्रार्थना गरिरहेका हुन्छन् । घरका पर्खालहरूमा पवित्र कुलदेवताहरूको तस्बिर कोरिएको देख्न सकिन्छ ।

यी चित्र र प्रार्थनाका क्षण देख्दा दैनिक जीवनमा तिब्बती बौद्ध धर्मका जराहरू केलाउन सकिन्छ । बौद्ध धर्मलाई त्यहाँ सुरक्षा र आशीर्वादको अजस्र स्रोत मानिन्छ ।

गाउँतिर मैले सर्वसाधारणहरू तिब्बतीहरूको दैनिक जीवन देखेँ । उनीहरूमध्ये कतिपयले विश्राम गरिरहेको देखेँ, त कतिपयले आराम गर्दै आपसमा गफगाफ गरिरहेको देखेँ ।

पश्चिमा मिडियाहरू तिब्बतका बालबच्चाले विद्यालयमा मेन्डारिन र तिब्बती लिपि सिकाइन्छ भनी नपत्याउलान् । तर, मैले त्यस्ता धेरै बालबच्चा भेटेँ, जसले दुवै लिपि लेख्न जानेका थिए । तर, तिब्बती भाषामा बाल-साहित्य पनि छापेको पाएँ ।

५ हजार मिटरको उचाइमा मैले दुई तिब्बतीसँग दोस्ती गरेँ । उनीहरू दुवैजना एकदम खाइलाग्दा थिए । खासमा तिनीहरू ७० केजीका तिब्बती कुकुर थिए । तिनले मठमन्दिर र वस्तुभाउको पहरेदारी गर्दा रहेछन् । तिनले गाईबाख्रालाई ब्वाँसो, हिमचितुवा र भालुबाट जोगाउँदा रहेछन् । तिनका बाक्ला लुगा कठोर हिमाली हावापानी छल्न पर्याप्त थिए ।

ती कुकुरहरू अत्यन्त बुद्धिमान, तालिमप्राप्त र आज्ञाकारी भएको तिनका मालिकले मलाई बताए । कुकुरप्रेमीहरूका लागि ती कुकुर असाध्यै रहरलाग्दा थिए । नजिक पुग्दा तिनीहरू मान्छेजस्तै भद्र लागे ।

तिब्बत यात्रामा मैले अरूले जस्तो अक्सिजनको बोतल बोक्नुपरेन । शरीरले साथ दियो । त्यही भएर मैले यात्राको आनन्द लिन सकेँ । उचाइमा समेत कारमाथि गीत घन्काउँदै घुमियो । वरिपरि सुन्दर पहाड र पृष्ठभूमिमा निलो पानीको दृश्यले यात्रा रमणीय रह्यो ।

तिब्बत भौगोलिक छटाले भरिएको छ । अग्ला पठारदेखि हिउँले ढाकेका हिमालहरू सर्वत्र देखिन्छन् । गहिरा उपत्यका, सफा ताल र अन्तहीन खुला आकाशले ढाकिएको छ तिब्बत ।

तिब्बतका एकदम विकट क्षेत्रमा समेत पुलपुलेसा र विद्युत प्रसारण लाइन देख्न सकिन्छ । स्थानीय जनताको जीवनस्तर उकास्न र उनीहरूको जीवन सहज बनाउन सरकारले हरसम्भव उपाय लगाएको महसुस हुन्छ ।

**मूल्यमान्यताको अन्तर**

चिनियाँ नेताहरूका तस्बिर तिब्बतका विभिन्न सार्वजनिक स्थानहरूमा देख्न सकिन्छ । यी नेताले तिब्बती जनतालाई गरिबी र दरिद्रताको रसातलबाट माथि उठाउने सङ्कल्प गरेका थिए । आज एकएक पाइला गर्दै त्यो वचन पूरा हुँदैन । यसको विपरीत छन् भारतमा निर्वासनमा बसिरहेका दलाई लामा । तीन वर्षअघि भारतस्थित धर्मशालामा एक बच्चालाई आफ्नो जिब्रो चुस्न लगाएको उनको भिडियो सबैले देखेका छन् ।


तिब्बतमा मैले धेरै तिब्बतीहरूलाई मुसुमुसु हाँसिरहेको पाएँ ।

मैले एक तिब्बती बुढाबाले आफ्ना नातीलाई थपडी लगाउन सिकाएको देखेँ । बच्चाले थपडी बजायो पनि !

मैले एक सुखी बाबुलाई आफ्नी छोरीसँगै उफ्रीउफ्री नाचिरहेको देखेँ । छिमेकीहरू ती बाबुछोरीलाई हेरेर मक्ख परिरहेका थिए ।

*-समाप्त*

**(स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक)**





# वागीश्वरीमा कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई बधाई तथा मार्गनिर्देशन




भक्तपुर। वागीश्वरी माध्यमिक विद्यालयले राष्ट्रिय परीक्षा बोर्डले लिएको वार्षिक परीक्षा २०८३ मा परीक्षा उत्तीर्ण ४ सय ५७ जना विद्यार्थीलाई असार २० गते बधाई तथा मार्गनिर्देशन दिँदै दीक्षित गऱ्यो। कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनील प्रजापतिले देशकै प्रतिष्ठित र अरूको मूल्याङ्कनमा अग्रपङ्क्तिमा परेको वागीश्वरी कलेज विद्यार्थीको रोजाइको प्राथमिकतामा पर्ने बताउँदै पढ्नको लागि जुनसुकै देश गए पनि आफ्नो ज्ञान सीप आफ्नै देश र समाजकै हितमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सरकारले युवा विदेश पलायन रोक्न नसकेकोमा पनि गुनासो गर्नुभयो। छिटो परीक्षाफल प्रकाशित गर्ने नाउँमा विद्यार्थीको जीवनमाथि खेलबाड गरेको बताउँदै छिटोभन्दा पनि विश्वासिलो र भरपर्दो परीक्षाफलमा ध्यान दिनुपर्ने बताउनुभयो। विद्यार्थीहरू अन्य देशको झिलिमिलीमा फस्न नहुने बताउँदै उहाँले ज्ञान विज्ञानको केन्द्रको रूपमा भक्तपुरलाई परिचित गराउन भक्तपुर नपाले विभिन्न कार्यक्रम ल्याएको स्पष्ट पार्नुभयो। हरेक व्यक्तिले विज्ञता हासिल गर्नुपर्नेमा जोड दिँदै उहाँले आमा बुबाका लागि भन्दा देश र समाज निर्माण गर्नका लागि आफ्नो क्षमता र रोजाइअनुसार गन्तव्य चयन गर्नुपर्ने औँल्याउनुभयो। उहाँले भक्तपुर नपाले अनुसन्धानात्मक कार्यमा जोड दिँदै अनुसन्धानवृत्तिको बन्दोबस्त गरेको, शैक्षिक ऋणको व्यवस्था गरेको स्पष्ट पार्नुभयो।

विद्यालय व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापतिले कक्षा १२ पछिका विद्यार्थीको जिम्मेवारी बढ्दै जाने बताउँदै शिक्षा केवल कागजी प्रमाणपत्र नभई यसलाई सीप र संस्कारसहितको शिक्षाको रूपमा लिनुपर्नेमा जोड दिनुभयो। उहाँले नजिकको तीर्थ हेला भनेझैँ वागीश्वरीकै विद्यार्थीले वागीश्वरीलाई नचिन्दा धेरै दुःख पाएको स्पष्ट पार्दै देशकै नमुना वागीश्वरीका विद्यार्थी पनि संस्कार र अनुशासनमा नमुना नै हुनुपर्ने बताउनुभयो। वागीश्वरीका विद्यार्थी कुनै पनि चुनौतीको सामना गर्दै देशका हरेक क्षेत्रमा लागिरहेको उल्लेख गर्दै उहाँले यहाँका विद्यार्थीको क्षमता नै कलेजको शक्ति भएको स्पष्ट पार्नुभयो। वागीश्वरीको उज्ज्वल भविष्यमा विद्यार्थीहरूले साथ दिने अपेक्षा गर्दै उहाँले वार्षिक करोडौँ रुपैयाँ छात्रवृत्ति दिइरहेको वागीश्वरी कलेज गैरनाफामुखी सामुदायिक कलेज भएको बताउनुभयो।

वागीश्वरी कलेज अफ मानाजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले भक्तपुर जिल्लाकै उत्कृष्ट गन्तव्य वागीश्वरी रहेको चर्चा गर्दै उहाँले क्षमता अभिवृद्धिका नयाँ कार्यक्रम वागीश्वरीले ल्याएको बताउनुभयो। वागीश्वरीको नयाँ कार्यक्रमको रूपमा त्रिभुवन विश्वविद्यालयबाट बीबीए, बीसीए, बीआइटी ल्याउने प्रक्रियामा रहेको उहाँको भनाइ छ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वागीश्वरी कलेजले चार वर्षमा चारवटा क्षमता र सीप दिने गरी कार्यक्रम ल्याएको बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले विज्ञानमा ८५.४ प्रतिशत, व्यवस्थापनमा ७६.५० प्रतिशत, मानविकीमा ८६.६७ प्रतिशत र शिक्षामा ८९.२० प्रतिशत विद्यार्थीहरू ग्रेडेड भएको बताउँदै समाज परिवर्तन र व्यक्तित्व विकासका लागि शिक्षा क्षेत्रमा नेपालमै सम्भव छ भन्ने प्रमाणित भएको बताउनुभयो। उहाँले पढाइपश्चात्को ज्ञान र सीप देश र समाजकै लागि उपयोग गर्नुपर्ने बताउँदै भक्तपुर जिल्लाकै क्यूएए गुणस्तर प्राप्त सामुदायिक कलेज वागीश्वरी रहेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा स्वागत गर्दै वागीश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले विद्यालयका गतिविधिहरू श्रम र उत्पादनमूलक क्षेत्रसँग जोडेर अघि बढेको बताउनुभयो। गुणस्तरीय शिक्षासँगै समय र खर्चको बचत गर्न पनि वागीश्वरी नै रोज्नुपर्नेमा उहाँको जोड छ।

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानाजमेन्टका विद्यार्थी युनिका तुल्सिबाख्य, वागीश्वरी कलेज तेस्रो वर्षका विद्यार्थी लक्ष्मी तामाङ, कक्षा १२ विज्ञानतर्फबाट ३.९५ ग्रेड लिई उत्तीर्ण विद्यार्थी विमलकुमार थापाले आफ्नो अनुभव बताएको उक्त कार्यक्रममा विद्यार्थीहरूबाट गीत, सङ्गीत र नृत्यको प्रस्तुति भएको थियो। कार्यक्रममा प्रमुख अतिथि, अतिथिबाट उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो।

# शोभा प्रधानको स्मृति सभा तथा अन्तरक्रिया कार्यक्रम



भक्तपुर। नेपाल क्रान्तिकारी महिला सङ्घ १ वडा सल्लाघारी प्रारम्भिक समितिको आयोजनामा शोभा प्रधानको चौथो स्मृति सभा तथा अन्तरक्रिया कार्यक्रम असार १७ गते भयो।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका रामेश्वरी राजलवटले शोभा प्रधानको जीवनीबारे प्रकाश पार्नुभएको थियो। उहाँले देश र जनताको सेवामा निरन्तर लागेर विशेष गरी भक्तपुरका तल्लो वर्गका महिला दिदी बहिनीहरूलाई शिक्षित बनाउने र आफ्नो स्वास्थ्यप्रति विशेष ध्यान दिनको लागि घच्घच्याउने शोभा प्रधानबाट हामीले धेरै सिक्नु आवश्यक छ भन्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष भई शोषित पीडित वर्गलाई माथि उठाउनुको निम्ति सधैँ अग्रसर भई लागिरहने शोभा प्रधानको योगदानबारे उहाँले चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, "महिला दिदी बहिनीहरूलाई लाग्ने विभिन्न रोगबारे थाहा नहुने र रोग लुकाइराख्ने बानीले भविष्यमा स्वास्थ्यमा समस्या आउने भएकोले महिला रोगबारे सचेत गर्न उहाँ सधैँ लागिरहनुहुन्थ्यो।"

नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा १ सल्लाघारी प्रारम्भिक समितिका संयोजक शिवलक्ष्मी दुवालले २०४५ सालमा राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको बेला शोभा प्रधानले महिला दिदी बहिनीहरूलाई सङ्गठित र सचेत पुऱ्याउने काम गरेको उहाँले बताउनुभयो। कार्यक्रममा रेणु राजलवटले पनि बोल्नुभएको थियो।

# भ्रष्टाचारविरोधी आन्दोलनबारे प्रवचन




भक्तपुर। वि.स. २०२५ साउन २ तथा २०२६ असार १९ गते भएको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन विषयमा नेपाल क्रान्तिकारी किसान सङ्घ, चाँगुनारायण नगर समितिको आयोजनामा असार २० गते प्रवचन कार्यक्रम भयो।

नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजूले पार्टीले देश र जनताको सेवा गर्न राजनीति गरिरहेको बताउनुभयो। पार्टीका कार्यकर्ता क्रियाशील, अध्ययनशील, अनुशासित भई अघि बढ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले जनताको आवश्यकता र अघि बढ्नुपर्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले पार्टी नीति र निर्देशानुसार किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गरी विश्वका जनताको हक हितको बारेमा कठीनभन्दा कठीन आन्दोलन अघि बढाई देश र जनताको पक्षमा निरन्तर गतिविधिहरू भइरहेको प्रस्ट्याउनुभयो।

कार्यक्रममा समितिका उपाध्यक्ष जि.राम सुवाल, एस.बी. फोजुले पनि बोल्नुभएको थियो।

# नयाँ पुस्ताले संस्कार र संस्कृति सिक्न आवश्यक

भक्तपुर। नेमकिपा भ.न.पा.४ वडा समितिको आयोजनामा असार २० गते नेक्राविसङ्घ समर्थित विद्यार्थीहरूको भेला सम्पन्न भयो।

ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरण गर्दै उहाँले जनताले सहकारी ठगी र अनियमितता गर्ने कसैलाई बाँकी नराख्ने जिकिर गर्नुभयो। बुर्किना फासोका राष्ट्रपति इब्राहिम टावेलले आफू मात्रै धनी भएर पुग्दैन, समाज नै धनी बन्नुपर्छ भन्ने कम्युनिस्ट विचार राखेर काम गर्दा अहिले ६ वर्षपछि कृषि, बिजुलीमा आत्मनिर्भर देश बनाउन सफल भएको बताउँदै उहाँले स्पष्ट दृष्टिकोणबिना व्यक्ति एक्लै अगाडि बढ्न खोज्नु भनेको अराजकता हो भन्नुभयो। अतिथि ज्याख्वले नयाँ पुस्ताले संस्कार र संस्कृति सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरूले पढाइबाहेक देश र समाजबारे चिन्तन मनन गर्नुपर्ने र घर परिवारसँगै समाजको सकारात्मक परिवर्तनका लागि सामाजिक जिम्मेवारी बहन गरी विगतमा अग्रज पुस्ताले गाउँ, नगर र देशको निम्ति गरेका योगदानबाट अभिप्रेरित भई आपराधिक गतिविधिबाट टाढा रहनुपर्ने मार्ग निर्देश गर्नुभयो।

अध्ययन र स्थानीय जिम्मेवारीलाई सँगसँगै लग्न जोड दिँदै उहाँले भविष्यमा पेसागत सक्रियता र इमानदारिताको लागि साङ्गठनिक जीवनको अनुभव लिनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले चालू विश्वकप फूटबलमा इरानी खेलाडीहरू र हेडकोचप्रति ट्रम्प प्रशासनले गरेको दुर्व्यवहारप्रति खेद प्रकट गर्दै खेलमा पनि राजनीति घुस्ने तर्क गर्दै फूटबलका महान खेलाडी म्याराडोनाले सन् २०१४ को एउटा अन्तर्वार्तामा अमेरिकाले विश्वकप आयोजना गर्दा खेलभन्दा पनि विज्ञापनमार्फत पैसा असुल्ने काम गर्नेछ भन्ने अभिव्यक्ति सान्दर्भिक भएको उल्लेख गर्नुभयो।

नेक्राविसङ्घ भनसका सचिव प्रज्ज्वल कोजूले उत्तर कोरिया, चीन, क्युवाजस्ता समाजवादी देशहरूमा श्रमसित जोडिएको व्यावहारिक शिक्षा नीति रहेको चर्चा गर्दै नेक्राविसङ्घले विद्यार्थीहरूको हक हितका लागि काम गर्दै आएको बताउनुभयो। उहाँले शुल्क वृद्धि, मूल्य वृद्धि, सीमा अतिक्रमणजस्ता जनविरोधी काम कारबाहीहरूको विरुद्ध निरन्तर आवाज उठाउँदै आइरहेको बताउनुभयो।

नेमकिपा ४ वडा समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका उपाध्यक्ष कृष्णलक्ष्मी दुवाल, सचिव विश्वराम दुवाललगायतले बोल्नुभयो। सोही वडास्तरीय विद्यार्थी भेलाबाट चन्द्र प्रजापतिको अध्यक्षतामा १५ सदस्यीय नेक्राविसङ्घ भ.न.पा. ४ वडा समिति गठन गरिएको छ।

# नराम्रा मानिसले राम्रा मानिसलाई दुःख दिन्छ !

२० असार २०८३ को 'नागरिक' शनिबार को अङ्कमा छापियो - 'स्वास्थ्य बीमा निल्नु न ओकल्नु।' 'नागरिक' ले लेख्यो - 'बोर्डले मङ्सिरसम्म २३ अर्ब ४४ करोड २ लाख ९८ हजार रुपैयाँ सेवा प्रदायक अस्पतालहरूलाई भुक्तानी गरिसकेको र दिगो स्रोत सुनिश्चितताका लागि समन्वय भइरहेको छ।'

दुष्ट मानिस गाउँ, टोल, वडा, नगर जहाँ पनि धेरै वा थोरै हुन्छन्। जुन ठाउँमा दुष्टहरू कम छन् त्यहाँका नागरिकहरूले सुख पाउँछन्, जहाँ दुष्टहरू बढी हुन्छन् त्यहाँ व्यापक जनताले दुःख पाएका हुन्छन्। भारतजस्तो ठुलो र सबभन्दा बढी जनसङ्ख्या भएको देशमा पनि बिचौलिया र जनतालाई दुःख दिन पल्केका दुष्टहरूले मुखले राम्रो कुरो गर्दै व्यवहारमा जनतालाई अति दुःख हुने बाटोमा हुल्याइरहेका छन्।

सरलतापूर्वक काम भइरहेका अस्पतालहरूमा समेत एक-दुई जना छिट्टै पैसा कमाउनुपर्ने डाक्टरहरूले महँगा औषधिका कम्पनीहरूसँग मिलेर महँगा औषधिहरू सिफारिस गर्छन् रबीमालाई टाट पल्टाउने काम गराउँछन्।

निजी अस्पतालहरूमा उपचार गर्ने धनाढ्यहरूले पनि बीमाबाट पैसा लिने काम गरेपछि गञ्जागोल सुरू भयो। तिनीहरूको भनाइ हो - धनी होस् वा गरिब सबै नेपाली नागरिक बराबर हुन्, गरिबले पाउने सहुलियत धनीले पनि पाउनुपर्छ अर्थात् महँगा औषधि लेख्ने डाक्टरले पनि कमिसन पाउनुपर्छ भन्ने अर्थ लगाइँदै छन्।

त्यसको उत्तरमा संवेदनशील जनता भन्छन्, "हामी सबै नेपाली ईश्वरकै सन्तान हुन्। घाम, पानी, हावा जसरी गरिब र धनीले बराबर पाउँछन् त्यस्तै सबै सम्पत्ति धनीले मात्र होइन गरिबहरूले पनि पाउनुपर्छ।"

निजी र सरकारी अस्पतालमा एक-दुई जना मानिसका दुष्ट विचारले धेरै जनताले दुःख पाउँदै छन्। करोडौँ घुस नदिएको भनी प्रम ओलीको प्रधानमन्त्रीत्व कालमा औषधि व्यवस्था विभागले राम्रा राम्रा औषधि देशभित्र बेच्न भित्रिन नदिँदा धेरै क्यान्सरका बिरामीहरू असमयमै मर्न विवश भए। त्यस्तै बीमा सेवाबाट धेरै गरिब रोगीहरूको उपचार पाइरहँदा छाती पोलेका दुष्टहरूको कारण गरिब रोगीहरू बिनाउपचार आज जिउने र मर्ने दोसाँधमा छन्। सबै मिलेर सबैको उपचारको कामना गरौँ भन्ने भावना चारैतिर फैलिँदै छ। दुष्टहरूको मनलाई पनि कसरी परिवर्तन गराउने हो सोचौँ भन्ने भावना बढ्दै छ।

XXX

**अर्थमन्त्रीको कामभन्दा धाक ठुलो !**

नार्सियाली रोगबाट पीडित र दलबदलको मानले चर्चित अर्थमन्त्री स्वर्णिम वाग्लेले अर्थतन्त्र सुधारको लागि काम भएको दाबी गर्दै आएका छन्।

'लगानी र खर्चमा भएन सुधार, निजी क्षेत्रको बढेन मनोबल' - कान्तिपुर, २० असार २०८३।

तराईमा एउटा उखान छ - साउनमा जन्मेको बगेरीले भदौमा भन्यो, 'मैले जीवनमा यस्तो बाढी कहिले देखिन्न।' बगेरी चरालाई पहाड र उपत्यकाका बालकदेखि ज्येष्ठ नागरिकलाई सजिलै बुझाउन 'भँगेरा' भन्दा फरक पर्दैन।

त्यस्तै भर्खर १०० दिन नाघेको सरकारको अर्थमन्त्रीले भने, 'लगानी र खर्चमा भएन सुधार।' के के गर्दा लगानी र खर्चमा सुधार हुन्छ र सरकारले के के काम गऱ्यो भनी अर्थमन्त्रीले सदनलाई जानकारी दिएका छन् र भनी प्रश्न उठ्नु स्वाभाविक छ।

'निजी क्षेत्रको बढेन मनोबल' भन्ने मन्त्रीलाई थाहा हुनुपर्छ - २००७ सालपछि निर्वाचित सरकारहरूले आफ्नो बजेट भाषणमा कहिल्यै निजी क्षेत्रको उत्पादनको स्थिति र वर्षभरिको उत्पादन के कसरी बढाउने र वृद्धिको कहिले लेखाजोखाबारे सदनमा जानकारी दिएका छन् ? नेपालका कुनै पनि ठुलठुला उद्योगले आ-आफ्नो उत्पादनको ठीक ठीक बुद्धि बताएकै छैनन्, अन्तशुल्क र भन्सार छलेर काम गरेका अनेक समाचारहरूको छानबिन र कारबाहीबारे छलफल भएका छैनन्।

नेपालको वर्तमान 'निजी क्षेत्रको' नेतृत्व राष्ट्रिय पुँजीपतिवर्गको हातमा छैन, त्यस वर्गले नेपालको निजी क्षेत्रको उत्पादन बढाउने उद्देश्य राख्दैन। हो, यो एक सैद्धान्तिक विषय हो। 'अब के गऱ्यो भने निजी क्षेत्रको मनोबल बढ्नेछ' भन्ने प्रश्नको उत्तरमा आउनेछ - 'देशका सबै उत्पादन निजी क्षेत्रलाई एकहट्टी सुम्पेमा निजी क्षेत्रको मनोबल' बढ्ने पक्का छ !

अर्थमन्त्री वाग्लेले अर्थतन्त्र सुधारका धेरै काम भएको दाबी गरेका छन्। सिंहदरबारको कागजपत्र र आफ्ना घेराभित्र सीमित कामले होइन परिणामले अर्थतन्त्र, जनता र समाजमा देखिनु आवश्यक छ, हल्लाले होइन।

सन्दर्भ : क्लारा जेटकिन जन्म दिवस- जुलाई ५

# महिला नेतृ क्लारा जेटकिन

✍ अज्ञात

क्लारा जेटकिन मार्क्सवादी चिन्तक, सिद्धान्तकार र समाजवादी अग्रणी महिला नेतृ थिइन्। उनले सदैव महिला अधिकारको वकालत गरिन्। क्लारा जर्मन र अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनकी र महिला श्रमिक आन्दोलनकी एक प्रमुख सङ्घर्षशील नेतृ थिइन्। उनी अन्तर्राष्ट्रिय महिला दिवसको सुरुआत गराउने विश्व प्रसिद्ध महिला नेतृ थिइन्।

क्लाराको जन्म ५ जुलाई १८५७ मा जर्मनीको सेक्सोनी प्रान्तमा भएको थियो। उनका पिता गोटफ्राइड आइजनर एक शिक्षक थिए। उनकी आमा जोसफिन विटाले शिक्षित महिला थिइन्।

क्लाराले आफ्नो पढाइ सन् १८७२ बाट 'लीपजिङ टीचर्स कलेज फर उमन्स' बाट सुरु गरेकी थिइन्। स्कूलकै समयमा उनी सन् १८७४ मा जर्मनीको मजदुर आन्दोलन र महिला आन्दोलनसँग जोडिन्। सन् १८७८ बाट क्लारा समाजवादी श्रमिक पार्टीमा जोडिन् र यो पार्टीको नाम पछि सामाजिक-जनवादी राखियो।

त्यतिखेरको प्रसिया (जर्मनी) का शासक बिस्मार्कले समाजवादी पार्टीको गतिविधिमा नियन्त्रण गरेकोले सन् १८८२ मा क्लारा ज्यूरिच गइन् र पछि फेरि पेरिस गइन्। त्यहाँ उनले पत्रकारिता र अनुवादको अध्ययन गरिन्। पेरिस प्रवासको क्रममा उनले समाजवादी अन्तर्राष्ट्रिय समूहको स्थापना गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिन्। सन् १८८९ को जूनमा उनका पति ओसिप जेटकिनको बिरामी भएर निधन भएपछि उनी स्टुटगार्ट गइन्। त्यहाँ उनले पछि कलाकार जर्ज फ्रेडरिक जुडेलसँग दोस्रो विवाह गरेकी थिइन्।

क्लारा जेटकिनको सक्रिय राजनीतिक यात्रा ओसिप जेटकिनसँग भेटेपछि भएको थियो। दुवैको विवाहपछि क्लाराले सुरुमा समाजवादी पार्टीका केही बैठकमा भाग लिइन्। उनले मार्क्सवादी विचारअन्तर्गत महिला मुक्ति र समाजमा परिवर्तनको लागि आफ्नो जीवन समर्पित गर्ने निर्णय गरिन्।

सामाजिक जनवादी पार्टीमा जेटकिनकी नजिककी साथी र विश्वासपात्रहरूमध्ये रोजा लक्जेम्बर्ग थिइन्। सन् १८८० मा जर्मनीमा क्रान्तिकारीहरूलाई तत्कालीन शासकले दमन गर्न थालेपछि जेटिकनले जर्मनी छोड्ने स्थिति बन्यो। यस क्रममा उनी स्वीट्जरल्यान्ड र फ्रान्समा बसिन्।

लगभग एक दशकपछि उनी पुन: जर्मनी फर्किन् र जर्मनीको सामाजिक-जनवादी पार्टीको महिलाको अखवार डाई ग्लीचीट (समानता) को सम्पादक बनिन्। त्यसपछि उनले सन् १८७४ बाट जर्मनीमा महिला आन्दोलन र श्रमिक आन्दोलनसँग सम्बन्ध स्थापना गरिन्। सन् १८७८ मा उनी सोसलिस्ट वर्कर्स पार्टीमा सामेल भइन्।

यो पार्टीको स्थापना सन् १८७५ मा लासालको पार्टी एडीएभी र लिब्नेख्तको एसडीएपी पार्टीहरूलाई मिलाएर भएको थियो। सन् १८९० मा यसको नाम बदलेर जर्मनीको सामाजिक-जनवादी पार्टी ( एसडीपी) राखियो।

सन् १८९८ मा क्लाराको एक क्रान्तिकारी महिला नेतृ रोजा लक्जेम्बर्गसँग असल सम्बन्ध स्थापित भएको थियो, जुन रोजाको मृत्यु नहुञ्जेलसम्म कायम रह्यो। रोजाले क्लारालाई धेरै ऊर्जापूर्ण ढङ्गले सहयोग गरिन्। संशोधनवादविरुद्धको बहसमा दुवै महिला नेतृले संयुक्तरूपमा बर्नस्टीनका सुधारवादी सिद्धान्तहरूमाथि आक्रमण गरेकी थिइन्। उनीहरूले क्रान्तिकारी विचारलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेले।

समाजवादको माध्यमबाट महिलाहरूलाई समान अधिकार र मताधिकार दिने पक्षमा उनी दृढतापूर्वक लडिन्। उनले जर्मनीमा सामाजिक-जनवादी महिला आन्दोलनलाई विकास गर्न सहयोग गरिन्।

सन् १९०७ मा क्लारा सामाजिक-जनवादी पार्टीको नवस्थापित कार्यालयमा महिला कार्यालयको प्रमुख नेता बनिन्।

क्लाराले सुरुदेखि नै महिला आन्दोलनमा सक्रिय भूमिका खेल्दै आएकी थिइन्। उनी महिलाहरूको लागि समान हक-अधिकार दिलाउनमा धेरै सक्रिय थिइन्। उनले सन् १९०७ मा नै भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलनमा पनि भाग लिएकी थिइन्।

सन् १९१० को अगस्टमा डेनमार्कको कोपनहेगनमा भएको समाजवादीको दोस्रो अन्तर्राष्ट्रियको आम बैठकभन्दा पहिले एक अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरिएको थियो। यो बैठकमा नै अन्तर्राष्ट्रिय महिला दिवसको स्थापनाको प्रस्ताव राखियो। केही हदसम्म अमेरिकी समाजवादीहरूको कामबाट प्रेरित भएर जेटकिन, केट डङ्कर र अन्यले हरेक वर्ष एक विशेष महिला दिवस मनाउने कुराको प्रस्ताव राखेका थिए। तर, त्यो सम्मेलनमा निश्चित दिन भने तोकिएको थिएन। यो सम्मेलनमा १७ देशका १०० महिला सङ्गठनले समान अधिकार र भोटको अधिकारको लागि निर्मित विचारसँग सहमति गरे। त्यसपछि सन् १९११ मार्च १९ मा अन्तर्राष्ट्रिय महिला दिवसलाई पहिलोपटक अस्ट्रिया, डेनमार्क, जर्मनी र स्वीट्जरल्यान्डमा दसौँ लाखको उपस्थितिमा मनाइएको थियो।



क्लारा पुँजीवादी नारीवादको विरुद्धमा थिइन् र यसलाई उनी मजदुरवर्गको एकतालाई ध्वस्त पार्ने हतियार ठान्थिन्। उनका अनुसार बुर्जुवा नारीवाद र सर्वहारा महिला आन्दोलन दुई मौलिकरूपले भिन्न आन्दोलन हुन्। क्लाराको मतमा बुर्जुवा नारीवादीहरूले पुँजीवादको अस्तित्वमाथि प्रश्न नउठाईकन लिङ्गको बिचमा द्वन्द्वलाई बढाए र आफ्नो वर्गका पुरूषहरूको विरुद्धमा सङ्घर्षको माध्यमबाट सुधारलाई दबाए। यसको विपरीत श्रमिक महिलाहरूले वर्गको विरुद्ध वर्गसङ्घर्षको माध्यमबाट र आफ्नो वर्गका पुरुषसँग संयुक्त लडाइँमा पुँजीवादीहरूभन्दा अगाडि निक्लने कोसिस गरेका छन्।

क्लाराका अनुसार महिलाहरूको उत्पीडनलाई सही अर्थमा समाप्त गर्ने एकमात्र मार्ग भनेको समाजवाद हो। उनको प्राथमिक उद्देश्य महिलाहरूलाई घरबाट बाहिर निकालेर सक्रिय बनाउनु थियो, जसबाट महिलाहरूले आफ्नो स्थितिमा सुधार गर्नको लागि ट्रेड युनियन र अन्य श्रमिक अधिकार सङ्गठनमा भाग लिन सकून्। क्लाराको विचारमा समाजवादी आन्दोलन महिला उत्पीडनलाई कम गर्नको लागि हुनुपर्दछ; समाजवादी आन्दोलन महिलाहरूलाई समाजवादतिर एक सामान्य कदममा सामेल गरेपछि मात्र प्रबल हुन्छ, नभए पछिको कानुनले उनीहरूलाई सजिलैसँग खत्तम गरिदिन्छ।

क्लारा पहिलो विश्वयुद्धको विरुद्धमा थिइन्। सन् १९१५ मा उनले बर्लिनमा प्रथम विश्वयुद्धको युद्धविरोधी गतिविधिमा अन्तर्राष्ट्रिय समाजवादी युद्धविरोधी महिला सम्मेलनको आयोजना गरिन्। पुँजीवादीहरूले आफ्नो मुनाफा बढाउन युद्ध भड्काएका हुन् भनेर उनले यसको घोर विरोध गरिन्। उनले भनिन्, यो युद्धमा श्रमिकहरूले केही पनि हासिल गर्दैनन् तर उनीहरूले आफ्ना प्रिय सबै कुरा गुमाउनुपर्दछ। युद्धविरोधी विचार व्यक्त गरेकोले उनलाई धेरैपटक गिरफ्तार पनि गरिएको थियो।

उनले समाजवादी महिलाहरूको अन्तर्राष्ट्रिय ब्युरोको सचिवको रूपमा समाजवादी महिला सम्मेलनको आयोजना गरिन् र बुर्जुवा नारीवादी स्थितिको विरुद्धमा लडिन्। सन् १९१६ मा उनलाई हिरासतमा लिइएको थियो तर बिरामी भएको कारण छोडियो।

सन् १९१६ मा क्लारा स्पार्टावादी लीग र स्वतन्त्र सामाजिक जनवादी पार्टीको सहसंस्थापक बनिन्। सन् १९१८ को जर्मनीको क्रान्तिपछि सन् १९१९ मा जर्मनी कम्युनिस्ट पार्टीको स्थापना भयो र उनी त्यसमा जोडिइन्। सन् १९२० मा उनले महिलाको सवालमा लेनिनसँग अन्तर्वार्ता लिएकी थिइन्। सन् १९२१ देखि १९३३ सम्म उनी कम्युनिस्ट अन्तर्राष्ट्रियको कार्यकारी समितिको सदस्य पनि रहिन्।

उनले महिलाहरूको लागि एक अन्तर्राष्ट्रिय सचिवालयको अध्यक्षता पनि गरिन्, जसलाई अक्टोबर १९२० मा कम्युनिस्ट अन्तर्राष्ट्रियद्वारा बनाइएको थियो। जून १९२१ मा अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो। मस्कोमा भएको कम्युनिस्ट महिलाहरूको बैठकको अध्यक्षता उनैले गरेकी थिइन्। त्यस बैठकले अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्चमा मनाउने निर्णय गरेको थियो। त्यहीबाट ८ मार्च अन्तर्राष्ट्रिय महिला दिवस बन्न गयो।

सन् १९२५ मा उनी जर्मन वामपन्थी सङ्गठनको अध्यक्ष चुनिएकी थिइन्। क्लाराले फासीवादको विरुद्धमा पनि दृढतापूर्वक सङ्घर्ष गरिन्। उनलाई सन् १९२७ मा अर्डर अफ लेनिन र सन् १९३२ मा अर्डर अफ रेड ब्यानरले सम्मान गरिएको थियो।

सन् १९३३ मा जर्मनीमा हिटलरको आगमनपछि कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो। त्यसपछि क्लारा निर्वासनमा सोभियत सङ्घ गइन्, त्यही वर्ष जून २० मा ७६ वर्षको उमेरमा मस्को नजिकै अर्खान्जेल्सकोयमा उनको निधन भयो। उनी धेरै चर्चित कम्युनिस्ट महिला नेतृ थिइन्। उनको अन्तिम श्रद्धाञ्जलीको लागि युरोपबाट धेरै कम्युनिस्ट नेता आएका थिए।

**अन्तर्राष्ट्रिय महिला दिवस - ८ मार्च**

अन्तर्राष्ट्रिय महिला दिवसको मुख्य उद्देश्य महिलाहरूमा हुने भेदभावलाई हटाएर समाजमा बराबर हक दिलाउनु हो। समाज विकास, नीति-निर्माण र नेतृत्व तहमा महिलाहरूको पनि उत्तिकै अधिकार हुन्छ भन्ने कुरा स्पष्ट पार्नु पनि महिला दिवसको औचित्य हो। आफ्नो हकअधिकार खोसिएकोले यसको विरुद्ध सबै एकताबद्ध भएर सङ्घर्ष गर्नु पनि यसको उद्देश्य हो।

आजको संसारमा महिलाहरू पनि समाजसँगै देश निर्माणमा पनि आफ्नो अमूल्य योगदान दिइरहेका छन्। महिलाहरू घरमा मात्र सीमित छैनन्। राजनीति, विकास निर्माण, कर्मचारी, खेलकुद, शिक्षा, स्वास्थ्य, विज्ञान, सामाजिक कार्यजस्ता हरेक क्षेत्रमा महिलाहरूले पनि धेरै सफलता हासिल गरेका छन्। यसको अतिरिक्त उनीहरूले देशविदेशमा धेरै ठुलो भूमिका निर्वाह गरिरहेका छन्।

धेरै देशमा अझै महिलाहरूको अधिकार सङ्कुचित छ। कतिपय ठाउँमा महिलाहरू घरेलु हिंसाको शिकार भएका छन्। विभिन्न प्रकारका कुरीति र कुसंस्कारले उनीहरूलाई धेरै प्रताडित बनाएको छ। शिक्षा हासिल गर्ने कुराबाट महिलाहरूलाई वञ्चित गराइएको छ। महिलाहरूलाई पुरुषको संरक्षणमा मात्र कुनै पनि काम गर्न दिइन्छ। उनीहरूलाई धेरजसो घरमा सीमित राखिन्छ। अझ कतिपय महिलालाई पूरै अनुहार ढाकेर हिँड्न विवश बनाइन्छ।

त्यसकारण, हरेक क्षेत्रमा महिलाहरूको सहभागिता बढाउनको लागि, महिलाहरूप्रति समाज र देशलाई जागरुक गराउनको लागि र उनीहरूलाई आवश्यक हक अधिकार र सम्मान उपलब्ध गराउनको लागि नै हरेक वर्ष ८ मार्च मा अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ। यो दिन देश र समाजको विकासमा महिलाहरूको योगदानलाई स्मरण गरिन्छ र उनीहरूलाई आफ्ना अधिकार र सम्मानप्रति जागरुक गराइन्छ।

अन्तर्राष्ट्रिय महिला दिवसको जग क्लारा जेटकिनले राखेकी हुन्। तर, यसको सुरुआत भने मजदुर आन्दोलनको रूपमा भएको थियो। महिलाहरू इतिहासको धेरै समय आफ्ना सम्पूर्ण अधिकारबाट वञ्चित रहेका थिए। उनीहरूलाई पुरुष समान अधिकार दिइएको थिएन। उनीहरूलाई दोस्रो दर्जाको व्यवहार गरिन्थो। उनीहरूलाई काम बढी समय गर्न लगाइन्थ्यो र ज्याला पनि कम दिइन्थ्यो। उनीहरूलाई भोट दिने अधिकार पनि थिएन।

यस्तो बेलामा महिलाहरूको बिचमा भारी अशान्ति र आलोचनात्मक बहसहरू भइरहेका थिए। महिला उत्पीडन र असामानताले उनीहरूलाई परिवर्तन अभियानमा सक्रिय हुन प्रेरित गरिरहेको थियो।

यही बेला सन् १९०८ मा अमेरिकाको न्यूयोर्कमा लगभग १५ हजार महिलाहरूले कामको घण्टा कम गरियोस्, उनीहरूलाई उचित तलब प्राप्त होस् र उनीहरूलाई भोट दिने अधिकार पनि दिइयोस्, आदि माग राखेर आन्दोलन गरे। यसको एक वर्षपछि सन् १९११ मा अमेरिकाको समाजवादी पार्टीले २८ फेब्रुअरी मा पहिलो राष्ट्रिय महिला दिवस बनाउने घोषणा गर्‍यो।

अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सुझाव सबभन्दा पहिले समाजवादी क्रान्तिकारी महिला नेतृ क्लारा जेटकिनले दिएकी थिइन्। उनले महिला दिवसको प्रस्ताव एक श्रमिक महिलाहरूको लागि डेनमार्कको राजधानी कोपनहेगनमा सन् १९१० मा आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनमा गरेकी थिइन्। सुरुमा क्लारा जेटकिनले अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सुझाव दिँदा यसको लागि कुनै मिति तोकिएको थिएन। उनले भनेकी थिइन्, आफ्ना मागहरूलाई जोड दिनको लागि हरेक वर्ष हरेक देशमा एकै दिन महिला दिवस मनाइनुपर्दछ।

त्यस सम्मेलनमा करिब १७ देशका १०० भन्दा बढी महिला प्रतिनिधिहरू उपस्थित थिए, जसले ट्रेड युनियन, समाजवादी पार्टी, श्रमिक महिला आदि सङ्गठनको प्रतिनिधित्व गर्थे।

जेटकिनको सुझावलाई सर्वसम्मतिले अनुमोदन गरियो। क्लाराकै प्रस्तावअनुसार सन् १९११ को मार्च १९ मा सबभन्दा पहिले जर्मनी, अस्ट्रिया, डेनमार्क, स्वीट्जरल्यान्ड आदि देशहरूले अन्तर्राष्ट्रिय महिला दिवस मनाएका थिए। यसमा दस लाखभन्दा महिला र पुरुषहरूसमेतले भाग लिएका थिए। उनीहरूले यहाँ महिलाहरूलाई काम गर्ने, भोट दिने, प्रशिक्षित हुने, सार्वजनिक कार्यालय सम्हाल्ने र भेदभावलाई समाप्त गर्ने अधिकारको सुनिश्चित गर्ने कुराको प्रचार गर्दै र्‍याली गरेका थिए।

पहिलो विश्वयुद्धको पूर्वसन्ध्यामा शान्तिको लागि अभियान चलाउँदै रुसी महिलाहरूले २३ फेब्रुअरीमा आफ्नो पहिलो अन्तर्राष्ट्रिय महिला दिवस मनाएका थिए। सन् १९१४ मा सम्पूर्ण युरोपमा युद्धको विरुद्धमा महिलाहरूले अभियान चलाउने र एकताबद्धता व्यक्त गर्नको लागि र्‍यालीहरू आयोजना गरेका थिए।

सन् १९१७ मा रुसमा बोल्शेभिक क्रान्तिको बेलामा रुसी श्रमिक महिलाहरूले रोटी र शान्तिको माग गर्दै जार निकोलस द्वितीयको विरुद्धमा अन्य मजदुरहरूसँगै आन्दोलनमा अग्रणी भूमिका निभाए। बोल्सेभिक पार्टीको विरोधको बाबजुद उनीहरूले अन्तर्राष्ट्रिय महिला दिवसको प्रदर्शनलाई एक सामूहिक हडतालमा बदलिदिए, जसले पेट्रोग्रादका सम्पूर्ण श्रमिक वर्गलाई प्रभावित बनायो। यो आन्दोलनमा महिलाहरूको अत्यन्तै महत्त्वपूर्ण भूमिका रह्यो र रुसी क्रान्तिको जन्मसँगै निकोलसले आफ्नो राज्य छोड्नुपर्‍यो। त्यसपछि बनेको अस्थायी सरकारले महिलाहरूलाई पनि भोट दिने अधिकार प्रदान गरेको थियो।

रुसमा यो आन्दोलन हुँदा जुलियन क्यालेन्डरअनुसार २३ फेब्रुअरी थियो, तर धेरै देशमा प्रयोग हुने ग्रेगोरियन क्यालेन्डरअनुसार त्यो दिन ८ मार्च थियो। त्यसकारण, ८ मार्चलाई नै अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउन लागियो।

जून १९२१ मा क्लारा जेटकिनले मार्च ८ लाई आधिकारिक बनाउनको लागि काम गरिन्। जेटकिनको अध्यक्षतामा मस्कोमा आयोजित कम्युनिस्ट महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा के घोषणा गरियो भने भविष्यमा ८ मार्चलाई संसारभरि अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाइनेछ। त्यसबेलादेखि संसारका देशहरूमा ८ मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस समारोह आयोजना गरिन्छ, जसले श्रमिक महिलाहरूको क्रान्तिकारी क्षमताको वार्षिक स्मरणको रूपमा कार्य गर्दछ।

अन्तर्राष्ट्रिय महिला दिवस सुरुदेखि नै श्रमिक महिला दिवस थियो। यसको तात्कालिक उद्देश्य सार्वभौमिक महिला मताधिकार प्राप्त गर्नु थियो। तर, यसका आकाङ्क्षाहरू धेरै थिए, जसअनुसार पुँजीवादलाई उखेलेर फ्याँक्नु र समाजवादको विजय गर्नु, शिक्षा र हेरविचारको कार्यको सामाजिकीकरणको माध्यमबाट श्रमिकहरूको ज्याला दासता र महिलाहरूको घरेलु दासता दुवैलाई समाप्त गर्नु थियो।

सन् १९७५ बाट संयुक्त राष्ट्र सङ्घले हरेक वर्ष अन्तर्राष्ट्रिय महिला दिवस मनाउने घोषणा गर्‍यो र त्यसबेलादेखि यो दिवस हरेक वर्ष ८ मार्चमा संसारका प्राय: सबै देशले आ-आफ्नो तरिकाबाट मनाउँदै आइरहेका छन्। सन् १९९६ मा पहिलोपटक यो दिवसको उद्देश्यलाई पूरा गर्नको लागि एक थीम राखियो, जुन अतीतको पर्व, भविष्यको लागि योजना थियो। यसपछि हरेक वर्ष यो दिवसको लागि एक मूल विषयवस्तु घोषणा गरिँदै आएको देखिन्छ।

यसरी अहिले हरेक वर्षको ८ मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस प्राय: सबै देशमा मनाइन्छ। यो दिन महिलाका महत्त्वपूर्ण उपलब्धिहरूको सम्मान गर्न र लैङ्गिक समानताको लागि समर्पण गरिन्छ। यस दिनमा महिला भेदभाव र लैङ्गिक असमानताको विरुद्धमा दृढतापूर्वक सङ्घर्ष गरेका एवं भूमिका निर्वाह गरेका तमाम महिलाहरूको शक्ति र क्षमताको उच्च मूल्याङ्कन तथा सम्मान गरिन्छ।

अन्तर्राष्ट्रिय महिला दिवस २०२४ को विषयवस्तु 'इन्स्पायर इन्क्लुजन' रहेको छ। यसको अर्थ महिलाहरूको मूल्य बुझ्नु र अरूलाई पनि यसको लागि प्रेरित गर्नु हो। यो थीममा विकासका हरेक पक्षमा महिलाहरूलाई सामेल गर्ने क्षमतालाई पहिचान गर्नको लागि संसारको समाजसँग आग्रह गर्ने कुरामा ध्यान दिइएको छ। उत्कृष्ट संसार निर्माण गर्न यो कुरा आवश्यक हुने मानिएको छ।

# विश्व कम्युनिस्ट आन्दोलनका महान् नेता किम इल सङ

गरिब भएर पनि अति उँचो देशभक्ति भावना र नैतिकवान् परम्पराको किसान परिवारमा सन् १९१२ अप्रिल १५ को दिन म्याङ्गयोङ्गदेमा किम इल सङको जन्म भयो । उहाँका पिता किम ह्योक जिक विख्यात देशभक्त र जापानविरोधी आन्दोलन र सङ्घर्षका सर्वोच्च क्रान्तिकारी नेता हुनुहुन्थ्यो भने माता काङ्ग वान सोक उच्च कोटीका देशभक्त र साम्राज्यवादविरोधी एक सशक्त क्रान्तिकारी महिला नेतृ हुनुहुन्थ्यो ।

जापानी साम्राज्यवादविरोधी आन्दोलन, सङ्घर्ष र लडाइँको परिवेशमा हुर्किनुभएका किम इल सङले आफ्ना माता र पिताबाट अमूल्य शिक्षा-दीक्षा, अथाह देशभक्ति भावना प्राप्त गर्नुभयो । उहाँले आफ्ना मामा, माता-पिताका मित्र र मान्यजनहरूबाट पनि थुप्रै अनमोल शिक्षा र अनुभव प्राप्त गर्नुभयो ।

उहाँ आफ्नो मामा घरको बाजे काङ डोनले खोल्नुभएको निजी प्राथमिक विद्यालयमा पढ्नु हुँदा जापानविरोधी बाल सङ्गठनहरू खोल्नु भई जापानविरोधी विभिन्न गतिविधिहरूमा निकै सक्रिय भई लागिरहनुभयो । त्यसबेला पहिलो पुस्ताको पुँजीवादी देशभक्तहरूको पार्टीको माथिल्लो तहमै फूट र आपसी कलह, त्यस्तै पहिलो पुस्ताको केन्द्रीय तहका कम्युनिस्ट नेताहरूबिच पनि आपसी कलह, फुट र हानाहान अनि कमिन्टर्नको चाकडी गर्ने मनोवृत्तिले पुँजीवादी देशभक्तहरूको मुक्ति आन्दोलन र कम्युनिस्ट आन्दोलन दुवै दिशाविहीन भई आफैमा समाप्त भए । देशको यस्तो दुर्भाग्यपूर्ण जापानविरोधी मुक्ति आन्दोलन र कम्युनिस्ट आन्दोलनको स्थिति मूल्याङ्कन गर्दै उहाँले आफ्ना विश्वसनीय र निकै जागरुक सहकर्मीसँग अत्यन्त गम्भीर छलफल गर्दै जानुभयो र निचोडमा उहाँहरू मार्क्सवाद-लेनिनवादलाई कोरियाको वस्तुस्थितिअनुरूप सृर्जनात्मक र रचनात्मक ढङ्गले लागु गर्ने, कोरियाली जनतामा भरपर्ने, कोरियाली जनताको शक्तिमा विश्वास गर्ने, सम्पूर्ण देशभक्त र कम्युनिस्टहरू एकबद्ध भई जनतालाई एक ढिक्का गरी मुक्ति आन्दोलन र कम्युनिस्ट आन्दोलन अघि बढाउने, भावी पुस्तालाई तयार पार्दै लाने आदि नीति तय गरी एउटा अलग्गै सङ्गठन स्थापना गर्ने टुङ्गोमा पुग्नुभयो । त्यसअनुसार सन् १९२६ अक्टोबर १७ को दिन 'जापानविरोधी स' (DIU) को स्थापना भयो । उहाँ त्यस सङ्घको प्रमुख पदमा चुनिनुभयो ।

ह्वासोङ्ग युसिक विद्यालयमा मार्क्सवाद-लेनिनवाद र अन्य प्रगतिशील साहित्यहरू अध्ययन गर्ने उपयुक्त वातावरण नपाउनाले र विद्यालयको प्रशासनमा अनियमितता र अन्य कारणहरूले गर्दा युवा कामरेड किम इल सङले त्यस सैनिक विद्यालयलाई छोड्नुभयो र मार्क्सवाद-लेनिनवाद र प्रगतिशील साहित्यहरू अध्ययन गर्न उपयुक्त ठाउँ जिलिन जानु भई त्यहाँको उपयुक्त विद्यालयमा भर्ना हुनुभयो । त्यहाँ पनि उहाँ रातदिन अध्ययन र साङ्गठनिक कार्यमा लागिरहनु भयो । पहिलो पुस्ताका कम्युनिस्ट नेताहरूले क्रान्तिलाई सही दिशा दिन नसकेपछि सही दिशाको खोजीमा यताउता भौतारिरहेको चा क्वाङ्ग सु, किम ह्योकजस्ता थुप्रै अति प्रतिभाशाली जागरुक कामरेडहरूसँग उहाँको भेटघाट भयो । त्यस्तै, उहाँले शाङ्ग यु र पाक सो सिमजस्ता गुरु एवं मित्रहरू पनि पाउनुभयो । चा क्वाङ सु कोरियाका एक सुप्रसिद्ध मार्क्सवाद-लेनिनवादका ज्ञाता र विश्लेषक हुनुहुन्थ्यो । उहाँ किम इल सङभन्दा ६-७ वर्षले जेठो हुनुहुन्थ्यो । चा क्वाङ्ग सु र मार्क्सवाद-लेनिनवादका प्रकाण्ड विद्वान् सो सिमबिच बेलाबेलामा मार्क्सवाद र लेनिनवादबारे चर्काचर्की बहस हुन्थ्यो र उहाँहरू दुवै जना एक अर्काबाट हार्न चाहनुहुन्नथ्यो । कोरियामा पहिलो कम्युनिस्ट पार्टीको संस्थापकहरूमध्येका एक संस्थापक एवं नेता किम चानसँग पनि चा क्वाङ्ग सुको मार्क्सवादी-लेनिनवादी सिद्धान्तबारे घम्साघम्सी हुन्थ्यो र चा क्वाङ सुले किम चानलाई सैद्धान्तिक बहसमा हराई दिनुहुन्थ्यो । सुरु सुरुमा चा क्वाङ्ग सुले किम चानजस्ता प्रख्यात र पुराना नेतालाई सम्मान गर्नुहुन्थ्यो । २-३ पटक बहस भएपछि चा क्वाङ सुले किम चानलाई माध्यमिक तहको विद्यार्थीलाई झैं व्यवहार गर्नुभयो । यस्तै पुरानो पुस्ताका अर्का सुप्रसिद्ध कम्युनिस्ट नेता सिन इल योङ्गले चा क्वाङ्ग सुलाई हराउन खुब कसरत गर्नुभयो । चा क्वाङ्ग सुले उहाँलाई मुख नै रातो पिरो हुने गरी फ्याकफ्याक पारिदिनुहुन्थ्यो । उहाँ चा क्वाङ्ग सुसँगको सैद्धान्तिक बहसमा हरेक पटक हार्नुहुन्थ्यो । चा क्वाङ्ग सु त्यसबेलाका कोही पनि मार्क्सवाद र लेनिनवादका एकसेएक ज्ञाता, विश्लेषक र विद्वानहरूभन्दा कम हुनुहुन्नथ्यो । यद्यपि, कोरियाको वस्तुस्थितिलाई एकदम सही मूल्याङ्कन र विश्लेषण गरी मार्क्सवाद र लेनिनवादलाई त्यसअनुरूप रचनात्मक र सृजनात्मक ढङ्गले लागु गर्ने नीति र सिद्धान्त प्रतिपादन गर्नसक्ने युवा कामरेड किम इल सङको विलक्षण प्रतिभादेखि उहाँ निकै प्रभावित हुनुहुन्थ्यो र किम इल सङलाई भित्रै हृदयदेखि आदर र सम्मान गर्नुहुन्थ्यो ।

पहिलो पिँढीका कम्युनिस्ट नेताहरूको प्राधिकारको लागि आपसी झगडा, गुटबन्दी, कमिन्टर्नको मात्र मुख ताक्नेजस्ता अस्वस्थ प्रवृत्तिबाट वाक्क भएका चा क्वाङ्ग सुले एकचोटि का. किम इल सङलाई भन्नुभयो, "सोङ्ग जु, के हामीले एक आपसमा विश्वास र प्रेम गरेर क्रान्तिलाई अघि बढाउन सक्छौं ? मेरो भनाइको मतलब कुनै गुटबन्दी र विभाजित नभई अनि पद र प्राधिकारको लागि झगडा नगरी अघि बढ्ने ।" किम इल सङले उहाँको हातलाई बेस्सरी समाउनु हुँदै निकै भावविभोर भई भन्नुभयो, "हामी नयाँ पुस्ताका कम्युनिस्टहरू विचार र उद्देश्यमा बलियोसित एक हुनुपर्छ र फाटोवादीहरूले झैं फुटको बाटो नलिइकन हामीले क्रान्तिको बाटो लिनुपर्छ ।" उहाँहरूबिच यस्तै यस्तै सिद्धान्तको साथसाथै आत्मीय कुराकानी पनि हुन्थ्यो ।

साङ्गठनिक कार्य बाँडफाँड हुँदा किम इल सङले चा क्वाङ्ग सुलाई ग्रामीण क्षेत्रमा सङ्गठन गरी राजनैतिक गतिविधि सञ्चालन गर्ने जिम्मा सुम्पिनुभयो । गाउँ-गाउँमा गई राजनीति गर्ने जिम्मा सुम्पिएकोमा चा क्वाङ्ग सु भित्रभित्रै अप्ठ्यारो मान्नु हुँदै गम्भीर र ख्याल ख्यालमा भन्नुभयो, "सोङ्ग जु, आफू त गाउँबाट सिउल, साङ्घाईजस्ता सहरमा आन्दोलन गर्ने भनी यहाँ आइयो, गाउँको स-साना बस्ती र नगरमा के आन्दोलन गर्न सकिन्छ र ?" मित्रको कुरो सुनेर किम इल सङले भन्नुभयो, "हामीले गाउँ र सहरमा भेद गर्नुहुन्न । बहुमत किसान जनता गाउँमा बस्छन् । तसर्थ, हामी गाउँ गाउँमा अनि पहाड कन्दरामा पनि छरिएर राजनैतिक गतिविधि गरी आम जनतालाई एक ढिक्का गर्नुपर्छ । पहिलो पुस्ताका नेताहरू गाउँ छोडेर सहरमा केन्द्रित हुन खोज्नाले अनि सहर छोडेर कमिन्टर्नमा जान खोज्नाले दुर्गति भोग्नुपर्‍यो । हामी माथि माथि जाने होइन, तल तल मजदुर-किसान आम जनतामा जाऔं ।" चा क्वाङ्ग सु त किम इल सङको अति सारगर्भित, व्यावहारिक र दूरदर्शी विचार सुनेर आश्चर्य र खुसी हुँदै "माथि माथि होइन तल तल जाऔं !" भन्ने किम इल सङको विचारलाई दोहोर्‍याउनुभयो । उहाँ निकै खुसी र उत्साही भएर गाउँ गाउँ र पहाड-पहाडमा गई साङ्गठनिक कार्यमा लाग्नुभयो ।

समय र परिस्थितिको मागअनुरूप क्रान्तिलाई तेज गति दिने क्रममा किम इल सङले चा क्वाङ्ग सु, किम ह्योक जिक, चो चाङ्ग गोल, किम लि ग्याप, लिजे ऊ, काङ्ग प्योङ्ग सेन, किम वन ऊ, पाक गुन वनजस्तो सहयोद्धाहरूसँग मिलेर सन् १९२७ अगस्त २८ मा 'कोरियाली युवा कम्युनिस्ट सङ्घ', सन् १९३० जुलाई ३ मा 'पहिलो पार्टी सङ्गठन', सन् १९३२ अप्रिल २५ मा 'कोरियाली जनक्रान्तिकारी सेना' र सन् १९३६ मई ५ मा 'पितृभूमि पुन:स्थापना सङ्घ' र 'जापानविरोधी राष्ट्रिय संयुक्त मोर्चाको सङ्गठन' स्थापना गर्नुभयो । यी सबै सङ्घ, सङ्गठन र सेनामा किम इल सङ नै प्रमुख पदमा चुनिनुभयो । यसबिच उहाँले अनेकन् गतिविधि, आन्दोलन, सङ्घर्ष र लडाइँको नेतृत्व गर्दै जानुको साथसाथै सैद्धान्तिक भिडन्त गर्दै अनि थुप्रै राजनैतिक, सैद्धान्तिक, वैचारिक, सैनिक लेख-रचना लेख्नु भई जुछे विचारधाराको जग बसाल्नुभयो ।

सङ्घर्ष र लडाइँको दौरानमा कार्य क्षेत्रमा अगुवा गर्ने आफ्ना अति प्रिय कार्यकर्ता र सेनाहरूलाई बढीभन्दा बढी आत्म-निर्भर, सिर्जनशील र सक्रिय बनाउन युवा सेना नायक किम इल सङ कहिलेकाहीँ निकै निर्मम बन्नुहुन्थ्यो । एकदिन उहाँ अन्तु गोरिल्ला क्षेत्रमा सेनाहरूलाई तालिम दिन व्यस्त हुनुहुन्थ्यो । सैनिक कार्यकर्ता रि योङ्ग बाय् र पाङ्ग इन ह्योनले एउटा राइफल सफा गरिरहँदा राइफलको फाइअरिङ्ग पिन (Firing pin) भाँच्यो । त्यसबेला बन्दुक र राइफल सित्तिमित्ती पाउने कुरो थिएन । एउटा बन्दुक र एउटा राइफलको निम्ति एक एक जना सेनाले बलिदान गर्नुपर्थ्यो । त्यसो भएर सेना नायक किम इल सङले यस घटनालाई गम्भीररूपले लिनुभयो र उहाँले भाँचेको पिन राम्ररी नियालेर हेर्नु भएपछि रि योङ्ग बाय् र पाङ्ग इन ह्योनलाई भन्नुभयो, "म तिमीहरूलाई एक दिनको समय दिन्छु, भोलि यति बेलासम्ममा तिमीहरूले यो पिन बनाइसकेको हुनुपर्छ ।" सेना नायकको कठोर असङ्गत आदेश सुनेर तिनीहरूले ठुलठुला आँखाले सेना नायकलाई हेर्दै भने, "होइन, आधुनिक हतियार कारखानाबाट निर्मित राइफलको पिन हामीले कसरी मर्मत गर्न सक्छौं र ? हामी ज्यानको बाजी लगाएर रणक्षेत्रमा खुसीसाथ जान सक्छौं । हामी भर्खरका सिकारुहरूको अलिअलि सीपले यो काम गर्न सकिन्छ र ।" जवाफमा किम इल सङले भन्नुभयो, "खालि सजिलो



सानोतिनो काम मात्र गरेर हामी कसरी क्रान्तिकारी हुन सक्छौं ? क्रान्तिकारीहरूले कहिल्यै कसैले नगरेको काम गर्न साहस गर्नुपर्छ ।" उहाँको कुरोलाई नकार्दै तिनीहरूमध्ये एकजनाले भने, "भाँचेको पिन स्टीलले बनेको छ । खालि सिद्धान्तको कुरोले मात्र यसलाई मर्मत गर्न सकिन्छ र भन्या ?" किम इल सङलाई आफ्नो आदेश कठोर र असाधारण थियो भन्ने कुरो राम्ररी थाहा थियो । त्यो हुँदाहुँदै पनि उहाँले झन् कठोर र निर्ममतापूर्वक भन्नुभयो, "यदि तिमीहरूले एउटा पिन पनि बनाउन सक्दैनौ भने भोलि समाजमा आमूल परिवर्तन ल्याउने जटिल प्रक्रिया कसरी पूरा गर्न सक्छौं ? यदि तिमीहरूले भोलिसम्म यो पिन बनाएर ल्याउँदैनौ भने भोलिबाटै तिमीहरूलाई सैनिक तालिममा सहभागी नगराउने, ल ।" सेना नायकको निर्णय सुनेर दुवै जना झस्के । तिनीहरूले किम इल सङलाई नै पिन बनाउने तरीका सिकाइ दिनुपर्‍यो भने । अनि किम इल सङले भन्नुभयो, "पिन मर्मत गर्ने तरिका मलाई पनि थाहा छैन । तिमीहरू आफैले पत्ता लगाउनुपर्छ ।" सेना नायकले यति भन्नुभएपछि विचरा सैनिक कार्यकर्ताहरू कालोनिलो भई बरबर आँसु झार्दै भाँचेको पिन लिएर त्यहाँबाट हिँडे ।

रि योङ्ग बाय् र पाङ्ग इन ह्योन दुवैजना मिलेर पिन आफूले जाने जस्तै बनाउन खोजे तर सकेनन् । त्यहाँबाट तिनीहरू शियआओश्याहेमा हामफालेर कुदे र एकजना दक्ष कामीकहाँ गए । उसले तिनीहरूलाई पिनलाई तेलमा हालेर नरम बनाएर मर्मत गर्ने तरीका सिकाइदियो । तिनीहरूले कामीले भनेझैं गरे र अन्तमा पिन मर्मत गर्न सफल भए । भोलिपल्ट तिनीहरूले अति खुसीले गद्‌गद् र गर्वले प्रफुल्लित भई पिन सबैलाई देखाउँदै उफ्रीउफ्री यताउता दौडे । हुन त तिनीहरूले पिन मर्मत गर्न सक्ने कुरोमा खूद सेना नायक किम इल सङलाई पनि विश्वास थिएन । यो दृश्य देखेर उहाँ खुसी र आश्चर्यचकित हुनुभयो । यो दृश्य आत्म-विश्वास र आत्म-निर्भरताको एउटा सशक्त दृष्टान्त र महान् प्रदर्शन थियो । यसै घटनालाई लिएर उहाँ भन्ने गर्नुहुन्थ्यो, "एउटा राइफलको पिन कुनै ठुलो कुरो होइन, एउटा राइफलको पिन मर्मत गरुन्जेल त दसौं ओटा राइफल कब्जा गर्न सकिन्छ । यद्यपि, यो पिन मर्मत गरिएको घटनाबाट सिकेको पाठले हाइड्रोजन बमले भन्दा पनि बढी शक्ति प्रदान गर्छ ।"

मानव जातिको विकासको इतिहासलाई मार्क्स र एङ्गेल्सले वर्गसङ्घर्षको इतिहासको रूपमा सही व्याख्या गर्नुभयो । यहाँ नेर के पनि भन्न सकिन्छ भने मानव जातिको इतिहास वर्गसङ्घर्षको मात्र इतिहास नभईकन मानवले आफ्नो निम्ति आफैले आविष्कार, रचना र दक्षता हासिल गर्ने इतिहास हो ।...

यस्तै मानव जातिको इतिहास आम जनताले आफ्नो स्वतन्त्रताको रक्षा गर्ने सङ्घर्षको इतिहास हो । यस दृष्टिकोणबाट हामी के भन्न सक्छौं भने आत्मनिर्भरता अति नै शक्तिशाली शक्ति हो । यसैले नै इतिहासको विकासलाई अघि बढाएको छ । यदि मान्छेहरू ईश्वरको अनुकम्पा, 'ईश्वरको रचना' मा मात्र विश्वास गरेर केही नगरी बसेको भए आज पनि मान्छेहरू त्यही जङ्गली युग मै हराउँदो हो ।

त्यसबेला मार्क्सवाद र वर्गसङ्घर्षको इतिहासबाट निकै प्रभावित कम्युनिस्ट कार्यकर्ताहरूले कुनै धनी मान्छे वा कुनै धनी मान्छेको छोरा वा छोरी भन्नासाथ जो भए पनि अविश्वास र घृणा गर्ने गर्थे । धनी वा गरिब जे भए पनि सिद्धान्त, विचार, व्यवहारमा उसको निष्ठा कस्तो छ त्यसमा विचार गर्दैनथे । किम इल सङलाई आफ्ना कामरेडहरूको यस प्रकारको कोरा सिद्धान्तवादी प्रवृत्तिविरुद्ध पटक-पटक सङ्घर्ष गर्नुपरेको थियो । किम इल सङका अति निकटम सहयोद्धाहरूमध्ये चाङ्ग वेई ह्वा पनि एक हुनुहुन्थ्यो । चाङ्ग वेई ह्वा चिनियाँ नागरिक हुनुहुन्थ्यो । उहाँ फुसोङ्गमा बस्नु हुनुहुन्थ्यो । उहाँको जन्म निकै सम्पन्न परिवारमा भएको थियो । उहाँको घरमा सम्पत्ति सुरक्षा गर्न सेनाको पनि बन्दोबस्त थियो । ह्वा सोङ्ग युसिक विद्यालयमा कामरेड किम इल सङ र उहाँबिच मित्रता कायम भएको थियो ।

एकचोटि चाङ्ग वेई ह्वाले किम इल सङलाई सोध्नुभयो, "सोङ्ग जु, सामाजिक मर्यादामा (Social status) देखिने भिन्नता के सर्वोच्च शिखर सगरमाथाको उचाइ ठुलो कुरो हो ?" किम इल सङले मित्रलाई भन्नुभयो, "हाम्रो मित्रता अनि क्रान्तिको बाटोमा सामाजिक मर्यादाको विभेदले केही फरक पर्दैन । तपाईंको बुबाले तपाईंलाई कतै जान अनुमति दिनु हुन्न किनभने बुबा तपाईं घरबाट कतै टाढा गएको म पराउनु हुन्न ।" त्यसपछि चाङ्ग वेई ह्वाले भन्नुभयो, "सामाजिक मर्यादामा विभेदको कारणले गर्दा नै बुबाले मलाई नियन्त्रण गर्नुहुन्छ भने हाम्रो मित्रताको खातिर म आफै गरिब भइदिन्छु । म तपाईंको साथमै रहन्छु ।" यद्यपि, त्यस्तै त्यस्तै व्यावहारिक कारणले गर्दा चाङ्ग वेइ ह्वा किम इल सङको साथमा बस्न पाउनुभएन । फुसोङ्गको एउटा विद्यालयमा अध्यापन अनि फोटो खिच्ने व्यवसाय चलाउनु भई भित्रभित्रै हर किसिमबाट क्रान्तिलाई सघाउनु हुन्थ्यो । विभिन्न गतिविधि र लडाइँको बेला आर्थिक सङ्कट पर्दा उहाँले आर्थिक सहयोग गरिरहनुहुन्थ्यो । शत्रुमाथि हमला गरेर बन्दुक, राइफल कब्जा गर्न नमिल्ने अवस्थामा घरका मान्छेहरूलाई थाहै नदिइकन दर्जनका दर्जन बन्दुक र राइफल सेनालाई सुम्पिदिनुहुन्थ्यो । उहाँले लत्ता कपडाको व्यवस्था गरिदिनुहुन्थ्यो । यद्यपि, कतिपय कामरेडहरूलाई किम इल सङले चाङ्ग वेई ह्वासँग हेलमेल बढाउनुभएकोमा पटक्कै चित्त बुझेको थिएन । तिनीहरू धनी चाङ्ग वेई ह्वासँग सशङ्कित थिए । एकजना कामरेडले सेनापति किम इल सङलाई भनिहाल्यो, "कामरेड सेनापति, धनी मान्छेको छोरा चाङ्ग वेई ह्वालाई तपाईंले भेटघाट नगर्नु नै वेश होला कि ? तपाईं के भन्नुहुन्छ भने चाङ्ग वेई ह्वा तपाईंको प्राथमिक विद्यालयदेखिको साथी र केही वर्षदेखिको सङ्गठनको सदस्य हो, जे भए पनि वर्गीय स्वभाव फेरिँदैन । जे भए पनि ऊ शोषकवर्गको सन्तान हो ।" उत्तिखेर किम इल सङले भन्नुभयो, "तिमी वर्गीय चरित्रबारे भयभित भई कुरा गर्दै छौं, मानौं म नराम्रो धर ापमा फसेको छु । तर, तिम्रो कुरा मेरा अमूल्य मित्र चाङ्ग वेई ह्वाको अपमान र संयुक्त मोर्चाको हाम्रो नीतिको अपमान हो ।" त्यस कामरेडले भन्यो, "कामरेड सेनापति, हामी स्थानीय सङ्गठनहरूमा काम गर्दा हामीलाई वर्गचरित्र फेरिँदैन, त्यसो भएकोले कुनै पनि हालतमा धनी मान्छेहरूसँग मेलमिलाप गरिनु हुँदैन भनी निर्देशन दिइन्थ्यो । त्यसो भएर हामी जमिनदार र किसान, पुँजीपति र मजदुरबिचको वर्गसङ्घर्षको सिद्धान्तलाई मात्र विश्वास गर्छौं र शोषकवर्गबाट आएका कुनै पनि सदस्यलाई सङ्गठनबाट निकाला गर्ने नीतिलाई आत्मसात गर्छौं ।" त्यसपछि किम इल सङले निकै गम्भीर भई सम्झाउनुभयो, "शोषकवर्गविरुद्धको सङ्घर्ष वास्तवमा पूर्णरूपले सही छ । जमिनदार र पुँजीपतिहरू वर्ग शत्रु हुन् भन्ने कुरोमा म सहमत छु । तर, यहाँहरूले मनमा एउटा कुरो के राख्नुपर्छ भने सबै जमिनदार र पुँजीपतिहरूलाई एउटै दृष्टिकोणले मात्र हेर्नु हुँदैन । तीमध्ये कोही जमिनदार र पुँजीपतिहरू देशको माया गर्छन् र जापानीहरूसँग भिड्छन् । ... चाङ्ग वेई ह्वाले उनका निजी सेनाहरूले प्रयोग गर्ने दर्जनका दर्जन राइफल मलाई उपहार दिए । यहाँहरू सबैलाई थाहा भएकै कुरा हो एउटा राइफल पाउनको निम्ति हामीले कतिको मूल्य चुकाउनुपर्‍यो । एउटा राइफल कब्जा गर्न थुप्रै कामरेडहरूले बलिदान गर्नु परेको थियो । हामीले एउटा राइफलको निम्ति ज्यानको बाजी लगाउनुपर्ने बेलामा "जे भए पनि चाङ्ग वेई ह्वाले हामीलाई ४० ओटा राइफल दिए । तब, हामीले चाङ्ग वेई ह्वालाई किन विश्वास गर्न नसक्ने..." सेनापति किम इल सङले चाङ्ग वेई ह्वाजस्ता अरू पनि देशभक्त र विशाल हृदयका कामरेडहरूको उदाहरण दिएर कामरेडहरूको गलत उग्र-क्रान्तिकारी धारणालाई हटाई दिनुभयो ।

चाङ्ग वेई ह्वा भूमिगत कार्यमा व्यस्त हुँदा पक्राउ पर्नुभयो । फुसोङ्ग गुरिल्ला क्षेत्रको सदरमुकाम र अन्य गुरिल्ला कारबाहीको भेद खोल्न लगाउन उहाँलाई निर्मम यातना दिइयो । गुरिल्ला क्षेत्रको मुख्य प्रधान सैनिक कार्यालय ध्वस्त गर्ने शत्रुको लक्ष्य थियो । उहाँले चुपचाप यातनाको मुकाबिला गर्दै जानुभयो, तर गुरिल्ला क्षेत्रको सदरमुकाम र गुप्त लडाइँको योजनाको भेद खोल्नु भएन । उहाँले प्रहरीको आँखा छलेर "कोरियाली जनसेनाको प्रधान सैनिक कार्यालय र अखडा पत्ता लगाउन शत्रु जासुसहरू प्रस्थान गरिसकेका छन् । कृपया, सम्भव भएसम्म छिटो प्रधान सैनिक कार्यालय अन्त सारिहाल्नुहोस्" भन्ने व्यहोरा उल्लिखित पत्र किम इल सङलाई पठाउनुभयो । दिन पर दिन उहाँमाथि कठोरभन्दा कठोर यातना दिइँदै गयो । उहाँले आफू मरेर भए पनि किम इल सङको ज्यानको सुरक्षाको प्रत्याभूति गर्ने, जनरल किम इल सङसँगको विश्वास र मित्रताको मूल्यलाई प्रमाणित गर्ने र गुरिल्ला क्षेत्रलाई जोगाउने प्रण गरेको कुरो आफ्नी धर्मपत्नीलाई बताउनुभयो । उहाँले आफ्नै धर्मपत्नीको हातबाट फोटोको फिल्म धुन प्रयोग गरिने विषालु रासायनिक तत्त्व एक मात्रा प्राप्त गर्नुभयो । सन् १९३७ अक्टोबर २ को दिन उहाँले त्यो विषालु रसायनिक तत्वको एकमात्रा निलेर आत्म-बलिदान गर्नुभयो । त्यसबेला उहाँ २४ वर्षको मात्र हुनुहुन्थ्यो । महान् अन्तर्राष्ट्रवादी चाङ्ग वेई ह्वाको सम्झनामा किम इल सङ भन्ने गर्नुहुन्थ्यो, "न जीवन न मृत्यु नै सहज कुरो हो । आत्महत्या पनि सबैभन्दा कष्टपूर्ण मृत्युमध्ये एक हो । ... मात्र व्यक्तिगत कारणले आत्महत्याको घटना थुप्रै भएको छ । चाङ्ग वेई ह्वाले जस्तै अरूको निम्ति आत्म-बलिदान गर्नेहरू यस संसारमा विरलै होलान् । चाङ्ग वेई ह्वाको यो आत्म-बलिदान वीरतापूर्ण र पवित्र छ । प्रेम र विज्ञानको कुनै राष्ट्रिय सीमा नभएझैं चाङ्ग वेई ह्वा, नोभेचिन्को, चे गुएभारा र नर्मन बेथुनले प्रमाणित गर्नु भएजस्तै क्रान्तिकारीहरूको पनि कुनै राष्ट्रिय सीमा हुँदैन । चाङ्ग वेई ह्वा पनि विश्वको सामु एक महान् अन्तर्राष्ट्रवादी दृष्टान्त हुन् ।"

किम इल सङको नेतृत्वमा अनेकन् नागबेली कष्ट नै कष्टका बाटाहरू पार गर्दै कोरियाली क्रान्तिले अन्तमा सन् १९४५ अगस्त १५ को दिन जापानी साम्राज्यवादीहरूलाई परास्त गरी कोरियालाई मुक्त गर्‍यो । तर, अमेरिकी साम्राज्यवादी सेनाहरू कोरियाको दक्षिणी भागमा घुसे । सन् १९४५-१९५० को बिच जनताको माझमा जानु भई किम इल सङले चौतर्फी तीव्र समाजवादी निर्माणको नेतृत्व गर्नुभयो । त्यस क्रममा उहाँले सन् १९४५ अक्टोबर १० मा उत्तर कोरियाको कम्युनिस्ट पार्टीको केन्द्रीय सङ्गठन कमिटीको गठन गरी पार्टी स्थापनाको आजुलाई पूरा गर्नुभयो । सन् १९४६ फेब्रुअरी ८ मा प्रान्तीय जन सरकार, सन् १९४६ अगस्त २८ मा उत्तर कोरियाको मजदुर पार्टी, सन् १९४७ को फ्रेब्रुअरीमा कोरियामा पहिलो सर्वहारावर्गको सरकार स्थापना, सन् १९४८ फेब्रुअरी ८ मा कोरियाली क्रान्तिकारी जनसेनालाई नियमित सेना 'कोरियाली जनसेना' मा विकास गर्नुभयो । सन् १९४८ सेप्टेम्बर ९ मा 'प्रजातान्त्रिक जन-गणतन्त्र कोरिया' को स्थापनापछि उहाँ प्रजग कोरियाको राष्ट्रपति पदमा चुनिनुभयो ।

सन् १९५० देखि १९५३ को अमेरिकी साम्राज्यवादविरोधी महायुद्धमा राष्ट्रपति किम इल सङले कोरियाको जनसेना र जनतालाई शक्तिशाली नेतृत्व प्रदान गर्नुभयो र कोरियाली जनतालाई महान् विजय प्राप्त भयो । अमेरिकी साम्राज्यवादीहरूले बेइज्जतीपूर्ण हार भोग्नुपर्‍यो ।

कोरियाली जनताका राष्ट्रपति किम इल सङले महायुद्धको चरणपछि ३ दशक अनवरत समाजवादी निर्माणको साथसाथै कोरिया पुन: एकीकरण अभियान, विश्व कम्युनिस्ट आन्दोलनलाई सहयोग र साम्राज्यवादीहरूको नाकाबन्दी र युद्धको धम्कीविरुद्ध सङ्घर्ष गर्नुभयो ।

सन् १९९० अप्रिल २० को दिन प्योङयाङमा विश्वका विभिन्न देशका साम्राज्यवादविरोधी, प्रजातन्त्रवादी, कम्युनिस्ट र मजदुर पार्टीका प्रतिनिधिहरूको उल्लेखनीय सहभागितामा 'प्योङयाङ घोषणापत्र' जारी भयो । सोभियत सङ्घमा समाजवादको अस्थायी हार भएपछि पूर्वी युरोपमा पनि एकपछि अर्को समाजवादी व्यवस्थाको अस्थायी हार हुँदै जानुलाई साम्राज्यवादीहरूले समाजवाद मिथ्या हो भनी संसारभर होहल्ला मच्चाइरहेको बेला प्योङयाङ घोषणापत्रले विश्वभरि कम्युनिस्ट र समाजवादप्रति आस्थावान् जनताको मनोबललाई उठाइदियो । प्योङयाङ घोषणापत्र जारी गर्न प्रजग कोरियाले गरेको अगुवाइ कुनै पनि समाजवादी ठुलो र शक्ति राष्ट्रको भूमिका र साहसभन्दा कम थिएन ।

जीवनभर नथाकीकन समाजवाद र साम्यवादको निम्ति, कोरिया पुन: एकीकरणको निम्ति, साम्राज्यवादको विरोधमा रातदिन लाग्दालाग्दै वि.सं. २०५१ साल असार २४ गते ८३ वर्षको उमेरमा महान् नेता किम इल सङ अचानक बित्नुभयो । उहाँको देहावसानको शोक समाचारले प्रगतिशील संसार दु:खको सागरमा डुब्यो ।

***स्रोत - का. किम इल सङ : हाम्रो सम्झनामा***

भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५






***एसईई...***

उहाँले भक्तपुरले एसईईमा प्राप्त गरेको उपलब्धि प्रशंसनीय भए पनि आगामी वर्षहरूमा नतिजालाई अझ उत्कृष्ट बनाउन सबै पक्षले थप प्रयास गर्नुपर्नेमा जोड दिँदै एसईईपछि उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी बाहिरिनुपर्ने अवस्था अन्त्य गर्न भक्तपुर नगरपालिकाले आफ्नै मातहतमा विभिन्न कलेज सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

नगरपालिकाले विद्यालयहरूलाई नियमित अनुदान, शिक्षकका लागि आवश्यक तालिम, अनुसन्धान गर्ने शिक्षक तथा विद्यार्थीलाई अनुसन्धानवृत्तिका आर्थिक अवस्था कमजोर तर जेहनदार विद्यार्थीलाई छात्रवृत्तिलगायतका सुविधा उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले सर्वोत्कृष्ट विद्यार्थी सम्मानित गर्न पाउँदा अत्यन्त हर्षित भएको बताउनुभयो । उहाँले विद्यार्थीको मेहनत, अनुशासन र निरन्तर परिश्रमका कारण यो उपलब्धि हासिल भएको उल्लेख गर्दै यसमा विद्यालय, अभिभावक तथा शिक्षक-शिक्षिकाको योगदान पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले एसईई नै जीवनको अन्तिम गन्तव्य नभई उज्ज्वल भविष्य निर्माण गर्ने यात्राको सुरुआत मात्र भएको उल्लेख गर्दै आगामी अध्ययनमा पनि लगनशील, अनुशासित र लक्ष्यप्रति प्रतिबद्ध भएर अघि बढ्न विद्यार्थीहरूलाई शुभकामना दिनुभयो ।

भक्तपुर नगरपालिका-५ का वडा अध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र 'भक्तपुर' मासिकका सम्पादक लक्ष्मणराज जोशीले पुस्तकबारे समीक्षा प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा एभरेस्ट इ. स्कूलका प्रिन्सिपल भक्त राजभण्डारीले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी गुणस्तरीय शैक्षिक वातावरण निर्माण गरेको उल्लेख गर्दै भक्तपुरलाई शैक्षिक गन्तव्य बनाउने सोच देशभरका स्थानीय तहका लागि उदाहरणीय रहेको बताउनुभयो ।

४.० जीपीए प्राप्त एभरेस्ट इ. स्कूलका विद्यार्थी मनोज्ञ जोन्छेँ र वागीश्वरी माविकी सुविना श्रेष्ठले आफ्नो सफलतामा मार्गदर्शन गर्ने अभिभावक, विद्यालय, शिक्षक-शिक्षिका तथा भक्तपुर नगरपालिकाप्रति हार्दिक धन्यवाद गर्दै सबैको निरन्तर सहयोग, प्रेरणा र अनुकूल शैक्षिक वातावरणका कारण उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको बताउनुभयो ।

कार्यक्रममा शिक्षा शाखाका प्रमुख साधुराम फुयालले स्वागत मन्तव्य राख्दै नगरपालिकाले उत्कृष्ट विद्यार्थी र विद्यालयलाई सम्मान गर्दै शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने तथा गुणस्तरीय शिक्षाको विकासमा थप प्रेरणा प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

**विद्यार्थी सम्मान**

कार्यक्रमका प्रमुख अतिथि प्रेम सुवालले शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४.०० जीपीए प्राप्त गरी उत्कृष्ट नतिजा हासिल गरेका १३ जना विद्यार्थीलाई सम्मान गर्नुभयो ।

सम्मानित हुने विद्यार्थीमध्ये सैनिक आवासीय महाविद्यालयका सर्वाधिक ४ जना विद्यार्थी रहेका छन् । त्यसैगरी एभरेस्ट इङलिस स्कूल र मेधा माध्यमिक विद्यालयबाट २/२ जना तथा वागीश्वरी माध्यमिक विद्यालय (नियमित), महेन्द्र विद्या आश्रम, जेन्युइन इङलिस सेकेन्डरी स्कूल र गोल्डेन गेट इङलिस सेकेन्डरी स्कूल र राजश्री गुरुकुलबाट १/१ जना विद्यार्थी सम्मानित भएका थिए ।

विद्यालयगत रूपमा सम्मानित हुने विद्यार्थीहरूमा सैनिक आवासीय महाविद्यालयका विविसा भण्डारी, रोमी भुजु, समृद्धि काफ्ले र सिद्धिका कँडेल, एभरेस्ट इङलिस स्कूलका नुटन राई र मनोज्ञ जोन्छेँ, मेधा माध्यमिक विद्यालयका प्रनिस ढुङ्गेल र सेनिस आचार्य, वागीश्वरी माध्यमिक विद्यालय (नियमित) का सुविना श्रेष्ठ, महेन्द्र विद्या आश्रमका एन्जेलिना दुवाल, जेन्युइन इङलिस सेकेन्डरी स्कूलका विन्दी थापामगर, गोल्डेन गेट इङलिस सेकेन्डरी स्कुलका रुवि साह मानन्धर र राजश्री गुरुकुलका अश्लेसा खड्का रहेका छन् ।

**विद्यालय सम्मान कार्यक्रम**

सोही क्रममा शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गर्दै शतप्रतिशत उत्तीर्ण गराउन सफल ७ वटा विद्यालयलाई सम्मान गरिएको थियो । सम्मानित हुने विद्यालयमध्ये मेधा माध्यमिक विद्यालय, पद्म माध्यमिक विद्यालय (सिभिल), मिनर्वा इ. सेकेन्डरी स्कूल, सूर्यविनायक इ. स्कूल, होली गार्डेन इ. सेकेन्डरी स्कूल, बाल विकास इ. सेकेन्डरी स्कूल र लनर्स एकेडेमी रहेका छन् ।

---

**समावेशी...**

कलेज अफ लका प्राचार्य अनिता जधारीले कलेज छनोट गर्दा आकर्षक विज्ञापनको आधारमा नभई कलेजको गुणस्तर, योग्यता, शैक्षिक उपलब्धि र उत्पादन गरेका जनशक्तिलाई आधार बनाएर छनोट गर्नुपर्नेमा जोड दिनुभयो । निजी कलेजका झिलिमिली र आकर्षक विज्ञापनको पछि नलागी आफ्नो रुचि, क्षमता र भविष्यलाई ध्यानमा राखेर अध्ययन संस्थाको छनोट गर्न उहाँहरूले विद्यार्थीलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा विद्यार्थी प्रतिनिधिहरूले आफ्नो अध्ययन अनुभव, आगामी शैक्षिक यात्राका योजना तथा शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको प्रारम्भमा ख्वप माध्यमिक विद्यालयका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले स्वागत मन्तव्य व्यक्त गर्दै कक्षा १२ को अध्ययन सफलतापूर्वक सम्पन्न गरेका विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा यस वर्षको नेपाल टप विद्यार्थी अतुल अधिकारीलाई सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

---

**वाग्मती...**

**प्रदेशले आफ्नै खुट्टाले टेक्ने प्रयास गरेको खोइ ?**

त्यस्तै वाग्मती प्रदेश सरकारद्वारा प्रस्तुत बजेटमाथिको छलफल असार १८ गते सुरु भयो । आर्थिक मामिलामन्त्री प्रभात तामाङद्वारा प्रस्तुत बजेट वक्तव्यमाथि असार १७ गते छलफल भएको हो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विगत ८-९ वर्षदेखि नेमकिपाले हरेक सरकारलाई रचनात्मक सुझाव दिँदै शिक्षा, स्वास्थ्य, कृषि, संस्कृति-सम्पदा तथा रोजगारी वृद्धिमा विशेष जोड दिनुपर्ने विचार राख्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "प्रदेशप्रति जनताका धेरै गुनासा छन् । प्रदेशले आफ्नै खुट्टाले टेक्ने प्रयास गरेको खोइ ? प्रदेश सरकारले आम्दानी बढाउन आयका स्रोतको पहिचान गर्ने तथा बढाउने काम गर्न किन सकेन ? आत्मनिर्भर नबनेसम्म प्रदेशप्रति जनविश्वास बढ्ने छैन ।"

प्रदेश सांसद गोसाईले सन्तुलित विकास तथा अधिकार र सेवाको विकेन्द्रीकरण सङ्घीयताको मूल मर्म भएको चर्चा गर्दै बजेटको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हुने धारणा राख्नुभयो । हालसम्मको कुनै पनि बजेटको कार्यान्वयन पक्ष र परिणाम अत्यन्त कमजोर रहेको उहाँले चर्चा गर्नुभयो ।

प्रदेश सांसद गोसाईले गरिबी उन्मूलनसम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको अनुभव अत्यन्त प्रेरणादायी हुने चर्चा गर्दै चिकपाको १०५ औँ स्थापना दिवसको शुभकामना दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले सर्वसाधारण नेपाली जनताको अवस्था अत्यन्त कमजोर रहेको चर्चा गर्दै बजेट जनमुखी बन्न नसकेको प्रस्ट पार्नुभयो ।

आर्थिक मामिलामन्त्री प्रभात तामाङले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो । असार १७ गते नै मन्त्री तामाङले विनियोजन विधेयक पेस गर्नुभयो । त्यसमाथिको छलफल असार १८ गते प्रारम्भ भयो । बजेटमाथि छलफल भइरहँदा नेपाली काङ्ग्रेसभित्रको बहादुर सिं लामाको गुटले बहिष्कार गरेको व्यापक चर्चा छ ।

---

**एकक्षण** | **प्रधान**

# राजनीति, पत्रकारिता र कर्मचारी समुदायको भविष्य

समाजमा वर्ग देखिएपछि शासकवर्गले सबै दलित-पीडित र कमजोर समूह र भाषाभाषीहरूलाई दबाउँदै र कज्याउँदै गयो । दास युगको अन्त र सामन्तवादको सुरु सुरुको अवस्थामा दास मालिक र उठ्दो सामन्त वर्गको बिचमा वैचारिक र भौतिक सङ्घर्ष भए ।

यसरी विभिन्न महादेश र क्षेत्रहरूमा फरक फरक धर्महरूको विकास हुँदै गयो । सूर्य उडाउने र सूर्य डुब्ने, चन्द्रमाको फरक फरक रूप र प्रकाश ( चाँदनी) को विषयमा किन, कसरी भयो भनी मानिसहरूले चिन्तन गर्न थाले । आकाशबाटै वा माथिबाटै सबै भएको अनुभव गर्नै थाले । बिजुली चम्कँदा र मेघ गर्जँदा आज केटाकेटी डराएजस्तै त्यसबेलाका मानिसहरू पनि आश्चर्य र तर्सन्थे होलान् । पछि पछि तिनीहरूले त्यसबेला राम्रा र तर्साउने दुई पक्ष भएको चाल पाए । घाम-पानी, चन्द्रमा, जूनको शितल र मनोहर पक्ष, अनि पशुहरू धपाउने र डराउने आगो र पानीबाट पाउने माछा र अन्य जलचरहरूबाट राम्रो गरेको हुनाले तिनीहरूले सूर्य-चन्द्र, आगो र पानी जस्ता राम्रा पक्षलाई पूजा गरे जस्तो आफूले खाने हरेक कुरा तिनीहरूलाई पनि चढाउन जाने भए ।

तर, बिजुली चम्कने, मेघ गर्जन, चट्याङ्ग आदिबारे तिनीहरूले सम्भवत: आफूहरूले खाएको वस्तु तिनीहरूलाई नचढाएको हुँदा रिसाएको अनुमान गरी तिनीहरूलाई पनि थोरै भाग पन्छाउन थाले । त्यसैबाट भूत प्रेत मन्छाउने र तिनीहरूको रिस शान्त पार्न पूजा गर्न थाले । यसरी मानिसको अज्ञानता र त्रासले ईश्वर, भगवान वा राम्रो, गुनिलो वस्तुको रूपमा सूर्य-चन्द्र र आगो र पानीलाई देवताको रूपमा पूजा गर्न थाले ।

त्यही अनुसार चट्याङ्ग, मेघ गर्जन र बिजुलीको चम्काइलाई भूत-प्रेत वा नकारात्मक 'देउता' भनी पूजा र प्रसाद अर्पण गर्न थाले । आश्चर्य त नेवारले भोखाद्यो (भूकम्पका देवता) अनि, छेरावती रोग र विफरको देवता भनी 'सीतला माजू' लाई पूजा गर्ने गर्छन् ।

यस्तै यस्तै अनुमान, डर र त्रासहरूबाटै देवटा र भूतप्रेतबारे अनेक कथाहरू कथ्दै 'साहित्य' को रूपमा लियो होला ।

हजारौँ हजार वर्षभन्दा पहिले अथवा इतिहासभन्दा पहिले हरेक जात, जाति र भाषाभाषीहरूले झारफुक, वैद्य, झाक्री र लामा हुँदै अनेक कथाहरू कथ्दै गए । ती नै फरक फरक जाति र समूहमा आ-आफ्नै कथाहरू हुँदै मानिस सभ्यताको चरणमा पुग्दा रामायण, महाभारत र अनेक राजामहाराजा, महादेव र सतीदेवीजस्ता अनेक अनेक साहित्यको रचना हुँदै गए ।

ती साहित्य जस्तै ईश्वर र स्वर्ग, धर्म र कर्मबारे फरक फरक विचारहरू पनि देखिन थालियो । सामन्तवादको अन्ततिर तथा वाणिज्य व्यवसायको युगमा पुग्दा 'ईश्वर र स्वर्ग' जस्ता छ र छैन भने ज्ञानको बारेमा चर्चा हुन थाल्यो । महावीर वर्धमान, बौद्ध शिक्षा, अन्य भौतिकवादी दर्शनहरू पनि देखिँदै गए होलान् । महाभारत कालमै चार्वाक, कपिल आदि भौतिकवादी दार्शनिक वा महावीरहरूले शास्त्रास्त्र गर्दै प्रचार कार्य सुरु गरे होला्न, पछि पछि गाउँ गाउँ, चौतारी र टोल-टोलमा रामायण, महाभारत र अन्य कथा वाचन हुन थालियो ।

यसैको सिलसिला पत्रकारितामा परिणत भयो । आज पनि दैनिक, साप्ताहिक र अन्य पत्रपत्रिकाका कथाहरूमा छापिँदै पनि छन् र राज्य र कम्पनी एवं व्यापारका प्रचार पनि हुँदै छन् । ती प्रचारहरू वैष्णवी, शैव आदि धार्मिक सम्प्रदायमा प्रचार पनि आजकै पत्रपत्रिका र जनसभाहरू हुन् । आजको युगमा राजनीतिक दलहरूको पत्रिका व्यापक हुँदै गयो आ-आफ्नो प्रचारको निम्ति यदि त्यस बेलाको प्रचार गर्ने चलन नभएको भए रावणका भाइ विभीषण, मेघदूत र अर्जुन र कर्णजस्ता वीरहरूको नाम निशानामै हुने थिएन । त्यस्तै 'मजदुर' दैनिक र 'साप्ताहिक श्रमिक' पनि हुने थिएन ।

आजका राजनीतिक कार्यकर्ताहरू एक आदर्श समाजलाई मूर्तमान गर्न खाई नखाई सेवा गर्दै छन् भने, चतुर र स्वार्थी कार्यकर्ताहरू व्यक्तिगत निश्चित समूहको हितको निम्ति शासक पार्टी बनाई मन्त्री बन्न पुग्छन् ।

तर तिनीहरूलाई नै सहयोग गर्न कलमका पल्टन 'कर्मचारी र कर्मचारीतन्त्र' को विकास भयो । यो पक्ष भए बिचको भाग खाने, नभए सबैलाई भिडाउने सामर्थ राख्छन् । सारा जनता अनिकालले मर्न लागे पनि कर्मचारीहरू भत्ता बढाउँदै जनतालाई मुर्ख बनाउने छन् । साँच्चै लडाईंहरू चर्के भने तिनीहरू पनि भोकै मर्ने छन्, तलब दिने भाँडोमा गोली-बारुद हुने छन् । अन्तमा त्यो पक्षले पनि सत्यको पक्ष लिनु बाध्य हुनेछ ।

---

**कविता**

# भष्टाचार रोकिने कसरी ?

**• प्रीति**

*उपभोक्ता समिति होस्*
*ठेकादार नै किन नहोस्*
*अख्तियार नै त्यँहा होस्*
*विकास र निर्माणहरू*
*बलियो हुन्छ कसरी ?*
*भ्रष्टाचार, अनियमित*
*घट्ने, रोकिने कसरी ?*
*सरकारका सबै अङ्ग*
*नि:स्वार्थ नभएसम्म !*

*द्रुत मार्ग किन ?*
*चार खर्ब रुपैयाँ भए*
*देशमा धेरै शहर बन्थे*
*द्रुतमार्ग चाहियो किन ?*
*खोकनाको संस्कृति*
*बिगार्ने र मास्ने किन ?*
*ठेक्का दिई सेनालाई*
*विवादमा तान्ने किन ?*
*डोजर, टीपर चलाई*
*बस्ती उठाउने किन ?*

*(२०८३ असार २२)*

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३